*अन्तिम मस्यौदा*

# उद्यम व्यवसाय प्रवर्द्धन, दर्ता, नियमन तथा सुविधा सहुलियतसम्बन्धी

# जानकारी पुस्तिका

## (सन्दर्भ सामग्री)



### सिरानचोक गाउँपालिका

गण्डकी प्रदेश

२०७७, मंसिर

# भूमिका

सिरानचोक गाउँपालिकाको उद्यम व्यवसाय (स्थापना तथा सञ्चालन) सम्बन्धी कार्यविधि, २०७७ को कार्यान्वयनमा सघाउने गरी यो उद्यम व्यवसाय प्रवर्द्धन, दर्ता, नियमन तथा सुविधा सहुलियतसम्बन्धी जानकारी पुस्तिका (सन्दर्भ सामग्री) समेत तयार गरिएको छ । यसमा उद्यम व्यवसाय सम्बद्ध संघीय, प्रदेश र स्थानीय ऐन तथा कार्यविधिहरूको व्याख्यात्मक विवेचना गरिएको छ । यसले गाउँपालिकाका पदाधिकारीहरू, उद्यमी तथा व्यवसायीलगायत अन्य सरोकारवालाहरूलाई उद्यम व्यवसायको दर्ता, नवीकरण, नियमन र सुविधा सहुलियत सम्बद्ध प्रावधानहरूबारे स्पष्ट, सहज एवं पारदर्शी रूपमा बुझ्नमा सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ । यो जानकारी पुस्तिका तयार गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा प्रकाशित गाउँपालिका/नगरपालिका व्यवसाय करसम्बन्धी कार्यविधि, २०७६ (नमुना) लाई पनि सन्दर्भ लिइएको छ । यस कार्यविधिको प्रारम्भिक मस्यौदा सम्बन्धमा मिति २०७७ भदौ २६ गतेका दिन गाउँपालिकाका सरोकारवाला पदाधिकारीसँग सम्पन्न भएको दूरसञ्चार प्रविधि (जुम) प्रस्तुति तथा छलफलमा सरोकारवालाहरूबाट प्राप्त सुझावहरूलाई समेत समेटेर परिमार्जित मस्यौदा तयार गरिएको थियो । यसैगरी परिमार्जित मस्यौदाका सम्बन्धमा मिति २०७७ असोज २६ गतेका दिन गाउँपालिकाको पदाधिकारीका साथै निजी क्षेत्र र नागरिक समाजका पदाधिकारीहरूको उपस्थितिमा गाउँपालिकामा भएको अन्तरक्रियामा प्राप्त सुझावहरूसमेतलाई उपयुक्तताअनुसार समेटेर यो अन्तिम मस्यौदा तयार गरिएको छ ।

बेलायत सरकारको पूर्णिमा परियोजनाका लागि मोट म्याकडोनाल्ड कम्पनीसँग भएको सम्झौताअन्तर्गत यो जानकारी पुस्तिका पूरक रूपमा तयार गरिएको हो । यस कार्यमा सघाउनु हुने गाउँपालिकाका अध्यक्ष श्री राजु गुरुङ, उपाध्यक्ष श्री रीता देवकोटा, प्रमुख प्रशासकीय अधिकृत श्री राजन भट्टराई तथा अन्य पदाधिकारी तथा कर्मचारीहरू सबैलाई धन्यवाद दिन चाहन्छौं । यसैगरी यस महत्वपूर्ण कार्यमा समन्वय तथा सहजीकरण गर्नु हुने पूर्णिमा परियोजनाका श्री सन्तोष विष्ट, श्री रवीन्द्रबहादुर सिंह, श्री विकास पन्थी, श्री अर्जुन विश्वकर्मा, श्री शेरबहादुर बोहरालगायत सम्पूर्ण टोलीलाई विशेष धन्यवाद व्यक्त गर्दछौं ।

**सेन्टर फर इम्पावरमेन्ट इनोभेसन एन्ड डेभलपमेन्ट**
**(CEMID-Nepal)**
**एकान्तकुना, जावलाखेल, ललितपुर**

**२०७७, मंसिर**

# विषयसूची

## परिच्छेद- १
## प्रारम्भिक


| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | जनसांख्यिक तथा भौगोलिक स्थिति | १ |
| १.३ | आर्थिक स्थिति | २ |
| १.४ | उद्यम व्यवसाय सम्बद्ध समस्या, चुनौती र सम्भावनाहरू | ६ |
| | १.४.१ समस्या तथा चुनौतीहरू | ६ |
| | १.४.२ सम्भावना तथा अवसरहरू | ७ |


## परिच्छेद- २
## उद्यम व्यवसायसम्बन्धी निर्देशिकाको उद्देश्य, आधार तथा दायरा


| | | |
|---|---|---|
| २.१ | उद्यम व्यवसाय निर्देशिकाको उद्देश्य | ९ |
| २.२ | उद्यम व्यवसाय निर्देशिकाको आधार | ९ |
| २.३ | उद्यम व्यवसायको किसिम | ९ |
| | २.३.१ उद्योग व्यवसाय | १० |
| | २.३.२ व्यापार व्यवसाय | १० |
| | २.३.३ सहकारी व्यवसाय | १० |
| २.४ | उद्यम व्यवसायको कानूनी स्वरूप | १० |
| २.५ | उद्यम व्यवसाय दर्ता तथा नवीकरण र सोका लागि शुल्क वा दस्तुर बुझाउनुपर्ने | ११ |
| २.६ | गाउँपालिकाको विषयगत ऐनको आधारमा उद्यम व्यवसायको दर्ता तथा नवीकरण र दस्तुर | १३ |
| २.७ | उद्यम व्यवसायको नवीकरण, नामसारी, नाम/उद्देश्य/पुँजी परिवर्तन, स्थानान्तरण | १४ |
| २.८ | उद्यमशीलता प्रवर्द्धन तथा सहजीकरण समितिको व्यवस्था | १४ |
| २.९ | लघु उद्यमीका लागि विशेष व्यवस्था | १६ |
| २.१० | विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका व्यक्ति तथा महिला उद्यमीका लागि विशेष व्यवस्था | १७ |
| २.११ | उद्यमशीलता प्रवर्द्धन कोषको व्यवस्था | १७ |
| २.१२ | उद्यम व्यवसायलाई सुविधा तथा सहुलियत | १८ |

# परिच्छेद- ३
# उद्योग व्यवसायसम्बन्धी प्रावधानहरू


३.१ उद्योगको वर्गीकरण १९

३.१.१ उद्योगको वर्गीकरण (पुँजी लगानी तथा विशेषताको आधारमा) २०

३.१.२ उद्योगको वर्गीकरणका लागि स्थिर पुँजीको मूल्यांकन आधार २०

३.१.३ उद्योगको वर्गीकरण सम्बन्धमा संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ अनुपालनाको आधार २०

३.१.४ उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा वर्गीकरण २०

३.२ उद्योगको दर्ता तथा नवीकरण २२

३.२.१ उद्योग दर्ताका लागि सिफारिसका लागि सम्बन्धित वडासमक्ष निवेदन दिनुपर्ने २२

३.२.२ उद्योग दर्ताका लागि वडासमक्ष सिफारिसका लागि निवेदन दिँदा पेस गनुपर्ने निवेदन तथा कागजातहरू २२

३.२.३ उद्योग दर्ताका लागि गाउँपाालिकामा वडाको सिफारिससहित प्राप्त निवेदनमाथिको कारबाही २३

३.२.४ गाउँपालिकामा दर्ता हुने लघु, घरेलु र साना उद्योगको प्रमाणपत्र दिनुपर्ने २३

३.२.५ सहकारी क्षेत्रमा उद्योग दर्ता तथा सञ्चालन २४

३.२.६ दर्ता नभई सञ्चालनमा रहेका लघु, घरेलु र साना उद्योगलाई औपचारिक दायरामा ल्याउन पहल गर्नुपर्ने २४

३.२.७ मझौला तथा ठूला उद्योग दर्ताका लागि गाउँपालिकाको सिफारिस २५

३.२.८ संघीय स्तरबाट दर्ता हुने मझौला तथा ठूला उद्योग २५

३.२.९ प्रदेश स्तरबाट दर्ता हुने मझौला तथा ठूला उद्योग २५

३.३ उद्योग सञ्चालन र व्यावसायिक उत्पादन वा कारोबारको जानकारी दिनुपर्ने २६

३.४ उद्योगको स्थानान्तरण वा अन्य हेरफेर गर्दा स्वीकृति लिनुपर्ने २६

३.५ उद्योग बन्द गरेमा जानकारी गराउनुपर्ने २७

३.६ उद्योग व्यवसायको नवीकरण तथा दर्ता खारेजी २७

३.६ (क) उद्योग व्यवसायको नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण २८

३.६ (ख) गाउँपालिकाको विषयगत ऐनबमोजिम उद्योग व्यवसाय दर्ता, नवीकरण, खारेजी, नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण २८

३.७ उद्योगको अनुगमन तथा निरीक्षण गर्ने २८

३.८ उद्योगलाई उपलब्ध हुने कर तथा गैरकर छुट र अन्य सुविधा सहुलियत २९

३.८.१ गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायले संघीय कानूनबमोजिम पाउने कर छुट, सुविधा तथा सहुलियत ३०

३.८.१(क) गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायले संघीय औद्योगिक व्यवसाय ऐनबमोजिम पाउने कर छुट, सुविधा तथा सहुलियत ३०

३.८.१(ख) गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायले संघीय आर्थिक ऐनबमोजिम पाउने कर छुट, सुविधा तथा सहुलियत ३३
३.८.१(ग) गाउँपालिकामा दर्ता भएका सहकारी उद्योग व्यवसायले संघीय सहकारी ऐनबमोजिम पाउने कर छुट, सुविधा तथा सहुलियत ३७
३.८.१(घ) सहकारी उद्योग व्यवसाय सम्बद्ध गाउँपालिकाको छुट, सुविधा र सहुलियत ३९
३.८.१(ङ) गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायले संघीय कानून बमोजिमका कर छुट, सुविधा तथा सहुलियत प्राप्तिको कार्यविधि ३९
३.८.२ गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायले प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिमका कर छुट, सुविधा तथा सहुलियत ४०
३.९ उद्योगहरूले विवरण पेस गर्नुपर्ने ४०
३.१० उद्योगहरूको अभिलेख व्यवस्थापन ४१

## परिच्छेद- ४
## व्यापार उद्यमसम्बन्धी विद्यमान प्रावधानहरू

४.१ व्यापार उद्यमको पृष्ठभूमि ४२
४.२ व्यापार उद्यमको किसिम ४२
४.३ व्यापार उद्यमको वर्गीकरण ४३
४.४ व्यापार उद्यमको दर्ता तथा नवीकरण ४३
४.४.१ गाउँपालिकामा व्यापार उद्यम दर्ताका लागि सिफारिसका लागि सम्बन्धित वडासमक्ष निवेदन दिनुपर्ने ४३
४.४.२ व्यापार उद्यम दर्ताका लागि वडासमक्ष सिफारिसका लागि निवेदन साथ पेस गर्नुपर्ने कागजातहरू ४४
४.४.३ व्यापार उद्यम दर्ताका लागि गाउँपालिकामा वडाको सिफारिस सहित प्राप्त निवेदनमाथिको कारबाही ४४
४.४.४ गाउँपालिकामा दर्ता हुने व्यापार उद्यमको प्रमाणपत्र दिनुपर्ने ४५
४.५ गाउँपालिकामा दर्ता नभई सञ्चालनमा रहेका व्यापार उद्यमलाई औपचारिक दायरामा ल्याउन पहल गर्नुपर्ने ४६
४.६ गाउँपालिकामा दर्ता भई सञ्चालन भएका व्यापार उद्यमले पाउने छुट, सुविधा तथा सहुलियत ४७
४.७ सहकारी व्यापार व्यवसाय सम्बद्ध गाउँपालिकाको छुट, सुविधा र सहुलियत ४८
४.८ व्यापार उद्यमले विवरण पेस गर्नुपर्ने ४८
४.९ व्यापार उद्यमको अभिलेख व्यवस्थापन ४८
४.१० व्यापार उद्यमको अनुगमन तथा निरीक्षण गर्ने ४९

## परिच्छेद- ५
## स्थानीय तहमा उद्यम व्यवसाय दर्ता, नवीकरण, खारेजी तथा नियमनसम्बन्धी कार्यविधिहरूमा स्पष्टता


५.१ उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमनसम्बन्धी प्रावधानहरू ५०
५.२ उद्यम व्यवसाय दर्ता, नियमनलगायतका कार्यहरूमा सहजीकरणका लागि प्रस्तावित सुझावहरू ५०
५.३ सहकारी संस्थाको स्वामित्व रहने गरी उद्योग व्यवसाय दर्ता सम्बन्धमा ५१
५.४ व्यापार व्यवसायको दर्ता, नवीकरण, खारेजी र नियमन सम्बद्ध प्रावधानहरू ५१
५.५ व्यापार व्यवसाय दर्ता, नियमनलगायतका कार्यहरूमा सहजीकरणका लागि प्रस्तावित सुझावहरू ५१
५.६ उद्योग व्यवसाय दर्तालगायतका कार्यहरूका लागि अधिकार प्रत्यायोजन सम्बन्धमा ५२
५.६.१ संघीय संरचना ५२
५.६.२ प्रदेश संरचना ५२
अनुसूची- १ : उद्यम व्यवसाय दर्ताका लागि दिने निवेदनको ढाँचा ५३
अनुसूची- १(क): साना/मझौला/ठूला उद्योग व्यवसायका लागि परियोजना विवरण ५४
अनुसूची- १(ख): लघु उद्यम तथा घरेलु उद्योगसम्बन्धी विवरण ५५
अनुसूची- १(ग): व्यापार व्यवसायसम्बन्धी विवरण ५६
अनुसूची- २ : उद्यम व्यवसाय दर्ता प्रमाणपत्रको ढाँचा ५७
अनुसूची- २(क): नवीकरणसम्बन्धी विवरण ५८
अनुसूची- ३ : उद्यम व्यवसाय नवीकरण गर्नको निमित्त दिने दरखास्तको ढाँचा ५९
अनुसूची- ४ : उद्यम व्यवसायको नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण गर्नको निमित्त दिने दरखास्तको ढाँचा ६०
अनुसूची- ५ : उद्यम व्यवसायको नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण स्वीकृतिको ढाँचा ६१
अनुसूची- ६ : उद्यम व्यवसायको अभिलेख ढाँचा ६२
अनुसूची- ७ : घरेलु उद्योग ६३
अनुसूची- ८ : ऊर्जामूलक उद्योग ६४
अनुसूची- ९ : कृषि तथा वन पैदावारमा आधारित उद्योग ६५
अनुसूची- १० : पूर्वाधार उद्योग ६६
अनुसूची- ११ : पर्यटन उद्योग ६७

| | | |
|---|---|---|
| अनुसूची- १२ : | सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग | ६८ |
| अनुसूची- १३ : | सेवामूलक उद्योग | ६९ |
| अनुसूची- १४ : | अनुमति लिनुपर्ने उद्योगहरू | ७२ |
| अनुसूची- १५ : | राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग | ७३ |
| अनुसूची- १६ : | व्यापार व्यवसायको अभिलेख ढाँचा | ७४ |

# परिच्छेद- १
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

सिरानचोक गाउँपालिका गण्डकी प्रदेशअन्तर्गत गोरखा जिल्लामा पर्दछ। यो गाउँपालिका साबिकको केराबारी, थालाजुङ, छोप्राक, हर्मी, गाँखु, श्रीनाथकोट र जौवार गा.वि.स. समेटिएर बनेको हो। यस गाउँपालिकाको कुल क्षेत्रफललाई आठवटा वडामा विभाजन गरिएको छ। सिरानचोक गाउँपालिका वि.सं. २०७४ को फागुनबाट सञ्चालनमा आएको हो। यस गाउँपालिकाको केन्द्र छोप्राकमा अस्थायी रूपमा अवस्थित छ। यस गाउँपालिकामा उद्यम व्यवसायको विद्यमान स्थिति, सम्भावना र अँगाल्नुपर्ने कार्यविधिहरूबारे विवेचना गर्नुअघि यस गाउँमा उद्यमशीलता विकासका लागि प्रत्यक्ष सरोकार रहने गाउँपालिकाको मौजुदा जनसांख्यिक, भौगोलिक, सामाजिक तथा आर्थिक स्थितिबारे संक्षेपमा समीक्षा गरिनु सान्दर्भिक हुनेछ। यस गाउँपालिकामा उद्यम व्यवसाय प्रवर्द्धनका लागि प्रत्यक्ष एवं परोक्ष रूपमा सरोकार राख्ने जनसांख्यिक, भौगोलिक तथा आर्थिक स्थिति विश्लेषणका लागि वि.सं २०६८ को जनगणना, घरधुरी सर्वेक्षण, २०७६ र गाउँपालिकाको आधिकारिक प्रकाशन र स्थलगत सर्वेक्षणको आँकडालाई आधार मानिएको छ।

## १.२ जनसांख्यिक तथा भौगोलिक स्थिति

सिरानचोक गाउँपालिकाको क्षेत्रफल १२१.६६ वर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकाको जनघनत्व १९४.२ वर्ग किलोमिटर रहेको छ। सिरानचोक गाउँपालिका अक्षांश २८°0' ४४.३८" देखि २८°९' ३०.९७" र देशान्तर ८४°३0' ४0.६१" देखि ८४°३९' ५८.९९" मा अवस्थित छ। यसको औसत उचाइ ४३४ मि. देखि १९७३ मि. सम्म (समूद्र सतहबाट) रहेको छ। यसको सिमानामा पूर्वतर्फ अजिरकोट र बारपाक सुलिकोट गाउँपालिका, उत्तरतर्फ राइनास नगरपालिका र दूधपोखरी गाउँपालिका, पश्चिमतर्फ पालुङटार नगरपालिका र दक्षिणतर्फ भीमसेन थापा गाउँपालिका र गोरखा नगरपालिका पर्दछन्।

वि.सं. २०६८ को जनगणनाअनुसार सिरानचोक गाउँपालिकामा घरपरिवार संख्या ५,८९६ र जनसंख्या २३,६२८ रहेको जसमध्ये पुरुष संख्या १0,५२१ (४५ प्रतिशत) र महिला संख्या १३,१0७ (५५ प्रतिशत) थिए। तर: घरधुरी सर्वेक्षण, २०७६ अनुसार सिरानचोक गाउँपालिकाको कुल जनसंख्या ३१,४0८ रहेको मध्ये पुरुषको संख्या १६,0७१ (५१ प्रतिशत) र महिलाको संख्या १५,३३७ (४९ प्रतिशत) रहेको देखिन्छ भने जम्मा घरपरिवारको संख्या ६,९९४ रहेको देखिन्छ। घरधुरी सर्वेक्षण, २०७६ अनुसार यस गाउँपालिकामा औसत परिवार संख्या ४.४९ रहेको छ र जनघनत्व करिब २५८ प्रति व.कि.मि. रहेको छ। यस गाउँपालिकामा आर्थिक रूपले सक्रिय जनसंख्या करिब ५९ प्रतिशत रहेको देखिन्छ। कुल जनसंख्याको करिब ८५ प्रतिशत साक्षर छन्।

यो पहाडी भू-बनोट भएको गाउँपालिका हो। यहाँको कुल क्षेत्रफल १२१.६६ वर्ग कि.मि. मध्ये करिब ४९ वर्ग कि.मि. (करिब ४0 प्रतिशत) खेतीपातीका लागि उपयोग भएको देखिन्छ भने करिब ६२ वर्ग कि.मि. (करिब ५१ प्रतिशत) जमिन वन जंगलले तथा करिब २ वर्ग

कि.मि. (१ प्रतिशत) जल क्षेत्रले ओगटेको छ। प्राकृतिक सम्पदाको प्रचुरता, उर्वर जमिन तथा सिँचाइको स्रोतको उपलब्धता यस गाउँपालिकाको विशेषता रहेको छ। सिँचाइका लागि यहाँका कृषकहरू विशेष गरी दरौदी, चेपे र भुसुन्डे नदीका साथै पहाडी उच्च क्षेत्रका खेतीयोग्य जमिनमा सानातिना खोला खहरेमा निर्भर रहने गरेको देखिन्छ।

यस गाउँपालिकाभित्र करिब ७ कि.मि. कालोपत्र सडक, करिब ६० कि.मि. ग्राभेल सडक र सबै वडाहरूमा जाने गरी कच्ची सडकहरू सञ्चालनमा रहेका छन्। मोटर बाटोको सुविधालाई हेर्दा करिब ६४ प्रतिशत घरपरिवारले मोटर बाटोको सुविधा उपभोग गरिरहेको देखिन्छ भने बाँकी ३६ प्रतिशत बासिन्दाहरू सडकको सुविधा उपभोग गर्नबाट वञ्चित छन्। यस गाउँपालिकावाट उद्यम व्यवसाय सम्बद्ध खरिद बिक्रीका लागि गोरखा तथा पालुङटार हुँदै पोखरा, काठमाडौं तथा चितवनलगायतका प्रमुख सहरहरूमा सडकमार्गद्वारा सहजै पुग्न सकिन्छ।

ऊर्जा खपततर्फ यस गाउँपालिकामा रहेका घरपरिवारहरूले खाना पकाउने इन्धनको रूपमा सबैभन्दा बढी ७१ प्रतिशतले काठ/दाउराको प्रयोग गर्ने गरेको देखिन्छ। २७ प्रतिशत जनसंख्याले खाना बनाउने इन्धनको स्रोतको रूपमा एल.पी.जी.लाई प्रयोग गरी आएका छन्। यस गाउँपालिकामा रहेका घरपरिवारहरूले उज्यालोका लागि ९६ प्रतिशतले बिजुलीको प्रयोग गरेको देखिन्छ भने करिब ३ प्रतिशतले मट्टितेल प्रयोग गरेको देखिन्छ। यसबाहेक करिब १ प्रतिशतले सोलार बत्ती तथा अन्य साधन प्रयोग गरेको देखिन्छ।

## १.३ आर्थिक स्थिति

घरधुरी सर्वेक्षण २०७६ को आँकडालाई विश्लेषण गर्दा यस गाउँपालिकावासीमध्ये मासिक रूपमा औसत एक हजार रुपैयाँभन्दा कम कमाउनेको परिवार संख्या १४६६ (२१ प्रतिशत) रहेको छ भने १७७५ घरपरिवारको (कुल घरपरिवारको २५ प्रतिशत) मासिक आम्दानी पच्चीस हजार रुपैयाँभन्दा बढी रहेको छ। बाँकी ५४ प्रतिशतको आय स्थिति सोको बीचमा अर्थात् मासिक एक हजार रुपैयाँभन्दा बढी र मासिक पच्चीस हजार रुपैयाँभन्दा कम रहेको छ। यसबाट समग्रमा गाउँपालिकावासीको आय स्थिति मिश्रित रहेको देखिन्छ। सिरानचोक गाउँपालिकाको आर्थिक स्थिति सम्बद्ध प्रमुख बुँदाहरू निम्नबमोजिम छन् :

(क) यस गाउँपालिकाको करिब ४९ वर्ग कि.मि. (करिब ४० प्रतिशत) भूभाग खेतीपातीका लागि उपयोग भएको देखिन्छ। प्राकृतिक सम्पदाको प्रचुरता, उर्वर जमिन तथा सिंचाइको स्रोतको उपलब्धता हुनुले यस स्थान कृषि र पशुपालनका लागि उपयुक्त स्थल मानिन्छ। यहाँको प्रमुख कृषि बालीको रूपमा धान, आलु, गहुँ, मकै, कोदो, मास, तोरी आदि पर्दछन् भने व्यावसायिक रूपमा विभिन्न बालीहरू : अलैंची, कफी, आलु, मासको दाल आदिको खेती हुने गरेको छ। जिल्लाभित्र र बाह्य बजारसँग सहज पहुँच भएकोले व्यावसायिक कृषि कार्यको प्रवर्द्धनमा जोड दिन सकिने पर्याप्त सम्भावना रहेको देखिन्छ।

(ख) सिरानचोक पशुपालनका लागि पनि उपयुक्त मानिन्छ। पशुपक्षी पालनको स्थितिलाई हेर्दा सबैभन्दा धेरै ३३८८ (कुल घरपरिवारको ३८ प्रतिशत) ले बाख्रा पालन गरेका छन्, १९६५ (कुल घरपरिवारको २२ प्रतिशत) घरपरिवारले

गाई/गोरु पालन गरेका छन्, भैंसी/राँगो पालन गर्ने २२५४ घरपरिवार (कुल घरधुरीको २५ प्रतिशत) रहेका छन्, हाँस/कुखुरा पालन गर्ने १२७० (कुल घरधुरीको १४ प्रतिशत) रहेका छन् भने न्यून संख्यामा ८ घरधुरीले मात्र बंगुर/सुँगुर पालन गरेका छन् ।

(ग) यस गाउँपालिकामा ११ वटा व्यावसायिक कृषि फर्महरू रहेका छन् जसमा १८५ जना संलग्न रहेको देखिन्छ । गाउँपालिकामा कृषि एग्रोभेट तथा बीउबिजन केन्द्र जम्मा ३ वटा रहेको पाइन्छ । व्यावसायिक रूपमा उन्नत जातका पशुहरू पाल्ने र ती पशुहरूबाट दूध तथा मासुजन्य पदार्थको उत्पादन तथा बिक्रीवितरण गर्ने प्रचलन नहुनुले यहाँ दूध संकलन केन्द्र तथा चिस्यान केन्द्रहरूको निर्माण भएको देखिँदैन ।

(घ) यस गाउँपालिकामा तल दिइएको तालिकाबमोजिम वडागत आधारमा विभिन्न प्रकारका ५५७ वटा उद्यम व्यवसायहरू सञ्चालनमा रहेका छन् । सञ्चालनमा रहेका उद्यम व्यवसायहरूको किसिम हेर्दा बढी अनुपातका व्यापार तथा सेवा व्यवसायहरू छन् । यसैगरी खानीजन्य उद्योगहरू तीनवटा सञ्चालनमा रहेका छन् ।

(ङ) यस गाउँपालिकाको सबै वडाहरूमा साना-ठूला गरी १७ वटा बजार केन्द्रहरू रहेका छन् । गाउँपालिकाको वडा नं. ४, चोरकाटे भन्ने ठाउँमा हालै सञ्चालनमा आएको हाट बजारभन्दा बाहेक अन्यत्र यस्ता किसिमका हाट बजार तथा कृषि बजार केन्द्र सञ्चालनमा भने छैनन् ।

(च) संख्यात्मक रूपमा हेर्दा यहाँ कृषि सहकारी संस्था (४), उपभोक्ता सहकारी संस्था (१), सामुदायिक विकास सहकारी संस्था (१), महिला बचत तथा ऋण सहकारी संस्था (२), बहुउद्देश्य सहकारी संस्था (१), बचत तथा ऋण सहकारी संस्था (१०) र अन्य सहकारी संस्था (७) गरी जम्मा २६ वटा सहकारी संस्था सञ्चालनमा रहेका छन् ।

(छ) यस गाउँपालिकाको तीन वडामा मनि ट्रान्सफर (आई.एम.ई) सेवा र बैंकिङ सेवा उपलब्ध छ ।

(ज) यस गाउँपालिकामा अवस्थित विभिन्न मठ मन्दिर, ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरू तथा यहाँको लोक संस्कृति र पर्वतीय मनोरम दृश्यहरूलाई पर्यटकीय गन्तव्य स्थलका रूपमा विकास गर्न सकिने सम्भावनाहरू विद्यमान छन् । तर हालको स्थितिमा यस गाउँपालिकामा पर्यटनको विकास हुन सकेको छैन ।

(झ) घरधुरी सर्वेक्षण २०७६ मा उपलब्ध आँकडाअनुसार यस गाउँपालिका बासिन्दाले विभिन्न प्राविधिक तथा सीपयुक्त दक्षता हासिल गरेको देखिन्छ । संख्यात्मक रूपमा हेर्दा यस गाउँपालिकामा निर्माणसम्बन्धी ७०९ जना, सूचना तथा प्रविधिमा ३८२, सिलाइ बुनाइमा ४८७, सवारी चालकमा २१७, जन स्वास्थ्यसम्बन्धी २३८, ब्युटी पार्लरसम्बन्धी १५२ जना र बुटिक, चित्रकला र हस्तकलासम्बन्धी क्रमशः ८३ जना, ४१ जना, ४२ जनाले सीपयुक्त दक्षता

हासिल गरेका छन्। यसबाट गाउँपालिकामा विभिन्न उद्यम व्यवसाय स्थापना तथा सञ्चालन गर्नमा सघाउ पुगेको छ।

(ञ) यस गाउँपालिकाबाट पनि मानिसहरू अवसरको खोजीमा स्वदेश तथा विदेशका विभिन्न स्थलमा गइरहेका छन्। घरधुरी सर्वेक्षण २०७६ अनुसार यस गाउँपालिकाको ७९७ घरपरिवार (११ प्रतिशत) ले वैदेशिक रोजगारीबाट विप्रेषण प्राप्त गर्ने गरेको देखिन्छ। यसबाट सम्बद्ध परिवार र गाउँको आर्थिक विकासमा सघाउ पुग्न गएको छ।

**सिरानचोक गाउँपालिका : उद्यम व्यवसायसम्बन्धी विवरण**

| क्र. सं | व्यवसाय विवरण | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं ६ | वडा नं ७ | वडा नं ८ | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | वडा संख्या नहुने | व्यवसाय संख्या |
| १ | **दुग्ध व्यवसायी** | – | – | – | – | – | – | – | – | ८ | – |
| २ | टेलर्स सिलाइ कटाइ | २ | ८ | २ | ३ | २ | ६ | २ | ३ | – | २८ |
| ३ | सुनचाँदी व्यवसायी | – | १ | १ | – | २ | १ | १ | २ | २ | ८ |
| ४ | भाँडा व्यवसायी | – | – | १ | – | १ | १ | १ | २ | ३ | ६ |
| ५ | होटल व्यवसाय | – | – | ६ | १० | ८ | १ | १ | ६ | ३ | ३२ |
| ६ | फेन्सी व्यवसायी | – | २ | ३ | ३ | ४ | ५ | २ | ५ | १ | २४ |
| ७ | क्लिनिक तथा औषधि व्यवसाय | ३ | २ | १ | २ | २ | २ | १ | २ | – | १५ |
| ८ | तरकारी तथा फलफूल व्यवसायी | – | – | – | १ | – | ३ | १३ | – | ५ | १७ |
| ९ | इलेक्ट्रिक व्यवसायी | – | – | १ | ३ | २ | २ | १ | – | ३ | ९ |
| १० | माछा, मासु पसल व्यवसाय | – | – | ३ | १ | ८ | ७ | ३ | २ | २ | २४ |
| ११ | हेयर, सैलुन ताथा सौन्दर्य कला व्य. | – | – | – | – | – | – | – | – | ८ | – |
| १२ | उद्योग | – | – | १ | – | – | – | – | – | ७ | १ |
| १३ | आर्ट व्यवसायी | – | – | – | – | – | – | – | – | ८ | – |
| १४ | बेकरी तथा मिष्टान्न व्यवसायी | – | – | – | – | – | – | – | – | ८ | – |
| १५ | बाल मनोरञ्जन | – | – | – | – | – | – | – | – | ८ | – |
| १६ | बंगुर पालन | १ | ५ | – | १ | ११ | – | ३ | १ | २ | २२ |
| १७ | बोर्डिङ स्कुल सञ्चालन | – | – | – | १ | – | १ | – | – | ६ | २ |
| १८ | ठेक्कापट्टा | २ | २ | – | २ | – | – | – | – | ५ | ६ |
| १९ | जुत्ता पसल | – | – | ३ | १ | १ | १ | १ | ३ | २ | १० |
| २० | फोटो स्टुडियो | – | – | २ | २ | २ | १ | ३ | १ | २ | ११ |
| २१ | फर्निचर | १ | २ | ७ | ४ | ४ | ३ | ४ | २ | – | २७ |
| २२ | किराना पसल तथा | १० | – | ३५ | ६५ | १३ | १३ | १९ | ८ | १ | १६३ |

| क्र. सं | व्यवसाय विवरण | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं ६ | वडा नं ७ | वडा नं ८ | जम्मा वडा संख्या नहुने | जम्मा व्यवसाय संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवसाय | | | | | | | | | | |
| २३ | सि.डी. पसल | – | – | – | – | १ | – | – | – | ७ | १ |
| २४ | पुल हाउस | – | – | – | – | – | – | – | – | ८ | – |
| २५ | अटो वर्कसप | – | – | – | १ | – | २ | – | – | ६ | ३ |
| २६ | राइस मिल | १० | – | – | ८ | ४ | २ | ४ | ३ | २ | ३१ |
| २७ | घडी रेडियो टिभी मर्मत | – | – | – | २ | २ | २ | २ | २ | ३ | १० |
| २८ | पेट्रोल पम्प | – | – | – | – | – | – | – | – | ८ | – |
| २९ | मसला उद्योग | – | १ | – | २ | – | – | – | – | ६ | ३ |
| ३० | चस्मा पसल | – | – | – | – | – | – | – | – | ८ | – |
| ३१ | खोज अनुसन्धान केन्द्र | – | १ | – | – | – | – | १ | – | ६ | २ |
| ३२ | खाजाघर तथा चिया पसल | – | – | – | – | ११ | ३ | १६ | – | ५ | ३० |
| ३३ | ढुवानी सेवा | – | – | – | – | ४ | २ | – | – | ६ | ६ |
| ३४ | ट्युसन सेन्टर | – | – | – | – | – | २ | – | – | ७ | २ |
| ३५ | हाउजिङ | – | – | – | – | – | – | – | – | ८ | – |
| ३६ | कार्पेट पसल | – | – | – | – | – | – | – | – | ८ | – |
| ३७ | सरसफाइ तथा फोहोर मैला संकलन | – | – | १ | – | – | १ | – | – | ६ | २ |
| ३८ | नर्सरी फूल व्यवसायी | – | २ | – | – | २ | – | – | – | ६ | ४ |
| ३९ | ग्यास डिलर | – | २ | १ | – | – | – | ४ | – | ५ | ७ |
| ४० | कानून व्यवसायी तथा परामर्श | – | – | – | – | – | – | – | – | ८ | – |
| ४१ | निर्माण व्यवसायी सप्लायर्स सेवा | – | २ | – | २ | – | १ | – | – | ३ | ५ |
| ४२ | मल बीउ उत्पादन | – | – | – | – | – | १ | – | – | ७ | १ |
| ४३ | कम्प्युटर ट्रेनिङ सेन्टर, साइबर व्यवसायी | – | – | – | – | – | – | – | – | ८ | – |
| ४४ | सिसा पसल | – | – | – | – | – | – | – | – | ८ | – |
| ४५ | पुस्तक व्यवसायी तथा फोटोकपी | – | – | २ | – | २ | १ | ३ | २ | ३ | १० |
| ४६ | मनी ट्रान्सफर | – | १ | – | १ | – | – | १ | १ | ४ | ४ |
| ४७ | सहकारी | – | २ | ७ | ५ | २ | ३ | ४ | २ | १ | २५ |
| ४८ | बैंक | – | – | – | – | – | – | – | – | ८ | – |
| ४९ | विज्ञापन मेडिया र केवल सेवा | – | – | – | – | – | – | – | – | ८ | – |
| ५० | कागज उद्योग तथा | – | – | – | – | – | – | – | – | ८ | – |

| क. सं | व्यवसाय विवरण | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं ६ | वडा नं ७ | वडा नं ८ | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | वडा संख्या नहुने | व्यवसाय संख्या |
| | छापाखाना | | | | | | | | | | |
| ५१ | पानी फिल्टर | – | – | – | – | – | – | – | – | ८ | – |
| ५२ | पार्टी प्यालेस | – | – | – | – | – | – | – | – | ८ | – |
| ५३ | भेटनरी | १ | – | १ | २ | – | – | १ | १ | ३ | ६ |
| | **व्यवसाय संख्या जम्मा** | **३०** | **३३** | **७८** | **१२२** | **८८** | **६७** | **९१** | **४८** | | **५५७** |

स्रोतः वस्तुगत विवरण, २०७६ को तयारीमा वडा कार्यालयबाट उपलब्ध आँकडा

## १.४ उद्यम व्यवसाय सम्बद्ध समस्या, चुनौती र सम्भावनाहरू

### १.४.१ समस्या तथा चुनौतीहरू

सिरानचोक गाउँपालिकामा उद्यम व्यवसायको विकास तथा विस्तारका लागि विभिन्न समस्या तथा चुनौतीहरू रहेका छन्। गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा जथाभावी बस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्कोतर्फ माटोको उर्वरा शक्ति क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। यसबाट कृषि उत्पादनलाई व्यवसायीकरण गरेर कृषिमा आधारित उद्यम व्यवसायको विकास गर्नमा कठिनाइ परेको छ। दुग्ध उत्पादन र पशुपक्षी तथा माछापालन कार्यमा पनि व्यावसायिकता हासिल हुन सकेको छैन। स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग व्यवसायका लागि उपयुक्त प्रविधि तथा सीपयुक्त जनशक्तिको अभाव रहेको छ। स्थानीय उत्पादनलाई तुलनात्मक लाभ हासिल हुने गरी बजारीकरणको संस्थागत व्यवस्था हुन सकेको छैन। स्थानीय लोक संस्कृति र पर्यावरणीय मनोरम दृश्यहरूलाई प्रवर्द्धन गरी पर्यटनको विकास गर्न आवश्यक पूर्वाधारहरू (होटल/ रिजोर्ट/होमस्टे, जलयात्रा, ट्रेकिङ सेवाहरू आदि) को अभावले पर्यटनको अपेक्षित विकास हुन सकेको छैन। हालका वर्षहरूमा गाउँपालिकाको आर्थिक उत्थानका लागि उल्लेख्य योगदान गरी आएको वैदेशिक रोजगारीबाट हुने गरेको विप्रेषणलाई विश्वव्यापी कोरोना महामारीको कारण वैदेशिक रोजगारीमा गएका युवा फर्कने सम्भावनाले एकातर्फ विप्रेषणमा गिरावट आउनेछ भने फर्की आउने युवालाई रोजगारीको खाँचो पर्नेछ। यस गाउँपालिकामा उद्यम व्यवसायको संस्थागत रूपमा विकास गर्न सञ्चालनमा रहेका सबै प्रकारका उद्यम व्यवसायको अभिलेखीकरण हुन नसकी धेरैजसो बिनादर्ता सञ्चालनमा रहेका छन्। नयाँ उद्यम व्यवसायहरूको प्रवर्द्धन तथा विस्तारका लागि आवश्यक सीप तथा प्रविधिको विकास एवं सहज उपलब्धता, वित्तीय पहुँचको सहजता र बजारीकरणको सुनिश्चिततालगायतका उपयुक्त एवं उद्यम व्यवसायमैत्री वातावरणको विकास हुन पनि सकेको छैन। उद्यम व्यवसायको प्रवर्द्धन तथा विस्तार गर्न आवश्यक सहजीकरणका लागि गाउँपालिकाको आफ्नै उद्यम व्यवसाय स्थापना तथा सञ्चालन निर्देशिका नभएबाट उद्यमी तथा व्यवसायीहरूलाई कठिनाइ परिरहेको छ।

यसैगरी गाउँपालिकामा सञ्चालनमा रहेका उद्यम व्यवसायहरूको दर्ता तथा नियमन प्रक्रियामा विभिन्न द्विविधा एवं अन्योल देखिएका छन्। एकातर्फ बढी संख्यामा बिनादर्ता

सञ्चालनमा रहेका उद्यम व्यवसायहरूलाई औपचारिक दायरामा ल्याउन सहजीकरण एवं प्रोत्साहनका उपयुक्त उपायहरू अवलम्बन हुन सकेका छैनन्। अर्कोतर्फ मुख्यतः संघीय कानून र प्रदेश कानूनका बीचमा विद्यमान असमानता एवं विरोधाभासले स्थानीय तहमा उद्यम दर्ता तथा नियमनमा समस्या देखिएको छ। उदाहरणका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५(ञ) को प्रावधानअनुसार उद्यमशीलताको विकास तथा प्रवर्द्धनसहित लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमनलगायतका कार्यहरू स्पष्ट रूपमा स्थनीय सरकारको अधिकार क्षेत्र तोकिएको छ। जबकि संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६१ मा स्थानीय तहले उद्योग प्रशासनसम्बन्धी कार्य गर्न सक्ने शीर्षकअन्तर्गत लघु उद्यम तथा प्रदेश कानूनमा तोकिएबमोजिमको रकमसम्म स्थिर पुँजी भएका घरेलु तथा साना उद्योगको दर्ता, प्रशासन तथा नियमनसम्बन्धी कार्य संघीय तथा प्रदेश कानूनमा व्यवस्था भएबमोजिम स्थानीय तहले गर्न सक्ने भनिएको छ। यस प्रकार नेपालको संविधानबमोजिम स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था गर्न बनाइएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन गर्ने पूर्ण अधिकारलाई औद्योगिक व्यवसाय ऐन, २०७६ ले केही सीमित गरेको छ। यसैगरी गण्डकी प्रदेशको औद्योगिक विकास ऐन, २०७५ को दफा ३(१) मा कसैले पनि सो ऐनबमोजिम दर्ता नगराई उद्योगको स्थापना तथा सञ्चालन गर्न नहुने र दफा ४ मा उद्योग दर्ता प्रदेश सरकारद्वारा तोकिएको निकायद्वारा हुने भन्ने प्रावधानले थप अन्योल सृजना गरेको छ। यस प्रकार विभिन्न संघीय कानूनहरू एक आपसमा बाझिएको र त्यसमा प्रदेश कानूनले थप अन्योल सृजना गरेको छ। विद्यमान असामञ्जस्यताको फलस्वरूप सिरानचोक गाउँपालिकाको उद्यम व्यवसायलाई दर्ता एवं नियमन सम्बद्ध कार्यहरूलाई व्यवस्थित गर्नमा समस्या परेको छ। उद्योगको वर्गीकरण कायम गर्न तोकिएको स्थिर पुँजी लगानीको सीमामा पनि संघ र प्रदेश कानूनका प्रावधानहरूमा विद्यमान भिन्नताले गर्दा स्थानीय तहलाई जटिलता थपिएको छ।

### १.४.२ सम्भावना तथा अवसरहरू

सिरानचोक गाउँपालिकामा विद्यमान भौतिक पूर्वाधार तथा आर्थिक अवसरहरूलाई व्यावसायिक रूपमा प्रयोग गरी उद्यम व्यवसाय प्रवर्द्धन गर्न सकिने सम्भावनाहरू रहेका छन्। यसका लागि गाउँपालिकामा रहेको खेतीयोग्य जमिन तथा पाखो बारीमा खाद्यान्नका साथै अलैंची, कफी, अम्रिसो, आँपलगायत नगदे तरकारी बाली, फलफूल, तोरी, तरकारी उत्पादनलाई व्यावसायिक तवरले वृद्धि गरी सोको प्रशोधनद्वारा मूल्य अभिवृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेका छन्. पशुजन्य उत्पादन (माछापालनसहित) मा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने सम्भावनाहरू छन् । वन (काष्ठजन्य उत्पादनहरू, जडीबुटी खेती तथा प्रशोधन) तथा खानीजन्य कच्चा पदार्थहरूको उपयोग गरी उद्योग व्यवसायलाई विस्तार गर्न सकिने छन्। सार्वजनिक यातायात सेवा, सूचना प्रविधि, स्वास्थ्य सेवा, वित्तीय सेवा, सीप तथा प्रविधि हस्तान्तरण सेवालगायतका सेवा व्यवसायहरूलाई प्रवर्द्धन गर्न सकिने सम्भावनाहरू रहेका छन्। उत्पादनमूलक उद्योगहरू (ग्रील उद्योग, हस्तकला उद्योग, निर्माण सामग्री उद्योग, तयारी पोसाक उद्योग आदि) स्थानीय आवश्यकता र

सम्भाव्यता हेरी सञ्चालन गर्न सकिने छन्। पर्यटन विकासका लागि धार्मिक सम्पदाको संरक्षण तथा साहसिक पर्यटन, पहाडी पदयात्राको पनि सम्भावना देखिन्छ। विभिन्न सम्भाव्य स्थानहरूमा दूध चिस्यान केन्द्र, कृषि उत्पादनको संकलन केन्द्र/कोल्ड स्टोर, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। यसैगरी विभिन्न खाद्य तथा अखाद्य पदार्थहरूको सहज आपूर्तिका लागि व्यापार तथा बजार केन्द्रहरूको विस्तार गर्न सकिनेछ।

माथि उल्लेख भएबमोजिम सिरानचोक गाउँपालिकाको आर्थिक तथा सामाजिक समृद्धिका लागि प्रशस्त अवसर तथा सम्भावनाहरू रहेका छन्। तर उद्यम व्यवसायको प्रवर्द्धन गर्न विद्यमान चुनौतीहरूलाई अवसर तथा सम्भावनामा रूपान्तरण गर्न ठोस कार्यनीतिहरूको आवश्यकता छ। यस गाउँपालिकामा उद्यम व्यवसाय विस्तारमा सघाउ पुग्ने गरी पालिकाको वार्षिक नीति तथा कार्यक्रममा विशेष प्राथमिकता दिइएमा व्यावसायिक क्रियाकलापमा अभिवृद्धि हुन सक्नेछ। गाउँपालिकाको करका दरहरू उद्यम व्यवसायमैत्री हुनुपर्नेछ। यसैगरी गाउँपालिकामा उद्यम व्यवसायको विस्तारलाई संस्थागत रूपमा सघाउ पुग्ने गरी विभिन्न ऐन, नियम तथा कार्यविधिहरूसमेत लागू गरिनुपर्दछ।

सिरानचोक गाउँपालिकामा सबै प्रकारका उद्यम व्यवसायलाई औपचारिक क्षेत्रमा समेट्दै उद्यम व्यवसाय दर्ता, नवीकरण, विस्तार, विविधीकरण, सुविधा तथा सहुलियतको सुनिश्चितता र अनुगमन तथा नियमन सम्बद्ध प्रक्रियाहरूलाई सहजीकरण गरी गाउँपालिकामा उद्यम व्यवसायको विकासलाई सघाउन यो निर्देशिका तयार गरिएको छ।

# परिच्छेद– २
# उद्यम व्यवसायसम्बन्धी सन्दर्भ सामग्रीको उद्देश्य, आधार तथा दायरा

## २.१ उद्यम व्यवसायसम्बन्धी सन्दर्भ सामग्रीको उद्देश्य

सिरानचोक गाउँपालिकामा उद्यम व्यवसायको प्रवर्द्धनद्वारा गाउँवासीको आर्थिक सामाजिक स्थितिमा सुधार गरी गाउँपालिकाको समृद्धि हासिल गर्नका लागि उद्यम व्यवसायको दर्ता, नवीकरण, नियमन सम्बद्ध कार्यविधिहरूलाई स्पष्ट, सहज र पारदर्शी तुल्याई उद्यमीहरूलाई सघाउ पुऱ्याउने उद्देश्यका लागि यो सन्दर्भ सामग्री तयार गरिएको छ ।

## २.२ उद्यम व्यवसायसम्बन्धी सन्दर्भ सामग्रीको आधार

यो सन्दर्भ सामग्री तयार गर्दा निम्न आधार लिइएको छ :

(क) नेपालको संविधान (२०७२) ले स्थानीय तहलाई प्रदान गरेको अधिकार तथा जिम्मेवारी,

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

(ग) संघीय औद्योगिक व्यवसाय ऐन तथा नियमावली, २०७६,

(घ) प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५,

(ङ) संघीय सहकारी ऐन, २०७४,

(च) संघीय कम्पनी ऐन, २०६३ (संशोधन २०७५),

(छ) संघीय साझेदारी ऐन, २०२० (संशोधन २०७५),

(ज) संघीय प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ (संशोधन २०७५),

(ज) अन्य प्रचलित विषयगत सान्दर्भिक संघीय तथा प्रदेश कानूनहरू,

(झ) सिरानचोक गाउँपालिकाको विभिन्न ऐन, नियम तथा कार्यविधिहरू,

(ञ) सिरानचोक गाउँपालिकाको नीति तथा कार्यक्रम, आ.व २०७५/७६, आ.व २०७६/७७, आ.व २०७७/७८,

**द्रष्टव्यः** उद्यम व्यवसाय दर्ता, नवीकरण तथा नियमन सम्बन्धमा संघीय तथा प्रदेश कानूनका प्रावधानहरूमा भिन्नता रहेकामा संघीय कानूनका प्रावधानहरूलाई आधार मानिएको छ ।

## २.३ उद्यम व्यवसायको किसिम

सिरानचोक गाउँपालिकाभित्र सञ्चालन हुने कुनै पनि उद्यम व्यवसायको दायरालाई निम्नबमोजिम तीन किसिममा विभाजन गरिएको छ :

**उद्यम व्यवसायका किसिम**

१ उद्योग व्यवसाय

२ व्यापार व्यवसाय

३ सहकारी व्यवसाय

### २.३.१ उद्योग व्यवसाय

कच्चा तथा सहायक कच्चा पदार्थलाई प्रशोधन गरेर कुनै वस्तु उत्पादन गर्ने वा कुनै निर्दिष्ट सेवा उपलब्ध गराउने जस्ता आर्थिक क्रियाकलापलाई उद्योग व्यवसाय भनिन्छ । उदाहरणका लागि कच्चा पदार्थ प्रयोग गरी उत्पादन/प्रशोधन गर्ने कृषि, वन तथा गैरकृषिजन्य वस्तुहरू, पानी, वायु, सौर्यशक्ति, कोइला, तेल, इन्धन, ग्यास आदि प्रयोग गरी उत्पादन तथा वितरण गरिने ऊर्जा, खनिज उत्पादन तथा प्रशोधन, निर्माण सम्बद्ध पूर्वाधार उद्योग, पर्यटन सम्बद्ध होटल, रेस्टुरेन्ट, ट्रेकिङ, आरोहण आदि सूचना तथा सञ्चारसम्बन्धी व्यवसाय र विभिन्न सेवाहरू (यान्त्रिक कार्यशाला (वर्कसप), परामर्श सेवा, सार्वजनिक यातायात, प्रशिक्षण, स्वास्थ्य परीक्षण आदि) प्रदान गर्ने उद्यम व्यवसायहरू उद्योग व्यवसायअन्तर्गत पर्दछन् ।

### २.३.२ व्यापार व्यवसाय

कुनै वस्तु वा सेवाहरूको थोक वा खुद्रा बिक्री तथा आपूर्तिसम्बन्धी कारोबारलाई व्यापार व्यवसाय भनिन्छ । यस प्रकारका वस्तु र सेवाहरूको निर्यात तथा आयातसम्बन्धी कारोबारलाई पनि व्यापार व्यवसाय भनिन्छ । उदाहरणका लागि खुद्रा सामान (किराना) पसल, थोक व्यापार पसल, हाट बजार, हार्डवेयर सामान बिक्री पसल, किताब तथा स्टेसनरी पसल, औषधि पसल, बिजुली सामान पसल, कपडा पसल, तयारी पोसाक पसल, जुत्ता पसल, फलफूल पसल, मासु पसल, तरकारी पसल आदि व्यापार व्यवसायअन्तर्गत पर्दछन् ।

### २.३.३ सहकारी व्यवसाय

सहकारी संस्था भन्नाले सदस्य उन्मुख, सदस्यद्वारा सञ्चालित र सदस्यकै स्वामित्वमा सञ्चालित व्यावसायिक क्रियाकलापलाई जनाउँदछ । सहकारीको व्यावसायिक क्रियाकलापअन्तर्गत माथि उल्लेख भएअनुसारका उद्योग, व्यापारसम्बन्धी कारोबारहरू पर्दछन् ।

**द्रष्टव्यः** माथि उल्लेख भएअनुसार गाउँपालिकामा कुनै पनि उद्यम व्यवसाय सञ्चालन गर्नका लागि तल प्रकरण २.४ मा उल्लेख गरिएको उद्यम व्यवसायको कानूनी स्वरूपमध्ये कुनै एक मान्यता प्राप्त गर्नुपर्नेछ ।

## २.४ उद्यम व्यवसायको कानूनी स्वरूप

कुनै पनि उद्यम व्यवसायको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निम्नबमोजिमका चार कानूनी स्वरूपअन्तर्गत दर्ता गरी उद्यम व्यवसायलाई कानूनी स्वरूप प्रदान गर्न सकिनेछ :

**उद्यम व्यवसायको कानूनी स्वरुप**

(क) प्राइभेट फर्म
(ख) साझेदारी फर्म
(ग) कम्पनी
(घ) सहकारी

### (क) प्राइभेट फर्म उद्यम व्यवसाय

मुनाफाको उद्देश्य लिई कुनै एक व्यक्तिले कुनै प्रकारको उद्यम व्यवसाय प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ (संशोधन २०७५) अनुसार प्राइभेट फर्म सञ्चालन गर्न सक्नेछ ।

**(ख) साझेदारी फर्म उद्यम व्यवसाय**

मुनाफाको उद्देश्य लिई एकभन्दा बढी व्यक्तिले कुनै प्रकारको उद्यम व्यवसाय साझेदारी ऐन, २०२० (संशोधन २०७५) अनुसार साझेदारी फर्म सञ्चालन गर्न सक्नेछन् ।

**(ग) कम्पनी उद्यम व्यवसाय**

मुनाफको उद्देश्य लिई कुनै उद्यम गर्न चाहने व्यक्तिले एकलै वा अरूसँग समूहबद्ध भई प्राइभेट वा पब्लिक कम्पनीलाई कम्पनी ऐन, २०६३ (संशोधन २०७५) अनुसार कम्पनी उद्यम व्यवसाय सञ्चालन गर्न सकिनेछ ।

**(घ) सहकारी उद्यम व्यवसाय**

संघीय सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भई विषयगत वा बहुउद्देश्यीय सहकारी संस्थाले तोकिएबमोजिमको उद्यम व्यवसाय सञ्चालन गर्न सकिनेछ ।

**द्रष्टव्यः** गाउँपालिकाको आफ्नै सहकारी ऐनद्वारा सहकारी संघ संस्थालाई थप व्यवस्थित गर्न सकिनेछ ।

## २.५ उद्यम व्यवसाय दर्ता तथा नवीकरण र सोका लागि शुल्क वा दस्तुर बुझाउनुपर्ने

(१) गाउँपालिकाभित्र उद्यम व्यवसायको दर्ता गर्न निम्नबमोजिम गर्नुपर्नेछ :

(क) कुनै प्रकारको उद्यम व्यवसाय सञ्चालन गर्नको निमित्त सर्वप्रथम माथि उल्लेख भएबमोजिमका प्राइभेट फर्म वा साझेदारी फर्म वा कम्पनी वा सहकारी संस्थाको रूपमा सम्बद्ध निकायबाट वा अधिकार प्रत्यायोजन भएकोमा गाउँपालिकामा दर्ता गर्नुपर्नेछ ।

(ख) प्राइभेट फर्म ऐन, २०१४ (संशोधनसहित) र साझेदारी ऐन, २०२० ( संशोधनसहित) को अधीनमा रही प्राइभेट फर्म वा साझेदारी फर्मको प्रदेश कानूनमा व्यवस्था भएबमोजिम दर्ता हुने भनी उक्त ऐनहरूमा उल्लेख गरिएको छ । यस प्रावधानअन्तर्गत संघीय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र/वा प्रदेश सरकारको सम्बद्ध निकायबाट प्राइभेट फर्मको दर्ता गर्ने अख्तियारी प्रदान हुन सक्नेछ ।

(ग) कम्पनीको रूपमा उद्यम व्यवसाय गर्न चाहनेले कम्पनी ऐनअन्तर्गतको प्रावधानबमोजिम प्राइभेट वा पब्लिक कम्पनीको रूपमा दर्ता गरी सम्बद्ध विषयगत आधारमा थप दर्ता गर्नुपर्नेछ ।

(घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) अनुसार विभिन्न उद्यम व्यवसायको दर्तालगायतका अधिकार स्थानीय तहलाई भएकोले माथि (ख) अनुसार उद्यम व्यवसायको कानूनी हैसियत प्राप्त गरेपछि गाउँपालिकाले विषयगत आधारमा उद्यम व्यवसायको दर्तालगायतका कार्यहरू गर्न सक्नेछ ।

(ङ) माथिका प्रकरणमा उल्लेख भएको अतिरिक्त उद्यम व्यवसायको किसिम हेरी संघीय औद्योगिक व्यवसाय ऐन, पर्यटन व्यवसाय ऐनअनुसार पनि थप दर्ता गर्नुपर्नेछ ।

(च) सहकारी संस्थाको रूपमा व्यवसाय गर्न चाहनेले सहकारी ऐनअन्तर्गतको प्रावधानबमोजिम सहकारी संस्था दर्ता गरी सम्बद्ध विषयगत आधारमा थप दर्ता गर्नुपर्नेछ ।

तर प्राइभेट फर्म वा साझेदारी फर्मको रूपमा सञ्चालन हुने व्यापार व्यवसायको हकमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सो विभागद्वारा अख्तियारी दिइएका अन्य सरकारी निकायवाट एकैपटक दर्ता गर्न सकिनेछ ।

(छ) गाउँपालिकामा कम्पनीको रूपमा सञ्चालन हुने व्यवसाय दर्ताको हकमा सर्वप्रथम कम्पनी रजिस्ट्रारको कार्यालय वा सो कार्यालयबाट अधिकार प्रत्यायोजन गरिएको निकायमा कम्पनी दर्ता गरिएपछि मात्र संघीय कानूनद्वारा तोकिएबमोजिम गाउँपालिकाले व्यवसाय दर्ता गर्न सक्नेछ ।

(ज) गाउँपालिकामा सहकारी व्यवसायको दर्ता गाउँपालिकाको सहकारी ऐन, २०७६ मा तोकिएबमोजिम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

तर उद्यम व्यवसाय सञ्चालन गर्ने गरी दर्ता भएको सहकारी संस्थाले प्रचलित कानूनबमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र उद्यम व्यवसायको कारोबार सञ्चालन गर्नुपर्नेछ ।

(२) नयाँ उद्यम व्यवसाय दर्ता तथा नवीकरणका लागि तोकिएबमोजिमको शुल्क वा दस्तुर गाउँपालिकामा निम्नबमोजिम बुझाउनुपर्नेछ :

(क) संघीय प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ (संशोधन २०७५) अनुसार प्राइभेट फर्मको रूपमा उद्यम व्यवसाय दर्ता तथा नवीकरणका लागि उक्त ऐनद्वारा तोकिएबमोजिमको शुल्क वा दस्तुर बुझाउनुपर्नेछ । गाउँपालिकाभित्र प्राइभेट फर्मको रूपमा उद्यम व्यवसाय दर्ता तथा नवीकरणको अधिकार प्रत्यायोजन गाउँपालिकालाई भएकोमा उक्त ऐनको प्रावधानभित्र रही गाउँपालिकाद्वारा तोकिएबमोजिमको शुल्क वा दस्तुर बुझाउनुपर्नेछ ।

तर गाउँपालिकालाई प्राइभेट फर्मको रूपमा उद्यम व्यवसाय दर्ता तथा नवीकरणको अधिकार प्रत्यायोजन नभएकोमा संघीय वा प्रदेशको सम्बद्ध निकायबाट प्राइभेट फर्म दर्ता भएपछि गाउँपालिकामा सञ्चालन हुने उद्यम व्यवसाय अभिलेखीकरणका लागि गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) को (ञ) अनुसार तोकिएबमोजिमको थप शुल्क वा दस्तुर लिई दर्ता तथा नवीकरण गर्न सक्नेछ ।

(ख) संघीय प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ (संशोधन २०७५) अनुसार माथि प्रकरण (क) मा उल्लेख भएबमोजिम प्राइभेट फर्मको रूपमा उद्यम व्यवसाय दर्ता गर्दा महिला, दलित समुदाय, अपांगता भएका व्यक्ति र विपन्न वर्गका व्यक्तिलाई एक करोडसम्म पुँजी भएकोमा दर्ता दस्तुरबापत एक सय रुपैयाँ र सोभन्दा बढी पुँजी भएकोमा लाग्ने दर्ता दस्तुरमा पचास प्रतिशत छुट हुनेछ ।

(ग) संघीय साझेदारी ऐन, २०२० (संशोधन २०७५) अनुसार साझेदारी फर्मको रूपमा उद्यम व्यवसाय दर्ता तथा नवीकरणका लागि उक्त ऐनद्वारा तोकिएबमोजिमको शुल्क वा दस्तुर बुझाउनुपर्नेछ । गाउँपालिकाभित्र साझेदारी फर्मको रूपमा उद्यम व्यवसाय दर्ता तथा नवीकरणको अधिकार प्रत्यायोजन गाउँपालिकालाई भएकोमा उक्त ऐनको प्रावधानभित्र रही गाउँपालिकाद्वारा तोकिएबमोजिमको शुल्क वा दस्तुर बुझाउनुपर्नेछ ।

तर संघीय साझेदारी ऐन, २०२० (संशोधन २०७५) अनुसार साझेदारी फर्मको रूपमा उद्यम व्यवसाय दर्ता तथा नवीकरणको अधिकार प्रत्यायोजन नभएकोमा संघीय वा प्रदेशको सम्बद्ध निकायबाट साझेदारी फर्म दर्ता भएपछि गाउँपालिकामा सञ्चालन हुने साझेदारी उद्यम व्यवसाय अभिलेखीकरणका लागि गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) को (ञ) अनुसार तोकिएबमोजिमको थप शुल्क वा दस्तुर लिई दर्ता तथा नवीकरण गर्न सक्नेछ ।

(घ) संघीय कम्पनी ऐन, २०६३ (संशोधन २०७५) अनुसार कम्पनीको रूपमा उद्यम व्यवसाय दर्ता तथा नवीकरणका लागि सर्वप्रथम उक्त ऐनद्वारा तोकिएबमोजिमको शुल्क वा दस्तुर बुझाई कम्पनी रजिस्ट्रार वा निजबाट अख्तियारी प्राप्त संघीय वा प्रदेश निकायबाट कम्पनी दर्ताको प्रमाणपत्र प्राप्त गर्नुपर्नेछ ।

संघीय वा प्रदेशको सम्बद्ध निकायबाट कम्पनी दर्ता भएपछि गाउँपालिकामा सञ्चालन हुने कम्पनी स्तरको उद्यम व्यवसाय अभिलेखीकरणका लागि गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) को (ञ) अनुसार तोकिएबमोजिमको थप शुल्क वा दस्तुर लिई दर्ता तथा नवीकरण गर्न सक्नेछ ।

तर संघीय सहकारी ऐन, २०७४ को प्रावधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) को (ख) अनुसार गाउँपालिकाभित्र उद्यम व्यवसाय गर्ने सहकारी संस्थाको दर्ता गर्दा गाउँपालिकाले तोकिएको शुल्क वा दस्तुर लिनेछ ।

## २.६ गाउँपालिकाको विषयगत ऐनको आधारमा उद्यम व्यवसायको दर्ता तथा नवीकरण र दस्तुर

गाउँपालिकाले विषयगत आधारमा ऐन, नियमावली तथा कार्यविधि जारी गरेको भएमा सोहीबमोजिम उद्यम व्यवसाय दर्ता तथा नवीकरण गर्दा तोकिएअनुसारको दर्ता तथा नवीकरण दस्तुर लिइनेछ ।

## २.७ उद्यम व्यवसायको नवीकरण, नामसारी, नाम/उद्देश्य/पुँजी परिवर्तन, स्थानान्तरण

(१) उद्यम व्यवसायको नवीकरण निम्नबमोजिम गर्नुपर्नेछ :

(क) प्राइभेट फर्मको रूपमा सञ्चालन भएको उद्यम व्यवसायको प्राइभेट फर्म ऐन, २०१४ (संशोधनसहित) को प्रावधानबमोजिम दर्ता भएको प्राइभेट फर्मको अवधि पाँच वर्षको हुनेछ। सो अवधि भुक्तान भएपछि नवीकरण गर्दा दुई वर्षका लागि गरिनेछ। प्रदेश स्तरमा प्राइभेट फर्मको नवीकरण प्राइभेट फर्म ऐनको अधीनमा रही प्रदेश कानूनमा व्यवस्था भएबमोजिम हुने भनी प्राइभेट फर्म ऐन, २०१४ (संशोधनसहित) मा उल्लेख गरिएको छ। यस प्रावधानअन्तर्गत संघीय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र/वा प्रदेश सरकारको सम्बद्ध निकायबाट प्राइभेट फर्मको नवीकरण गर्ने अख्तियारी गाउँपालिकालाई प्रदान हुन सक्नेछ।

(ख) साझेदारी फर्मको रूपमा सञ्चालन भएको उद्यम व्यवसायको प्रावधानबमोजिम दर्ता भएको प्राइभेट फर्मको आर्थिक वर्ष अवधि भुक्तान भएपछि पैंतीस दिनभित्र नवीकरण गरिनेछ। प्रदेश स्तरमा साझेदारी फर्मको नवीकरण साझेदारी ऐनको अधीनमा रही प्रदेश कानूनमा व्यवस्था भएबमोजिम हुने साझेदारी ऐन, २०२० (संशोधनसहित) प्रावधान रहेको छ। यस प्रावधानअन्तर्गत संघीय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र/वा प्रदेश सरकारको सम्बद्ध निकायबाट साझेदारी फर्मको नवीकरण गर्ने अख्तियारी गाउँपालिकालाई प्रदान हुन सक्नेछ।

(ग) कम्पनी ऐन, २०६३ (संशोधन २०७५) बमोजिम कम्पनी रजिस्ट्रार वा निजबाट प्रत्यायोजित अधिकारअन्तर्गत कम्पनीको रूपमा दर्ता भई विषयगत अधारमा थप दर्ता भएको उद्यम व्यवसायको नवीकरण गरिराख्नु पर्दैन।

(घ) सहकारी ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाद्वारा सहकारी संस्थाको रूपमा दर्ता भई विषयगत अधारमा थप दर्ता भएको उद्यम व्यवसायको नवीकरण गरिराख्नु पर्दैन।

(२) उद्यम व्यवसायको नामसारी, नाम/उद्देश्य/पुँजी परिवर्तन, स्थानान्तरण निम्नबमोजिम गर्नुपर्नेछ :

(क) गाउँपालिकामा दर्ता भएको उद्यम व्यवसायको नामसारी, नाम/उद्देश्य/पुँजी परिवर्तन वा स्थानान्तरण गर्नुपरेमा सोको कारण खुलाई तोकिएको शुल्क बुझाएको प्रमाणसहित गाउँपालिकामा निवेदन दिनुपर्नेछ।

(ख) प्रकरण (क) मा उल्लेख भएबमोजिमको नामसारी, नाम/उद्देश्य/पुँजी परिवर्तन वा स्थानान्तरणको कारणबारे छानबिन गरी उपयुक्त देखिएमा गाउँपालिकाले स्वीकृति दिनुपर्नेछ।

(ग) प्रकरण (क) मा उल्लेख भएबमोजिमको नामसारी, नाम/उद्देश्य/पुँजी परिवर्तन वा स्थानान्तरणको स्वीकृति दिएपछि गाउँपालिकाले आफनो अभिलेखमा संशोधन गरी अद्यावधिक गर्नुपर्नेछ।

## २.८ उद्यमशीलता प्रवर्द्धन तथा सहजीकरण समितिको व्यवस्था

गाउँपालिकामा उद्योग, व्यापार, सहकारी व्यवसाय लगायतका उद्यमहरू प्रवर्द्धन तथा विकासका लागि सम्बद्ध सबै सरोकारवालाको सहभागितामा एउटा उद्यम प्रवर्द्धन तथा सहजीकरण समिति रहनेछ । यस समितिको संरचना र कार्यक्षेत्र देहायबमोजिम हुनेछ :

**(१) उद्यमशीलता प्रवर्द्धन तथा सहजीकरण समितिको संरचना**

(क) गाउँपालिकाको अध्यक्ष - संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष - सहसंयोजक

(ग) गाउँपालिको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) गाउँपालिकाभित्रका विभिन्न व्यवसायी संघहरूमध्ये गाउँपालिकाले तोकेको कम्तीमा एक जना महिला उद्यमीसमेत २ जना - सदस्य

(ङ) गाउँपालिकास्थित बैंकहरूमध्ये गाउँपालिकाले तोकेको शाखा प्रमुख वा प्रतिनिधि - सदस्य

(च) गाउँपालिकाको उद्यम विकास हेर्ने अधिकृत - सदस्य-सचिव

(२) समितिले आवश्यकताअनुसार सम्बधित विषय विज्ञहरूलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) समितिको बैठक आवश्यकताअनुसार कम्तीमा चौमासिक रूपमा बस्नेछ ।

(४) समितिको कार्यविधि समिति स्वयंले व्यवस्थित गर्नेछ ।

(५) समितिको बैठकबाट भएका निर्णयहरू समितिका सबैलाई लिखत जानकारी गराइनेछ ।

(६) समितिको कार्यविधि समिति स्वयंले व्यवस्थित गर्नेछ ।

**(२) उद्यम प्रवर्द्धन तथा सहजीकरण समितिको काम, कर्तव्य र जिम्मेवारी :** समितिको प्रमुखको काम, कर्तव्य र जिम्मेवारी देहायबमोजिम हुनेछ :

(क) गाउँपालिकाभित्र उद्यमशीलता प्रवर्द्धन तथा विकासका लागि अँगाल्नुपर्ने नीति तथा प्राथमिक्ता सम्बन्धमा राय सुझाव दिने,

(ख) गाउँपालिकाभित्र उपलब्ध स्थानीय कच्चा पदार्थहरूको सम्भाव्य उद्यमहरूको पहिचान गर्ने,

(ग) गाउँपालिकाभित्र सञ्चालनमा रहेका उद्यम व्यवसायहरूलाई सहजीकरण गर्ने,

(घ) गाउँपालिकाभित्र दर्ता भई सञ्चालन हुन नसकेका रुग्ण उद्यम व्यवसायहरूलाई पुनर्स्थापना गर्नमा सहजीकरण गर्ने,

(ङ) गाउँपालिकाभित्र सञ्चालनमा रहेका उद्यम व्यवसायको उत्पादकत्व एव. मूल्य शृङ्खलालाई अभिवृद्धि गर्नका लागि उपयुक्त आवश्यक सीप तथा प्रविधिको उपलब्धता एवं हस्तान्तरणमा सहजीकरण गर्ने,

(च) गाउँपालिकाभित्र उद्यम व्यवसाय स्थापना तथा विस्तारका लागि आकर्षित गर्न गाउँपालिकाले उपलब्ध गराउनुपर्ने सुविधा तथा सहुलियतबारे राय सुझाव दिने,

(छ) गाउँपालिकाभित्र औद्योगिक ग्राम स्थापना तथा विस्तारका लागि आवश्यक पहल एवं सहजीकरण गर्ने र स्थापना भएपछि सोको सञ्चालन र व्यवस्थापनमा सहजीकरण गर्ने,

(ज) गाउँपालिकाभित्र उद्यम व्यवसायको विस्तारलाई वातावरणमैत्रीका साथै उद्यमी तथा उपभोक्तामैत्री बनाउन राय सुझाव दिने,

(झ) गाउँपालिकाभित्र दर्ता नभई सञ्चालनमा रहेका उद्यम व्यवसायलाई औपचारिकता क्षेत्रमा समेट्न राय सुझाव दिने,

(ञ) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई गाउँपालिकामा सीप तथा पुँजी लगानी गरी उद्यम व्यवसाय सञ्चालनका लागि प्रोत्साहन गर्न आवश्यक सुझाव दिने ।

(ट) गाउँपालिकाभित्र उद्यम व्यवसाय प्रवर्द्धनका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच साझेदारीका लागि उपयुक्त उपाय तथा संयन्त्रबारे राय, सुझाव दिने ।

(ठ) गाउँपालिकाभित्र उद्यम व्यवसाय विकास तथा विस्तारका लागि आवश्यक लगानी जुटाउन सम्भाव्य उपायहरूबारे राय, सुझाव दिने ।

(ड) उद्यम व्यवसायलाई वित्तीय पहुँच बढाउन बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूसँग सहकार्य एवं सहजीकरण गर्ने ।

(ढ) विकट भौगोगिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका व्यक्ति तथा महिलालाई लक्षित उद्यम व्यवसाय प्रवर्द्धन गर्ने उपाय एवं सहुलियतहरूबारे राय, सुझाव दिने ।

(ण) गाउँपालिकाभित्र उद्यम व्यवसाय प्रवर्द्धनका लागि अँगाल्नुपर्ने उपायहरूबारे जिल्ला, प्रदेश र संघका सम्बद्ध निकायहरूलाई राय सुझाव दिने ।

(त) गाउँपालिकाअन्तर्गतका उद्यम व्यवसायहरूको अनुगमन गरी वा गर्न लगाई आवश्यक राय, सुझाव दिने ।

(थ) उद्यम व्यवसायसम्बन्धी वार्षिक प्रगति तयार तथा सार्वजनिक गर्न सहजीकरण गर्ने ।

## २.९ लघु उद्यमीका लागि विशेष व्यवस्था

गाउँपालिकामा लघु उद्यमी तथा महिला उद्यमीलाई प्रोत्साहित गर्न देहायबमोजिमको विशेष व्यवस्था गरिनेछ :

(क) गाउँपालिकामा जो कसैले नयाँ लघु उद्यम दर्ता गर्न नगरपालिकाको आर्थिक ऐनमा नियमित प्रावधान राखी कुनै शुल्क तथा दस्तुर लिइने छैन,

(ख) दर्ता नभई सञ्चालनमा रहेका लघु उद्यम दर्ता गर्न कुनै शुल्क तथा दस्तुर नलाग्ने गरी गाउँपालिकाको आर्थिक ऐनमा नियमित प्रावधान राखिनेछ,

(ग) लघु उद्यमीहरूलाई व्यवसाय सञ्चालनका लागि आवश्यक वित्तीय पहुँचलाई सहज तुल्याउन गाउँपालिकाको उद्यमशीलता प्रवर्द्धन कोषबाट बैंकिङ प्रणालीमार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ ।

(घ) लघु उद्यमीहरूलाई संघीय तथा प्रदेश कानूनबाट उपलब्ध विशेष सुविधा तथा सहुलियतको अतिरिक्त गाउँपालिकाको आर्थिक ऐनअन्तर्गत थप सुविधा तथा सहुलियत उपलब्ध गराउन सकिनेछ ।

## २.१० विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका व्यक्ति तथा महिला उद्यमीका लागि विशेष व्यवस्था

गाउँपालिकाको विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका व्यक्ति तथा महिला उद्यमीलाई प्रोत्साहित गर्न देहायबमोजिमको विशेष व्यवस्था गरिनेछ :

(क) विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका व्यक्ति तथा महिला उद्यमीलाई नयाँ उद्यम व्यवसाय दर्ता गर्न लाग्ने शुल्क तथा दस्तुरमा गाउँपालिकाको आर्थिक ऐनमा नियमित प्रावधान राखी पचास प्रतिशत छुट दिइनेछ,

(ख) विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका तथा महिला उद्यमीद्वारा दर्ता नगराई सञ्चालनमा रहेका उद्यम व्यवसायलाई अभिलेखीकरण गर्नमा प्रोत्साहित गर्न दर्ता गर्दा लाग्ने शुल्क तथा दस्तुर छुटसहितका विशेष प्रावधान आर्थिक ऐनमा राख्न सकिनेछ ।

(ग) विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका तथा महिला उद्यमीहरूलाई व्यवसाय सञ्चालनका लागि आवश्यक वित्तीय पहुँचलाई सहज तुल्याउने गरी बैंकिङ प्रणालीमार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सहजीकरण गर्नेछ ।

(घ) विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका तथा महिला उद्यमीहरूलाई संघीय तथा प्रदेशबाट उपलब्ध विशेष सुविधा तथा सहुलियतको अतिरिक्त गाउँपालिकाको आर्थिक ऐनअन्तर्गत थप सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

## २.११ उद्यमशीलता प्रवर्द्धन कोषको व्यवस्था

गाउँपालिकामा उद्यमशीलता प्रवर्द्धन तथा विकासमा सघाउ पुऱ्याउन सहुलियतपूर्ण कर्जा उपलब्धताका लागि देहायबमोजिमको एउटा गाउँपालिका उद्यमशीलता प्रवर्द्धन कोषको स्थापना गरिनेछ। यस कोषको सञ्चालनसम्बन्धी कार्यविधिहरूको विकास गरी बैंकिङ प्रणालीमार्फत व्यवस्थापन गरिनेछ ।

**(१) गाउँपालिका उद्यमशीलता प्रवर्द्धन कोषका स्रोतहरू**

गाउँपालिका उद्यमशीलता प्रवर्द्धन कोषमा निम्नबमोजिमका रकमहरू जम्मा गरिनेछन्:

(क) गाउँपालिकाद्वारा वार्षिक बजेटअन्तर्गत विनियोजन गरी उपलब्ध हुने रकम,

(ख) संघ र प्रदेशबाट उपलब्ध हुन सक्ने रकम,

(ग) गाउँपालिकालाई नेपाल सरकारको स्वीकृतिमा विदेशी सरकार तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त हुन सक्ने रकम,

(घ) नेपाल राष्ट्र बैंकको नीति निर्देशनअन्तर्गत बैंकहरूले प्राथमिकता क्षेत्रलाई प्रवाह गरिने कर्जाअन्तर्गत प्राप्त हुन सक्ने रकम,

(ङ) गाउँपालिकाभित्र विभिन्न गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित उद्यमशीलता प्रवर्द्धनअन्तर्गत प्राप्त हुन सक्ने रकम,

(च) निजी, वित्तीय तथा सहकारी क्षेत्रबाट संस्थागत सामाजिक उत्तरदायित्व स्वरूप प्राप्त हुने रकम,

(छ) अन्य सम्भाव्य स्रोतहरूबाट प्राप्त हुने रकम ।

**(२) गाउँपालिका उद्यमशीलता प्रवर्द्धन कोषको प्रयोजन**

गाउँपालिका उद्यमशीलता प्रवर्द्धन कोषको प्रयोजन देहायबमोजिम हुनेछ :

(क) लघु उद्यमीहरूलाई व्यवसाय सञ्चालनका लागि आवश्यक वित्तीय पहुँचलाई सहज तुल्याउन गाउँपालिकाको यस कोषबाट बैंकिङ प्रणालीमार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ ।

(ख) गाउँपालिकाका महिला उद्यमीहरूलाई व्यवसाय सञ्चालनका लागि आवश्यक वित्तीय पहुँचलाई सहज तुल्याउन गाउँपालिकाको यस कोषबाट बैंकिङ प्रणालीमार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ ।

(ग) गाउँपालिकाको औद्योगिक ग्रामभित्र लघु, घरेलु तथा साना उद्योगहरूको स्थापना तथा सञ्चालनका लागि यस कोषबाट बैंकिङ प्रणालीमार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ ।

(घ) गाउँपालिकाले निर्धारण गरेको उद्यमशीलता सम्बद्ध प्राथमिकताका क्षेत्रहरूमा यस कोषबाट बैंकिङ प्रणालीमार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ ।

**द्रष्टव्य:** गाउँपालिकाभित्र उद्यमशीलता प्रवर्द्धनका लागि उपलब्ध हुने सबै सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई यसै कोषमार्फत परिचालन गरिनेछ । यसका लागि सम्बद्ध सरोकारवालासँगको सहकार्यमा एउटा अलग्गै कार्यविधि तयार गरी लागू गरिनेछ ।

## २.११ उद्यम व्यवसायलाई सुविधा तथा सहुलियत

गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका उद्यम व्यवसायलाई प्रोत्साहित गर्न गाउँपालिकाले आर्थिक ऐनमा व्यवस्था गरी स्थानीय करहरूमा छुट तथा अन्य सुविधा तथा सहुलियतहरू प्रदान गर्न सक्नेछ ।

**द्रष्टव्य:** संघीय तथा प्रदेश कानुनहरूद्वारा उद्यम व्यवसायलाई उपलब्ध कर छुटलगायत अन्य सुविधा तथा सहुलियतहरू प्राप्त गर्नमा गाउँपालिकाद्वारा सहजीकरण गरिनेछ ।

# परिच्छेद- ३

# उद्योग व्यवसायसम्बन्धी प्रावधानहरू

## ३.१ उद्योगको वर्गीकरण

### ३.१.१ उद्योग वर्गीकरण (पुँजी लगानी तथा विशेषताका आधारमा)

संघीय कानूनअन्तर्गत औद्योगिक व्यवसाय ऐन, २०७६ द्वारा तोकिएबमोजिम उद्योगहरूलाई पुँजी लगानी र खास विशेषताहरूका आधारमा निम्नबमोजिम वर्गीकरण गरिएको हुँदा स्थानीय तहमा उद्योगहरू दर्ता गर्दा/गराउँदा सोहीबमोजिम गर्नु/गराउनुपर्दछः

**उद्योगको वर्गीकरण (पूँजी लगानीका आधारमा**

(क) लघु उद्यम
(ख) घरेलु उद्योग
(ग) साना उद्योग
(घ) मझौला उद्योग
(ङ) ठूला उद्योग

**(१) लघु उद्यम**

देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ :

(क) घर जग्गाबाहेक बढीमा बीस लाख रुपैयाँसम्म स्थिर पुँजी रहेको,
(ख) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,
(ग) उद्यमीसहित बढीमा नौ जनासम्म कामदार रहेको,
(घ) वार्षिक कारोबार एक करोड रुपैयाँभन्दा कम भएको,
(ङ) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युत्तीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिनको क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको ।

**(२) घरेलु उद्योग**

देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :

(क) परम्परागत सीप र प्रविधिमा आधारित,
(ख) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला संस्कृतिमा आधारित,
(ग) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको,
(घ) अनुसूची– ७ मा उल्लेख भएबमोजिमका उद्योगहरू ।

**(३) साना उद्योग**

लघु उद्यम र घरेलु उद्योगबाहेकका पन्ध्र करोड रुपैयाँसम्म स्थिर पुँजी भएको उद्योग ।

**(४) मझौला उद्योग**

पन्ध्र करोड रुपैयाँभन्दा बढी पचास करोडसम्म स्थिर पुँजी भएको उद्योग ।

**(५) ठूला उद्योग**

पचास करोड रुपैयाँभन्दा बढी स्थिर पुँजी भएको उद्योग ।

### ३.१.२ उद्योगको वर्गीकरणका लागि स्थिर पुँजीको मूल्यांकन आधार

(अ) माथि उल्लेख भएअनुसार उद्योगको वर्गीकरणका लागि स्थिर पुँजीको मूल्यांकन गर्दा निम्नबमोजिमका सम्पत्तिहरू प्राप्त गर्दाको लागत आधार लिनुपर्नेछ :

(क) जमिन तथा जमिनमुनि, अन्तरिक्ष, जल वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

(ख) जमिनमाथि निर्माण भएका भौतिक संरचना (जस्तैः ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली),

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत् आपूर्ति वा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपुर्जा,

(छ) परिवहनका साधन,

(ज) पुँजीगत प्रकृतिका कार्यालय सामग्री तथा उपकरण,

(झ) फिक्स्चर तथा फर्निचर,

(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली ।

(आ) माथि उल्लिखित सम्पत्तिको लागत मूल्यको अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायको खर्चलाई पनि उद्योगको स्थिर मूल्यमा समावेश गर्नुपर्दछ :

(क) पुँजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण खर्च,

(ख) पूर्वलगानी तथा पूर्वसञ्चालन खर्च,

(ग) पुँजीकृत हुने ब्याज खर्च,

(घ) उद्योग सञ्चालनपूर्वको वातावरणीय अध्ययन र अनुसन्धान खर्च ।

### ३.१.३ उद्योगको वर्गीकरण सम्बन्धमा संघीय कानूनअन्तर्गत औद्योगिक व्यवसाय ऐन, २०७६ अनुपालनाको आधार

उद्योगहरूको वर्गीकरण सम्बन्धमा संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ र प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को बीचमा भिन्नता रहेको स्थितिमा संघीय कानूनका प्रावधानहरूबमोजिम गर्नु/गराउनुपर्दछ ।

### ३.१.४ उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिका आधारमा वर्गीकरण

संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ मा उल्लेख भएबमोजिम उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिका आधारमा उद्योगहरूलाई निम्नबमोजिम वर्गीकरण गरिएको छः

**(क) ऊर्जामूलक उद्योग**

ऊर्जा उत्पादन गर्ने अनुसूची– ८ मा उल्लेख भएबमोजिमका उद्योगहरू ।

**(ख) उत्पादनमूलक उद्योग**

कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्धप्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तुहरू उत्पादन गर्ने उद्योगहरू ।

**(ग) कृषि, पशु सेवा तथा वन पैदावारमा आधारित उद्योग**

कृषि, पशु सेवा तथा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित अनुसूची– ९ मा उल्लेख भएबमोजिमका उद्योगहरू ।

**(घ) खनिज उद्योग**

खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातुबाहेकका खनिज पदार्थ मालवस्तुहरू उत्पादन गर्ने उद्योगहरू ।

**(ङ) पूर्वाधार उद्योग**

भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची– १० मा उल्लेख भएबमोजिमका उद्योगहरू ।

**(च) पर्यटन उद्योग**

पर्यटन सेवासँग सम्बन्धित अनुसूची– ११ मा उल्लेख भएबमोजिमका उद्योगहरू ।

**उद्योगको वर्गीकरण (उत्पादन हुने वस्तु तथा सेवाका आधारमा**

(क) ऊर्जामूलक उद्योग

(ख) उत्पादनमूलक उद्योग

(ग) कृषि, पशु तथा वन पैदावारमा आधारित उद्योग

(घ) खनिज उद्योग

(ङ) पूर्वाधार उद्योग

(च) पर्यटन उद्योग

(छ) सूचना, सञ्चार प्रविधिमा आधारित उद्योग

(ज) सेवामूलक उद्योग

(झ) अनुमति लिनुपर्ने उद्योग

(ञ) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग

**(छ) सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग**

सूचना संकलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रसारण प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची– १२ मा उल्लेख भएबमोजिमका उद्योगहरू ।

**(ज) सेवामूलक उद्योग**

सेवा उत्पादन गर्ने वा प्रदान गर्ने अनुसूची– १३ मा उल्लेख भएबमोजिमका उद्योगहरू ।

**द्रष्टव्य:** प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ मा उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिका आधारमा वर्गीकरणमा पूर्वाधार उद्योगबाहेक अन्य सबै संघीय कानूनबमोजिमकै वर्गीकरण कायम गरिएको छ । पूर्वाधार उद्योगलाई भने निर्माण उद्योगको नाम दिई सोको विवरण भने संघीय कानूनको पूर्वाधार उद्योग समान कायम गरिएको छ ।

**(झ) अनुमति लिनुपर्ने उद्योग**

संघीय कानून औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम अनुसूची- १४ मा उल्लेख भएबमोजिमका उद्योगहरू गाउँपालिकामा दर्ता गर्नुअघि संघीय सरकारबाट अनुमति लिएको हुनुपर्नेछ ।

**(ञ) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग**

गाउँपालिकाले उद्योग व्यवसायको विकास तथा विस्तार गर्दा संघीय कानून औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम अनुसूची- १५ मा उल्लेख भएबमोजिमका राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगहरूको सूचीलाई आधार लिनुपर्नेछ ।

## ३.२ उद्योगको दर्ता तथा नवीकरण

### ३.२.१ उद्योग दर्ताका लागि सिफारिसका लागि सम्बन्धित वडासमक्ष निवेदन दिनुपर्ने

गाउँपालिकाभित्र उद्योग स्थापना गर्न चाहनेले तोकिएबमोजिमका विवरण र कागजातसहित सिफारिसका लागि सम्बन्धित वडासमक्ष निवेदन दिनुपर्नेछ। यस प्रकारको निवेदन पेस गर्दा माथि प्रकरण २.४ मा उल्लेख भएअनुसार उद्योग व्यवसायको कानूनी स्वरूप र प्रकरण ३.१ मा उल्लेख भएअनुसार उद्योग व्यवसायको वर्गीकरण खुलाइएको हुनुपर्दछ।

### ३.२.२ उद्योग दर्ताका लागि वडासमक्ष सिफारिसका लागि निवेदन दिँदा पेस गर्नुपर्ने निवेदन तथा कागजातहरू

(१) गाउँपालिकाभित्र उद्योग दर्ताका लागि वडासमक्ष सिफारिसका लागि निवेदन दिँदा अनुसूची–१ को ढाँचामा तोकिएबमोजिमका आवश्यक विवरण तथा निम्नबमोजिमका कागजातहरू वडाद्वारा तोकिएको सिफारिस दस्तुर दाखिला गरेको रसिद वा भौचरसहित पेस गर्नुपर्नेछ :

- (क) निवेदक/निवेदकहरूको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- (ख) उद्योगमा गरिने पुँजी लगानी तथा विशेषता र उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा खुलाएको वर्गीकरण,
- (ग) व्यवसायको कानूनी स्वरूप खुलाएको वर्गीकरण,
- (घ) उद्योग रहने स्थानको नक्सांकनसहितको विवरण,
- (ङ) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भए सोको अख्तियारी पत्र,
- (च) साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भए साझेदारबीचको सम्झौताको प्रमाणित प्रतिलिपि,
- (छ) कम्पनीको रूपमा उद्योग स्थापना गर्न चाहेको भए कम्पनी रजिस्ट्रारको कार्यालय वा अख्तियार प्राप्त अधिकारीबाट प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कम्पनीको प्रबन्धपत्र तथा नियमावली,
- (ज) प्रचलित कानूनबमोजिम वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरण परीक्षण गराउनुपर्ने उद्योगको सन्दर्भमा त्यस्तो मूल्यांकन वा परीक्षणको प्रमाणपत्र,
- (झ) तोकिएबमोजिमका अन्य कागजातहरू।

(२) उद्योग दर्ता सिफारिसका लागि संलग्न कागजातहरू पर्याप्त भएकोमा वडामा निवेदन प्राप्त भएको दुई दिनभित्र वडाले सिफारिस गरिदिनुपर्दछ। कुनै कारणवश सिफारिस गर्न नसक्ने भएमा वडाले माथि तोकिएबमोजिमको म्यादभित्र लिखित कारण दिनुपर्नेछ।

(३) उद्योग व्यवसाय दर्ता प्रयोजनका लागि निवेदन पेस गर्दा उद्योगको स्तरअनुसार साना/मझौला/ठूला उद्योग व्यवसायका लागि अनुसूची- १(क) बमोजिमको परियोजना विवरण र लघु उद्यम तथा घरेलु उद्योगका लागि अनुसूची- १(ख) बमोजिमको विवरणसमेत पेस गर्नुपर्नेछ।

### ३.२.३ उद्योग दर्ताका लागि गाउँपाालिकामा वडाको सिफारिससहित प्राप्त निवेदन माथिको कारबाही

गाउँपालिकामा उद्योग दर्ताका लागि वडाको सिफारिससहित प्राप्त निवेदनमाथि निम्नबमोजिमको कारबाही गर्नुपर्दछ :

(क) निवेदन फाराममा माग गरिएका जानकारीहरू पर्याप्त भए नभएको जाँच गर्ने ।

(ख) संलग्न गरिएका कागजातहरू पर्याप्त भए नभएको जाँच गर्ने ।

(ग) उद्योग दर्ताका लागि वडाबाट अनुकूल सिफारिस भए नभएको जाँच गर्ने ।

(घ) उद्योगलाई कम्पनीको रूपमा दर्ता गर्नका लागि कम्पनी रजिस्ट्रारको कार्यालय वा अख्तियार प्राप्त अधिकारीबाट प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कम्पनीको प्रबन्धपत्र तथा नियमावली पेस भएको हुनुपर्ने ।

(ङ) उद्योगलाई प्राइभेट फर्मको रूपमा तोकिएको वर्गीकरणभित्र दर्ता गर्नका लागि निवेदन परेकोमा संघ वा प्रदेशबाट दिइएको अख्तियारीबमोजिम हुनेछ । यस्तो अख्तियारी नदिइएको अवस्थामा प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ (संशोधन २०७५) र साझेदारी ऐन, २०२० (संशोधन २०७५) मा व्यवस्था भएबमोजिम संघ वा प्रदेशको सम्बद्ध निकायबाट उद्योगको कानूनी मान्यता अग्रिम रूपमा प्राप्त गर्नुपर्ने ।

(च) सहकारी उद्योग व्यवसायको रूपमा सञ्चालन गर्ने गरी उद्योग दर्ताका लागि निवेदन परेकोमा यस्तो सहकारी संस्था दर्ता भएको प्रमाणपत्र पेस भएको हुनुपर्ने ।

(छ) उद्योग दर्ताका लागि गाउँपालिकामा प्राप्त निवेदन र कागजातहरू ठीक पाइएमा लघु, घरेलु र साना उद्योगलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (५) को (घ) ले दिएको अधिकार र संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ६१ मा तोकिएबमोजिम गाउँपालिकाले दर्ता गरी प्रमाणपत्र प्रदान गर्नुपर्ने ।

तर संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ मा उल्लेख भएबमोजिम संघीय सरकारको औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डबाट उद्योग स्थापना तथा सञ्चालनका लागि अनुमति लिनुपर्ने भनी अनुसूची– १४ मा उल्लेख भएका सबै स्तरका उद्योगहरूको दर्तासम्बन्धी कारबाही भने संघीय सरकारको उद्योग विभागबाट हुने ।

(ज) संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५(३) मा उल्लेख भएबमोजिम लघु उद्यमको हकमा त्यस्तो उद्योग सञ्चालन भएको एक वर्षभित्र उद्योग दर्ता गर्न सकिने ।

(झ) मझौला तथा ठूला उद्योग दर्ताको हकमा तल उल्लेख भएबमोजिम संघ वा प्रदेशको सम्बन्धित निकायबाट हुने ।

### ३.२.४ गाउँपालिकामा दर्ता हुने लघु, घरेलु र साना उद्योगको प्रमाणपत्र दिनुपर्ने

गाउँपालिकामा दर्ता हुने लघु, घरेलु र साना उद्योगलाई देहायका विवरणसमेत खुलाई प्रमाणपत्र अनुसूची– २ को ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ :

(क) उद्योग दर्ता प्रमाणपत्र जारी भएको मिति,
(ख) व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,
(ग) उद्योग रहने स्थान, लगानी गरिने पुँजी, उद्योगको क्षमता,
(घ) उद्योगको स्वामित्व र कानूनी हैसियत ।

**द्रष्टव्यः**

(१) उद्योग दर्ता प्रमाणपत्रको साथमा दिइने पत्रमा गाउँपालिकाको पत्रमा उद्योगले पालन गर्नुपर्ने सर्तहरू र उद्योगको प्रकृतिअनुसार अन्य सर्तहरूसमेत उल्लेख गर्नुपर्नेछ ।

(२) उद्योग दर्ता प्रमाणपत्रको साथमा दिइने पत्रको बोधार्थ संघको उद्योग विभाग, प्रदेशको उद्योग हेर्ने निकाय (जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय), उद्योग व्यवसायीहरूको स्थानीय तथा जिल्ला संघलाई समेत दिनुपर्नेछ ।

(३) गाउँपालिकामा उद्योग दर्ताको निवेदन तथा स्वीकृतिसम्बन्धी कागजातहरू प्रमाणित गर्दा विद्युतीय हस्ताक्षरलाई मान्यता दिन सकिनेछ र यस्ता कागजातहरू विद्युतीय माध्यमबाट समेत आदानप्रदान गर्न सकिनेछ ।

## ३.२.५ सहकारी क्षेत्रमा उद्योग दर्ता तथा सञ्चालन

(१) संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७ (५) मा उल्लेख गरिएको प्रावधानबमोजिम गाउँपालिकाले सहकारी संस्थाको स्वामित्व रहने गरी तोकिएको दस्तुर लिई लघु, घरेलु र साना स्तरमा रही उद्योग व्यवसाय सञ्चालन गर्ने गरी सहकारी उद्योग गाउँपालिकामा दर्ता गर्न सकिनेछ ।

(२) माथि प्रकरण (१) मा उल्लेख भएबमोजिम सहकारी संस्था विशेष वा सहकारी क्षेत्रसमेतको साझेदारीमा गाउँपालिकाको क्षेत्राधिकारभित्र भन्दा बाहिरको उद्योग दर्ता तथा सञ्चालनका लागि सिफारिस माग भई आएमा आवश्यक जाँचबुँझ गरी तोकिएको दस्तुर लिई सम्बद्ध संघीय निकायमा सिफारिस गरिदिनुपर्दछ ।

## ३.२.६ दर्ता नभई सञ्चालनमा रहेका लघु, घरेलु र साना उद्योगलाई औपचारिक दायरामा ल्याउन पहल गर्नुपर्ने

गाउँपालिकाभित्र दर्ता नभई सञ्चालनमा रहेका लघु, घरेलु र साना उद्योगलाई औपचारिक दायरामा ल्याउन गाउँपालिकाले निम्नबमोजिमको पहल गर्नुपर्नेछ :

(क) गाउँपालिकाभित्र दर्ता नभई सञ्चालनमा रहेका लघु, घरेलु र साना उद्योगको लगत स्थानीय उद्योग तथा व्यवसाय संघहरूसँगको सहकार्यमा अद्यावधिक गर्ने,

(ख) दर्ता नभई सञ्चालनमा रहेका लघु, घरेलु र साना उद्योगलाई औपचारिक दायरामा ल्याउन स्थानीय उद्योग तथा व्यवसाय संघहरूसँगको सहकार्यमा अभिमुखीकरणलगायत गाउँपालिकाको कार्यपालिकाबाट विशेष निर्णय गराई सुविधा तथा सहुलियत प्रदान गर्ने,

(ग) दर्ता नभई सञ्चालनमा रहेका लघु, घरेलु र साना उद्योगलाई औपचारिक दायरामा नआउने उद्यमीलाई गाउँपालिकाभित्रका सार्वजनिक निकायहरूद्वारा दिइने सेवा सुविधालाई निषेधित गर्ने ।

### ३.२.७ मझौला तथा ठूला उद्योग दर्ताका लागि गाउँपालिकाको सिफारिस

(१) गाउँपालिकाभित्र मझौला तथा ठूला उद्योग दर्ताका लागि सिफारिसका निमित्त तोकिएको सिफारिस दस्तुर दाखिला गरेको रसिद वा भौचरसहित निवेदन पेस भएकोमा गाउँपालिकाले अध्ययन गरी वडासँगको परामर्शमा सात दिनभित्र सिफारिस गर्नुपर्दछ ।

(२) मझौला तथा ठूला उद्योग दर्ताका लागि सिफारिसका निमित्त प्राप्त निवेदनअनुसार गाउँपालिकाले अध्ययन गर्दा सिफारिस गर्न नसकिने ठोस कारण भएमा सोको लिखित जानकारी सात दिनभित्र दिनुपर्दछ ।

### ३.२.८ संघीय स्तरबाट दर्ता हुने मझौला तथा ठूला उद्योग

संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ मा उल्लेख भएबमोजिम निम्न उद्योगहरू संघको सम्बद्ध निकाय उद्योग विभागद्वारा दर्ता गरिनेछन् :

(क) यस पुस्तिकाको अनुसूची–१४ मा उल्लेख भएबमोजिमका औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डबाट अनुमति आवश्यक पर्ने उद्योग,

(ख) विदेशी लगानीमा स्थापना हुने उद्योग,

(ग) नेपालको संविधानको अनुसूची– ५ मा उल्लिखित विषयसँग सम्बन्धित उद्योग,

(घ) दुई वा दुईभन्दा बढी प्रदेशमा कार्यक्षेत्र भएको उद्योग,

(ङ) कुटनीतिक मामिलासम्बन्धी शैक्षिक परामर्श सेवाहरूसँग सम्बन्धित उद्योग ।

**द्रष्टव्य:**

(१) माथि उल्लेख भएअनुसार संघबाट दर्ता हुने उद्योगहरू गाउँपालिकाभित्र स्थापना गर्नका लागि संघीय औद्योगिक व्यवसाय ऐन तथा नियमावलीमा तोकिएबमोजिम संघको उद्योग विभागमा निवेदन दिनुपर्नेछ ।

(२) माथि उल्लेख भएअनुसार संघबाट दर्ता हुने उद्योगहरू गाउँपालिकाभित्र स्थापना गर्नका लागि संघको उद्योग विभागमा निवेदन परेकोमा गाउँपालिकाको सिफारिस माग गरिएकोमा सबै व्यहोरा जाँचबुझ गरी उपयुक्त देखिएमा सिफारिस गर्नुपर्नेछ ।

### ३.२.९ प्रदेश स्तरबाट दर्ता हुने मझौला तथा ठूला उद्योग

(क) संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको अनुमति चाहिने उद्योगहरू गाउँपालिकाभित्र स्थापनाका लागि संघको उक्त बोर्डद्वारा अनुमति प्रदान भइसकेको अवस्थामा संघद्वारा प्रत्यायोजित अधिकारअन्तर्गत प्रदेश सरकारको सम्बद्ध निकायले दर्ता गरी प्रमाणपत्र जारी गर्नेछ । यस्तो अधिकार प्रत्यायोजन नभएकोमा संघको उद्योग विभागद्वारा सिधै प्रमाणपत्र जारी गरिनेछ ।

(ख माथि प्रकरण ३.२.७ मा उल्लेख गरिएका संघद्वारा उद्योग स्थापनाका लागि अनुमति प्रदान तथा दर्ता गरिनेबाहेकका मझौला तथा ठूला उद्योगहरू

गाउँपालिकाभित्र स्थापनाका लागि प्रदेश सरकारको सम्बद्ध निकायले दर्ता गरी प्रमाणपत्र जारी गर्नेछ ।

(ग) माथि उल्लेख भएअनुसार प्रदेशबाट दर्ता हुने उद्योगहरू गाउँपालिकाभित्र स्थापना गर्नका लागि प्रदेश औद्योगिक व्यवसाय ऐनमा तोकिएबमोजिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा निवेदन दिनुपर्नेछ ।

(घ) माथि उल्लेख भएअनुसार संघबाट दर्ता हुने उद्योगहरू गाउँपालिकाभित्र स्थापना गर्नका लागि प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा निवेदन परेकोमा गाउँपालिकाको सिफारिस माग गरिएकोमा सबै व्यहोरा जाँचबुझ गरी उपयुक्त देखिएमा सिफारिस गर्नुपर्नेछ ।

## ३.३ उद्योग सञ्चालन र व्यावसायिक उत्पादन वा कारोबारको जानकारी दिनुपर्ने

(१) यस कार्यविधिबमोजिम गाउँपालिकाद्वारा दर्ता गरिएका सबै उद्योगहरूले प्रमाणपत्रमा उल्लिखित अवधिभित्र उद्योग सञ्चालन गरी व्यावसायिक उत्पादन वा कारोबारको सुरुवात गरेको गाउँपालिकालाई लिखित जानकारी दिनुपर्नेछ ।

(२) तोकिएको अवधि भित्र उद्योग सञ्चालन गरी व्यावसायिक उत्पादन वा कारोबारको सुरुवात गर्न नसकेको अवस्थामा सोको कारण खुलाई थप चाहिने अवधि उल्लेख गरी अवधि थपका लागि निवेदन दिन सकिनेछ ।

(३) प्रकरण (२) मा उल्लेख भएबमोजिम उद्योग सञ्चालन गरी व्यावसायिक उत्पादन वा कारोबारको सुरुवात गर्न अवधि थपका लागि निवेदन पेस हुन आएमा गाउँपालिकाले अवधि तोकी म्याद थप गर्न सक्नेछ । यस्तो स्वीकृति दिनु पूर्व गाउँपालिकाले उद्योग स्थापना हुने ठाउँको स्थलगत अवलोकनसमेत गर्न सक्नेछ ।

(४) गाउँपालिकाको अधिकार क्षेत्रभन्दा बाहिर प्रदेश वा संघमा दर्ता भएको उद्योग स्थापना गरी व्यावसायिक उत्पादन वा कारोबारको सुरुवात गर्ने अवधि थपका लागि सिफारिसका लागि गाउँपालिकामा निवेदन पेस हुन आएमा आवश्यकता विचार गरी उद्योग स्थापना हुने ठाउँको स्थलगत अवलोकनसमेत गरी अवधि थपका लागि सिफारिस गर्न सक्नेछ ।

## ३.४ उद्योगको स्थानान्तरण वा अन्य हेरफेर गर्दा स्वीकृति लिनुपर्ने

(१) गाउँपालिकाभित्र कुनै तोकिएको स्थानमा दर्ता भएको लघु, घरेलु तथा साना उद्योग गाउँपालिकाभित्रकै अन्य कुनै तोकिएको स्थानमा स्थानान्तरण गर्ने गरी कारणसहित तोकिएबमोजिमको दस्तुर बुझाएको रसिद/भौचरसहितको निवेदन प्राप्त भएमा गाउँपालिकाले उपयुक्तता विचार गरी स्वीकृति दिन सक्नेछ ।

तर यस्तो स्वीकृति दिनुअघि गाउँपालिकाले उद्योग स्थानान्तरण हुने वडाको सिफारिस माग गर्न सक्नेछ ।

(२) गाउँपालिकाभित्र कुनै तोकिएको स्थानमा दर्ता भएको लघु, घरेलु तथा साना उद्योग गाउँपालिकाभन्दा बाहिर अन्य कुनै स्थानमा स्थानान्तरण गर्ने गरी

कारणसहित तोकिएबमोजिमको दस्तुर बुझाएको रसिद/भौचरसहितको निवेदन प्राप्त भएमा गाउँपालिकाले उपयुक्तता विचार गरी स्वीकृति दिन सक्नेछ।

(३) प्रदेश वा संघमा दर्ता भई गाउँपालिकाभित्र स्थापना भएको उद्योग गाउँपालिकाभित्र नै एक स्थानबाट अन्य कुनै स्थानमा वा गाउँपालिकाभन्दा बाहिर अन्य कुनै स्थानमा स्थानान्तरण गर्ने गरी कारणसहित तोकिएबमोजिमको दस्तुर बुझाएको रसिद/भौचरसहितको निवेदन प्राप्त भएमा गाउँपालिकाले उपयुक्तता विचार गरी सिफारिस गर्न सक्नेछ।

तर गाउँपालिकाभित्र नै एक स्थानबाट अन्य कुनै स्थानमा उद्योग स्थानान्तरण गर्ने सिफारिस माग भएकोमा उद्योग स्थानान्तरण गरिने वडाको सिफारिस गाउँपालिकाले माग गर्न सक्नेछ।

(४) गाउँपालिकाद्वारा दर्ता गरिएको लघु, घरेलु तथा साना उद्योगको पुँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थपघट वा परिवर्तन गर्नका लागि कारणसहित तोकिएबमोजिमको दस्तुर बुझाएको रसिद/भौचरसहितको निवेदन प्राप्त भएमा आवश्यक जाँचबुझ गरेर उपयुक्तता विचार गरी गाउँपालिकाले स्वीकृति दिन सक्नेछ।

तर माथि उल्लेख भएअनुसार गाउँपालिकामा दर्ता भएका लघु, घरेलु तथा साना उद्योगको पुँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थपघट गर्दा उद्योगको वर्गीकरणमा परिवर्तन हुन गई गाउँपालिकाको कार्यक्षेत्रभन्दा बाहिर पर्ने भएमा संघ वा प्रदेशको सम्बद्ध निकायलाई माग भएबमोजिम पुँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थपघटका लागि गाउँपालिकाले आवश्यक दस्तुर लिई सिफारिससम्म गर्न सक्नेछ। यस प्रकारको परिवर्तनपश्चात् गाउँपालिकाको अभिलेखमा आवश्यक समायोजन गर्नुपर्नेछ।

(५) गाउँपालिकाभित्र स्थापना तथा सञ्चालन गर्ने गरी संघ वा प्रदेशमा दर्ता गरिएका उद्योगको पुँजी, क्षमता र उद्देश्यमा हेरफेर हुन गई गाउँपालिकाको कार्यक्षेत्रभित्र पर्ने भएमा त्यस्तो उद्योगलाई गाउँपालिकाको अभिलेखमा समावेश गर्नुपर्नेछ।

यस्तो परिवर्तन गर्नुअघि संघ वा प्रदेशको सम्बद्ध निकायबाट गाउँपालिकाको राय माग भएमा राय दिनुपर्नेछ।

## ३.५ उद्योग बन्द गरेमा जानकारी गराउनुपर्ने

(१) गाउँपालिकामा सञ्चालनमा रहेको उद्योग कुनै कारणले बन्द वा स्थगन गरेमा सोको लिखित जानकारी गाउँपालिकालाई सात दिनभित्र दिनुपर्नेछ।

(२) यस्तो जानकारी प्राप्त भएपछि कुनै किसिमको अवरोध वा बाधा उत्पन्न भएको कारणले उद्योग बन्द वा स्थगन भएको पाइएमा गाउँपालिकाले सम्बद्ध पक्षहरूसँग छलफल गरी त्यस्तो अवरोध वा बाधा हटाउनमा पहल गर्नुपर्नेछ।

## ३.६ उद्योग व्यवसायको नवीकरण तथा दर्ता खारेजी

(१) आर्थिक वर्षको समाप्तिपछि तीन महिनाभित्र तोकिएको दस्तुर दाखिला गरी उद्योग व्यवसायको नवीकरण गर्नुपर्नेछ। गाउँपालिकाबाट नवीकरण गरिँदा अनुसूची- २(क) को ढाँचामा प्रमाणपत्रको पछाडि उल्लेख गर्नुपर्नेछ।

(२) गाउँपालिकामा दर्ता भएका लघु, घरेलु तथा साना उद्योग सञ्चालन गर्न नसक्ने कारण खुलाई खारेजीका लागि गाउँपालिकामा तोकिएको दस्तुर दाखिला गरेको प्रमाणसहित निवेदन दिएमा निम्न कुराहरू बुझेर खारेजीको अनुमति दिन सक्नेछ।

(क) उद्योग सञ्चालन गर्न नसक्ने कारण यथार्थ हुनुपर्दछ।

(ख) खारेजीको माग गर्ने उद्योगले बुझाउनुपर्ने करलगायत सरकारी तथा अन्य वित्तीय दायित्व चुक्ता गरेको हुनुपर्दछ।

(३) संघ र प्रदेशमा दर्ता भई गाउँपालिकाभित्र स्थापना भएका उद्योग खारेजीका लागि संघ र प्रदेशबाट सिफारिस माग भएमा उद्योग खारेजीको कारणबारे स्थलगत अवस्था बुझी गाउँपालिकाले आवश्यक दस्तुर लिई सिफारिससम्म गर्न सक्नेछ।

तर यस्तो सिफारिस गर्दा बुझाउनुपर्ने करलगायत सरकारी तथा अन्य वित्तीय दायित्वसम्बन्धी बक्यौता रहे नरहेको बुझ्ने जिम्मेवारी सम्बद्ध संघीय वा प्रदेश निकायको हुनेछ।

(४) सहकारी उद्योग व्यवसायको दर्ता खारेजी गर्नुपर्दा सहकारी कानूनमा उल्लिखित प्रावधानहरूसमेतलाई पालना गर्नुपर्नेछ।

(५) माथि प्रकरण (१) र (२) मा उल्लेख भएअनुसार उद्योग खारेजी भएपछि गाउँपालिकाको अभिलेखमा लगत कट्टा गर्नुपर्दछ।

## ३.६(क) उद्योग व्यवसायको नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण

उद्योग व्यवसायको नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण गर्नको निमित्त अनुसूची- ४ को ढाँचामा दरखास्त पेस गर्नुपर्नेछ। यस्तो निवेदन प्राप्त हुन आएकोमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा अनुसूची- ५ को ढाँचामा गाउँपालिकाले उद्योग व्यवसायको नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरणको स्वीकृति प्रदान गर्नुपर्नेछ।

## ३.६(ख) गाउँपालिकाको विषयगत ऐनबमोजिम उद्योग व्यवसाय दर्ता, नवीकरण, खारेजी, नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण

गाउँपालिकाले विषयगत आधारमा जारी गरेको ऐन, नियमावली तथा कार्यविधिबमोजिम उद्योग व्यवसाय दर्ता, खारेजी र नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण नवीकरण गर्दा तोकिएअनुसारको दर्ता तथा नवीकरण दस्तुर लिइनेछ।

## ३.७ उद्योगको अनुगमन तथा निरीक्षण गर्ने

(क) गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्योगको वस्तुस्थिति र तोकिएका सर्तहरूको पालना भए नभएको बारे बुझ्न

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा उद्यम व्यवसायसम्बन्धी अधिकृतले तोकिएको अधिकारीलाई अनुगमन तथा निरीक्षणमा खटाउन सक्नेछन् ।

(ख) प्रकरण (क) मा उल्लेख भएबमोजिम खटाइएको व्यक्तिले आफ्नो अनुगमन तथा निरीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत वा उद्यम व्यवसायसम्बन्धी अधिकृतलाई पेस गर्नुपर्दछ ।

(ग) प्रकरण (ख) मा उल्लेख भएबमोजिम पेस भएको अनुगमन तथा निरीक्षण प्रतिवेदनको आधारमा गाउँपालिकाद्वारा थप कुनै कारबाही गर्नुपर्ने देखिएमा प्रचलित कानून र कार्यविधिको परिधिभित्र रहेर गर्नुपर्दछ ।

(घ) उद्योगको अनुगमन तथा निरीक्षणको दौरानमा उद्योग सञ्चालनलाई सघाउ पुऱ्याउन गाउँपालिकाको तर्फबाट कुनै सहजीकरणको आवश्यक देखिएमा यथोचित पहल गरिदिनुपर्दछ ।

(ङ) संघ र प्रदेशमा दर्ता भई गाउँपालिकाभित्र स्थापना भएका उद्योगको अनुगमन तथा निरीक्षणका लागि कार्य विवरणसहित संघ र प्रदेशको सम्बद्ध निकायबाट लेखी आएमा गाउँपालिकाले निरीक्षक खटाई प्रतिवेदन गर्न सक्नेछ ।

(च) गाउँपालिका क्षेत्रभित्र संघीय तथा प्रदेश सरकारहरूबाट इजाजत प्राप्त गरी सञ्चालन भएका उद्योग व्यवसायहरूले तोकेका सर्त तथा मापदण्डको परिपालना गरे/नगरेको अनुगमन तथा निरीक्षण गरी सम्बन्धित तहको सरकारलाई गाउँपालिकाले प्रतिवेदन पेस गर्न सक्नेछ। यदि त्यस्ता उद्योग व्यवसायको नियमन गर्न गाउँपालिकामा प्राविधिक जनशक्ति उपलब्ध नभएमा आवश्यक प्राविधिक जनशक्ति उपलब्धताका लागि सम्बन्धित तहको निकायमा गाउँपालिकाले अनुरोध गर्न सक्नेछ ।

(छ) यस्ता उद्योग व्यवसायसम्बन्धी गुनासो प्राप्त भएमा सोसम्बन्धी अध्ययन गरी निराकरण तथा व्यवस्थापनका लागि गाउँपालिकाले आवश्यक पहल गर्नेछ ।

(ज) संघ र प्रदेशमा दर्ता भई गाउँपालिकाभित्र सञ्चालन भएका उद्योग व्यवसायले वातावरणीय वा तोकिएका अन्य मापदण्ड पालना नगरेको देखिएमा तथा स्थानीय बासिन्दालाई हानि नोक्सानी पुग्ने देखिएमा त्यस्तो उद्योग व्यवसाय स्थगन वा खारेजीका सम्बन्धित तहमा सिफारिस गर्न सक्नेछ ।

## ३.८ उद्योगलाई उपलब्ध हुने कर तथा गैरकर छुट र अन्य सुविधा सहुलियत

प्रचलित संघीय तथा प्रदेश कानूनहरूबमोजिम उद्योग व्यवसायलाई विभिन्न कर तथा गैरकर छुट र अन्य सुविधा सहुलियत प्राप्त हुने प्रावधानहरू राखिएका छन्। यसैगरी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उद्योग व्यवसाय प्रवर्द्धनका लागि गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था गरी थप छुट एवं सुविधा सहुलियत प्रदान गर्न सक्नेछ । समग्रमा गाउँपालिका क्षेत्रमा सञ्चालन भएका उद्योग व्यवसायलाई निम्नबमोजिमका कर तथा गैरकर छुट र अन्य सुविधा सहुलियत प्राप्त हुनेछन् :

### ३.८.१ गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायले संघीय कानूनबमोजिम पाउने कर छुट, सुविधा तथा सहुलियत

### ३.८.१(क) गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायले संघीय औद्योगिक व्यवसाय ऐनबमोजिम पाउने कर छुट, सुविधा तथा सहुलियत

संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ द्वारा उद्योग व्यवसायलाई निम्नबमोजिमका कर छुट र सुविधा सहुलियत उपलब्ध गराइएका छन् :

**(अ) उद्योग व्यवसायलाई उपलब्ध आयकर छुट तथा सहुलियत**

(क) लघु उद्यमको रूपमा सञ्चालन हुने उद्योग व्यवसायलाई शतप्रतिशत आयकर छुट हुनेछ ।

(ख) रु. एक करोडसम्म स्थिर पुँजी भएका घरेलु उद्योग र साना उद्योगलाई लाग्ने आयकरमा पचास प्रतिशत आयकर छुट हुनेछ ।

(ग) आयकर छुट पाउने माथि प्रकरण (क) र (ख) मा उल्लेख गरिएका बाहेकका उद्योगहरूको हकमा उत्पादनमूलक उद्योगबाट आर्जित आयमा लाग्ने करको दरमा बीस प्रतिशत छुट हुनेछ र त्यस्तो उद्योगले आफ्नो उत्पादन निर्यात गरी आर्जित गरेको आयमा लाग्ने आय करको दरमा थप पाँच प्रतिशतले आयकर छुट हुनेछ ।

(घ) अनुसूची–११ बमोजिमका अति अविकसित, अविकसित र कम विकसित क्षेत्रमा स्थापित उत्पादनमूलक उद्योग (फलफूलमा आधारित ब्रान्डी साइडर एवं वाइन उत्पादन गर्ने उद्योगबाहेक) ले उत्पादन वा कारोबार सुरु गरेको दस वर्षसम्म लाग्ने आय करको दरमा क्रमशः नब्बे, असी र सत्तरी प्रतिशत छुट हुनेछ ।

(ङ) अति अविकसित र अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्रान्डी साइडर एवं वाइन उत्पादन गर्ने उद्योगले उत्पादन वा कारोबार सुरु गरेको दस वर्षसम्म लाग्ने आय करको दरमा क्रमशः चालीस र पच्चीस प्रतिशत छुट हुनेछ ।

(च) स्वदेशी चिया उत्पादन र प्रशोधन गर्ने उद्योग, डेरी उद्योग र कपडा उद्योगको आयमा लाग्ने आय करको दरमा पचास प्रतिशतले आयकर छुट हुनेछ ।

(छ) वि.सं. २०८० सम्ममा जलविद्युत् वा सौर्य वा वायु वा जैविक पदार्थबाट उत्पादन हुने विद्युत् आयोजनालाई पहिलो दस वर्षसम्म पूरै आयकर छुट र त्यसपछिको पाँच वर्षसम्म पचास प्रतिशतले आयकर छुट हुनेछ ।

(ज) खनिज (तथा इन्धनबाहेक), पेट्रोलियम पदार्थ, प्राकृतिक ग्यास तथा इन्धन अन्वेषण तथा उत्खनन् गर्नेलाई वि.सं. २०८० सम्म पहिलो सात वर्षसम्म पूरै आयकर छुट र त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशतले आयकर छुट हुनेछ ।

(झ) पूर्वाधारसम्बन्धी उद्योगको आयमा लाग्ने आय करको दरमा चालिस प्रतिशतले आयकर छुट हुनेछ ।

(ञ) माथि उल्लेख भएका अतिरिक्त संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ मा व्यवस्था भएबमोजिम विशेष गरेर मझौला तथा ठूला उद्योगहरूलाई लागू हुने अन्य प्रकारका आयकर छुट र सुविधा सहुलियत विभिन्न आधारमा उपलब्ध हुनेछन् ।

**द्रष्टव्यः** माथि उल्लेख भएअनुसारका आयकर छुट र सुविधा सहुलियत प्रदान गर्नमा संघीय आन्तरिक राजस्व विभाग र मातहतका कार्यालयहरूबाट सिधै कारबाही गरिनेछ । सो प्रयोजनका लागि गाउँपालिकाको सिफारिस माग भएमा बस्तुस्थिति बुझी गाउँपालिकाले सिफारिस गर्नुपर्नेछ ।

**(आ) उद्योग व्यवसायलाई उपलब्ध भन्सार महसुल छुट तथा सुविधा**

(क) कुनै उद्योगले आफ्नो उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकेजिङ सामग्री आयात गर्दा लाग्ने भन्सार महसुल सामान्यतः त्यस्तो कच्चा पदार्थबाट उत्पादन हुने तयारी वस्तुको आयातमा लाग्ने भन्सार महसुल दरभन्दा एक तह कम हुनेछ ।

(ख) उद्योगले आफ्नो उत्पादनका लागि आयात गर्ने मेसिनरी वा दस किलोबाट वा सोभन्दा बढी क्षमताको जेनेरेटर वा औद्योगिक उपकरणमा न्यूनतम दरमा भन्सार महसुल लाग्नेछ ।

(ग) निर्यात हुने औद्योगिक वस्तुमा प्रयोग गरिने माध्यमिक वस्तु (Intermediate Goods) उत्पादन गर्ने उद्योगले उत्पादन सामग्रीमा तिरेको भन्सार महसुल निर्यात भएको परिमाणको आधारमा सम्बन्धित माध्यमिक वस्तु उत्पादन गर्ने उद्योगलाई फिर्ता दिइनेछ ।

(घ) लघु, घरेलु तथा साना उद्योगले आफ्नो क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने मेसिनरी, यन्त्र, उपकरणजस्ता नवीन प्रविधि आयात गर्दा लाग्ने भन्सार महसुलमा छुट दिन सकिनेछ ।

(ङ) औद्योगिक ग्रामभित्र सञ्चालनमा आएका उद्योगलाई नेपाल सरकारले प्रोत्साहन, छुट, सुविधा वा सहुलियतका लागि विशेष व्यवस्था गर्न सक्नेछ ।

(च) माथि उल्लेख भएबमोजिमका उद्योगहरूलाई दिइने भन्सार महसुल सुविधाको अतिरिक्त सामानहरू आयात गर्दाको बन्डेड वेयरहाउस (Bonded Warehouse), ड्युटी ड्र ब्याक (Duty Draw Back) तथा अन्य सुविधाहरू औद्योगिक व्यवसाय ऐन, २०७६ मा तोकिएबमोजिम पाउनेछन् ।

(छ) माथि उल्लेख भएका अतिरिक्त संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ मा व्यवस्था भएबमोजिम साना, मझौला तथा ठूलालगायतका उद्योगहरूलाई लागू हुने अन्य प्रकारका भन्सार महसुल छुट र सुविधा सहुलियत विभिन्न आधारमा उपलब्ध हुनेछन् ।

**(ई) उद्योग व्यवसायलाई उपलब्ध अन्य सुविधा तथा सहुलियत**

(क) लघु उद्यम दर्ता हुँदा कुनै शुल्क वा दस्तुर लाग्ने छैन ।

(ख) महिला उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग व्यवसाय दर्ता गराएमा त्यस्तो उद्योग दर्ता गर्दा लाग्ने शुल्क वा दस्तुरमा पैंतीस प्रतिशत छुट हुनेछ ।

(ग) महिला उद्यमीको मात्र स्वामित्व रहने गरी दर्ता भएको उद्योगमा प्रयोग गरिने औद्योगिक सम्पत्ति दर्ता गराउँदा लाग्ने शुल्क वा दस्तुरमा बीस प्रतिशत छुट हुनेछ ।

(घ) महिला उद्यमीले कुनै औद्योगिक क्षेत्र र औद्योगिक ग्रामभित्र नयाँ उद्योग स्थापना गर्न चाहेमा त्यस्तो क्षेत्र सञ्चालन गर्ने निकायले स्थान उपलब्ध गराउन प्राथमिकता दिनुपर्नेछ ।

(ङ) महिला उद्यमीको मात्र स्वामित्व रहेको उद्योगले आफ्नो उत्पादन निर्यात गर्ने प्रयोजनका लागि कर्जा माग गरेमा महिला उद्यमीका लागि कर्जा उपलब्ध गराउने कोषबाट बैंकिङ प्रणालीमार्फत निर्यात कर्जा उपलब्ध गराउन सकिनेछ ।

(च) अति अविकसित, अविकसित क्षेत्रमा स्थापना गर्न सहकारी, लघु उद्यम, घरेलु र साना उद्योगलाई बीउ पुँजी (Seed Capital) को रूपमा नेपाल सरकारले तोकेबमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(छ) औद्योगिक क्षेत्र, एकै प्रकारका वस्तु उत्पादन गर्ने केन्द्र (Product Specific Zone), औद्योगिक क्लस्टर, औद्योगिक करिडोर र औद्योगिक ग्रामभित्र सञ्चालनमा आएका उद्योगलाई नेपाल सरकारले प्रोत्साहन, छुट, सुविधा वा सहुलियत सम्बन्धमा विशेष व्यवस्था गर्न सक्नेछ ।

(ज) उत्पादनमूलक उद्योग, कृषि तथा वन पैदावारमा आधारित उद्योग र खनिज उद्योग (सुर्तीजन्य र मदिराजन्य उद्योगबाहेक) लाई नेपाल सरकारले प्रोत्साहन, छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

(झ) नेपाल सरकारले अति अविकसित, अविकसित र कम विकसित क्षेत्रमा स्थापना हुने उद्योगलाई थप प्रोत्साहन, छुट, सुविधा वा सहुलियत उपलब्ध गराउन सक्नेछ ।

(ञ) वन पैदावारमा आधारित उद्योगलाई कबुलियत वा लिजमा आवश्यक सर्त तोकी कुनै खास क्षेत्रको वनमा भोगाधिकार उपलब्ध गराउन सकिनेछ ।

(ट) उद्योगले आफ्नो प्रयोजनका लागि उत्पादन गरेको विद्युत्मा लाग्ने दस्तुर वा रोयल्टी लाग्ने छैन ।

(ठ) निर्यातमूलक उद्योग, विशेष आर्थिक क्षेत्र वा सरकारी वा निजी औद्योगिक क्षेत्रमा स्थापना हुने तोकिएबमोजिमका उद्योगलाई थप सुविधा तथा सहुलियत उपलब्ध गराउन सकिनेछ ।

(ड) राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग वा स्वदेशी कच्चा पदार्थ, श्रम र सीपको अधिकतम उपयोग वा नेपालभित्रै प्रविधिको आविष्कार गरी स्थापना भएका उद्योगहरूका लागि थप सुविधा तथा सहुलियत उपलब्ध गराउन सकिनेछ ।

(ढ) उद्योगका लागि सरकारी जग्गा लिजमा उपलब्ध गराउन उद्योग दर्ता गर्ने निकायले सम्बद्ध संघीय मन्त्रालयमा निर्णयका लागि पेस गर्न सक्नेछ ।

(ण) उद्योगका लागि आवश्यक पर्ने जग्गा अधिकतम हदबन्दीभन्दा बढी भएमा उद्योग दर्ता गर्ने निकायले सम्बद्ध नेपाल सरकारको निर्णयका लागि संघीय मन्त्रालयमा निर्णयका लागि पेस गर्न सक्नेछ ।

(त) माथि उल्लेख भएका सुविधा तथा सहुलियतको अतिरिक्त संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ मा उल्लेख भएबमोजिम उद्योगले आफ्नो प्रयोजनका लागि उत्पादन गरेको विद्युत् बढी भएमा बिक्री गर्न सकिने, विद्युत् आपूर्ति नभएको समयको डिमान्ड चार्ज छुट दिन सक्ने, उद्योगका लागि जग्गा उपलब्ध गराउन

उद्योग दर्ता गर्ने निकायले समन्वय र सहजीकरण गर्नुपर्नेलगायतका प्रावधानहरूसमेत समावेश गरिएका छन् ।

### ३.८.१(ख) गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायले संघीय आर्थिक ऐनबमोजिम पाउने कर छुट, सुविधा तथा सहुलियत

संघीय औद्योगिक आर्थिक ऐनद्वारा उद्योग व्यवसायलाई निम्नबमोजिमका कर छुट र सुविधा सहुलियत उपलब्ध गराइएका छन् :

**(१) मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कमा छुट तथा सहुलियत**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ (२) सँग सम्बन्धित शून्य दरमा कर लाग्ने वस्तु तथा सेवासम्बन्धी अनुसूची–२ अन्तर्गत निम्न उद्यम व्यवसायहरूलाई शून्य दरको मूल्य अभिवृद्धि करको सुविधा आर्थिक ऐन, २०७६ द्वारा प्रत्याभूत गरिएको छ :

(क) घरेलु तथा साना उद्योगहरूले स्वदेशमा उत्पादन गरेका मूर्तिकला, चित्रकला, वास्तुकला र त्यस्तै प्रकारका अन्य हस्तकलाका सामानहरू नेपालको स्वीकृत निर्यात गृह (Export Trading House) मार्फत विदेश निकासी गरेमा त्यस्ता सामान उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थमा तिरेको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागद्वारा फिर्ता दिइनेछ ।

(ख) विशेष आर्थिक क्षेत्रमा सञ्चालन भएको उद्योगलाई बिक्री गरिने कच्चा पदार्थ तथा उत्पादित सामानमा शून्य दरको मूल्य अभिवृद्धि करको सुविधा प्राप्त हुनेछ ।

(ग) सौर्य शक्तिबाट ऊर्जा उत्पादन गर्ने संयन्त्र तथा उपकरणमा प्रयोग हुने ब्याट्री स्वदेशी उद्योगले उत्पादन गरेमा, जलविद्युत् आयोजनाका लागि आवश्यक पर्ने मेसिनरी औजार र तिनका पार्टपुर्जा तथा उपकरणलगायतका सामानहरू स्थानीय उद्योगले आपूर्ति गरेमा र तोकिएबमोजिमका अन्य विशिष्ट उद्योगहरूको उत्पादनमा शून्य दरको मूल्य अभिवृद्धि करको सुविधा प्राप्त हुनेछ ।

**(२) अन्तःशुल्क छुट तथा सहुलियत**

अन्तःशुल्क ऐन, २०५८ को दफा ३ सँग सम्बन्धित अनुसूचीको द्रष्टव्यअन्तर्गतका सुविधाहरू अन्तःशुल्कको सुविधा निम्न उद्यम व्यवसायहरूलाई आर्थिक ऐन, २०७६ द्वारा प्रत्याभूत गरिएको छ :

(क) मार्बलको उत्पादनमा अन्तःशुल्क लाग्ने छैन ।

(ख) अति अविकसित क्षेत्रमा स्थापित स्थानीय फलफूलमा आधारित उद्योगबाट उत्पादित ब्रान्डी र वाइनको उत्पादनमा लाग्ने अन्तःशुल्कमा असी प्रतिशत अन्तःशुल्क छुट हुनेछ ।

(ग) लिड एसिड ब्याट्रीको आन्तरिक उत्पादनमा अन्तःशुल्क लाग्ने छैन ।

(घ) हाते मेसिन तथा घरेलु प्रविधिबाट उत्पादन गरिने सिन्के चाउचाउ उद्योगबाट उत्पादित खान योग्य नभएको काँचो वस्तुमा अन्तःशुल्क लाग्ने छैन ।

**द्रष्टव्यः** माथि उल्लेख भएअनुसारका मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्कमा छुट तथा सहुलियत सम्बद्ध विषयगत मन्त्रालय/विभाग/निकायको सिफारिसमा संघीय भन्सार विभाग र मातहतका कार्यालयहरूबाट प्राप्त गर्न सकिनेछ । सो प्रयोजनका

लागि गाउँपालिकाको सिफारिस माग भएमा वस्तुस्थिति बुझी गाउँपालिकाले सिफारिस गर्नुपर्नेछ ।

**(३) आयकर छुट सुविधा**

आर्थिक ऐन, २०७५, २०७६ र २०७७ द्वारा आयकर ऐन, २०५८ को प्रावधानअनुसार उद्योग व्यवसायलाई निम्नबमोजिमको आयकर छुट सुविधा प्रत्याभूत गरिएको छ :

(क) उत्पादनमूलक उद्योगबाट आर्जित आयमा लाग्ने आयकरको दरमा बीस प्रतिशतले छुट हुनेछ ।

(ख) सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई सञ्चालन भएको कृषि वा वन पैदावारमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती, उत्पादन तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडीबुटी खेती तथा प्रशोधन, तरकारीका बीउबिजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कबुलियती वन, एग्रोफरेस्ट्री आदि व्यावसायिक वनसम्बन्धी व्यवसायहरू जस्ता कृषि तथा वनजन्य उद्योगहरू, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषिसम्बन्धी बीउबिजन, पशु आहारा, दाना, कीटनाशक औषधि, मल तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्नेबाहेक) को उद्यम व्यवसाय गर्ने सहकारी संस्था वा संघको आयमा कर लाग्ने छैन ।

(ग) माथि उल्लेख भएबमोजिमका सहकारी उद्यमले वितरण गरेको लाभांशमा समेत आयकर लाग्ने छैन ।

(घ) गाउँपालिकाको क्षेत्रमा सञ्चालित माथि उल्लेख भएबमोजिमका सहकारीमा जम्मा सदस्य बचतकर्ताहरूको निक्षेपबाट आर्जित वार्षिक पच्चीस हजार रुपैयाँसम्मको ब्याज आयमा आयकर लाग्ने छैन ।

(ङ) अति अविकसित, अविकसित, अल्पविकसित क्षेत्रहरूमा विशेष उद्योग सञ्चालन भएको भए दस आय वर्षका लागि लाग्ने आय करको क्रमशः दस, बीस र तीस प्रतिशत आयकर लाग्नेछ ।

(च) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगको आयमा लाग्ने आयकर र त्यस्ता उद्योगले वितरण गर्ने लाभांशमा लाग्ने आयकरमा हिमाली जिल्ला र तोकिएका पहाडी जिल्लामा सुरुको दस वर्षसम्म लाग्ने आयकरको शतप्रतिशत र त्यसपछिका आय वर्षमा लाग्ने आयकरको पचास प्रतिशत छुट हुनेछ । माथि उल्लिखित क्षेत्रबाहेकको आर्थिक क्षेत्रमा रहेको उद्योगलाई पाँच वर्षसम्म आयकरको शतप्रतिशत र त्यसपछिका आय वर्षमा लाग्ने आयकरको पचास प्रतिशत छुट हुनेछ ।

(छ) विशेष आर्थिक क्षेत्रमा स्थापित उद्योगले वितरण गरेको लाभांशमा लाग्ने आय करमा सुरुको पाँच वर्षसम्म आयकरको शतप्रतिशत र त्यसपछिको तीन वर्षसम्म लाभांशमा लाग्ने आय करमा पचास प्रतिशत छुट हुनेछ ।

(ज) वि.सं. २०८० सम्म सञ्चालन गर्ने खनिज, पेट्रोलियम, प्राकृतिक ग्यास अन्वेषण तथा उत्खनन गर्ने उद्यमीलाई सुरुको सात वर्षसम्म आयकरको शतप्रतिशत र त्यसपछिको तीन वर्षसम्म लाग्ने आय करमा पचास प्रतिशत छुट हुनेछ ।

(झ) वि.सं. २०८० सम्म जलविद्युत्, सौर्य, वायु तथा जैविक पदार्थबाट ऊर्जा उत्पादन गर्ने उद्योगलाई सुरुको दस वर्षसम्म आयकरको शतप्रतिशत र त्यसपछिको पाँच वर्षसम्म लाग्ने आय करमा पचास प्रतिशत छुट हुनेछ ।

(ञ) उत्पादनमूलक उद्योगले उत्पादन गरेको वस्तु निर्यात गरेमा आयमा लाग्ने आय करमा पाउने छुट पछि थप पच्चीस प्रतिशत छुट हुनेछ ।

(ट) अति अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्रान्डी, साइडर एवं वाइन उत्पादन गर्ने उद्योगलाई लाग्ने आय करमा दस वर्षसम्म चालिस प्रतिशत छुट हुनेछ ।

(ठ) स्वदेशी चिया उत्पादन र प्रशोधन गर्ने उद्योग, दुग्ध पदार्थको कारोबार गर्ने डेरी उद्योग र कपडा उत्पादन गर्ने उद्योगको आयमा लाग्ने आय करमा पचास प्रतिशत छुट हुनेछ ।

(ड) माथि उल्लेख गरिएका बाहेक विषयगत आधारमा विभिन्न उद्योग व्यवसायलाई तोकिएबमोजिमका आय कर छुट तथा सुविधा उपलब्ध हुनेछ ।

**(४) आर्थिक ऐन, २०७५, २०७६ र २०७७ द्वारा भन्सार ऐन, २०६४ मा समावेश गरिएको प्रावधानअनुसार उद्योग व्यवसायलाई निम्नबमोजिमको भन्सार महसुल छुट तथा सुविधा प्रत्याभूत गरिएको छ :**

(क) दाना तथा पशपक्षी उद्योगहरूले प्रयोग गर्ने गरी पैठारी गर्ने तोकिएका उपशीर्षकहरूमा पर्ने माछाका टुक्राटाक्री वा धूलो, सिपीको टुक्रा, फिड सप्लिमेन्टको कच्चा पदार्थ र चुन ढुंगाको धूलोमा भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेछ ।

(ख) कपडा तथा कार्पेट उद्योगले तोकिएका शीर्षक/उपशीर्षकहरूमा पर्ने धागो पैठारी गर्दा भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेछ ।

(ग) विभिन्न प्रकारका उद्योगहरूले तोकिएका उपशीर्षकहरूमा पर्ने यन्त्र, उपकरण एवं औजारहरू र तिनका पार्टपुर्जा पैठारी गर्दा भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेछ ।

(घ) तयारी पोसाक निर्यात गर्ने उद्योगहरूले तोकिएका उपशीर्षकहरूमा पर्ने भ्याकुम आइरनिङ टेबुल र स्टिम आइरन पैठारी गर्दा भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेछ ।

(ङ) कृषि तथा पशुजन्य उद्योगहरूले प्रयोग गर्ने गरी तोकिएका उपशीर्षकहरूमा पर्ने सेपरेटर, मिल्क चिलिङ भ्याट, औद्योगिक रेफ्रिजेरेटर, लिक्विड नाइट्रोजन राख्ने कन्टेनर पैठारी गर्दा भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेछ ।

(च) चिया उद्योगहरूले तोकिएका उपशीर्षकहरूमा पर्ने रोलिङ टेबुल, टी ब्लेन्डिङ मेसिन, वेदरिङ नेट, प्लकिङ मेसिन, पेस्टिसाइड स्प्रेयर, वियरिङ, पार्टपुर्जाहरू र प्याकिङ सामग्रीहरू पैठारी गर्दा भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेछ ।

(छ) धागो उद्योगहरूले तोकिएका उपशीर्षकहरूमा पर्ने कपास पैठारी गर्दा भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेछ ।

(ज) मौरी पालन उद्योगहरूले मौरी पालनका लागि तोकिएका उपशीर्षकहरूमा पर्ने मेटल ब्यारल, मौरी ब्रुस, आधार चाका रोलर, ह्विल प्लेट, रानी छेक्ने पाता, गियर पम्प पैठारी गर्दा भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेछ ।

(झ) तयारी गहना बनाई निकासी गर्ने उद्योगले तोकिएको उपशीर्षकमा पर्ने कच्चा एम्बर पैठारी गर्दा भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेछ ।

(ञ) ग्यास सिलिन्डरको भल्भ बनाउने उत्पादन प्रयोजनको निमित्त तोकिएको उपशीर्षकमा पर्ने पित्तलको डण्डी पैठारी गर्दा भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेछ ।

(ट) कार्पेट तोकिएका उपशीर्षकहरूमा पर्ने स्टेपुल फाइबर कच्चा एम्बर पैठारी गर्दा लाग्ने भन्सार महसुलमा नब्बे प्रतिशत छुट हुनेछ ।

(ठ) कर्न फ्लेक्स, ओट्स, मुस्ली, पोरिज, ह्विट फ्लेक्सजस्ता फास्ट सेरियल्स उत्पादन गर्ने उद्योगले तोकिएको उपशीर्षकमा पर्ने भूससहितको ओट्स, पैठारी गर्दा पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(ड) सूर्यमुखी तेल उत्पादन गर्न तोकिएको उपशीर्षकमा पर्ने सूर्यमुखीको गेडा पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ ।

(ढ) भटमासको गेडाबाट प्रशोधित तेल तथा पिना उत्पादन गर्न तोकिएको उपशीर्षकमा पर्ने भटमासको गेडा पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ ।

(ण) दाना तथा पशुपक्षी उद्योगले तोकिएको उपशीर्षकमा पर्ने भटमासको पिना पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ ।

(त) उद्योगहरूले तोकिएको उपशीर्षकहरूमा पर्ने तोरी, रायो, क्यानोला (रेप्सिड) र सर्स्युंको गेडा पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ ।

(थ) मसी बनाउने उद्योगले तोकिएको उपशीर्षकमा पर्ने रासायनिक पदार्थ पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ ।

(द) स्वदेशी मुद्रण (प्रेस) उद्योगले तोकिएको उपशीर्षकहरूमा पर्ने मसी पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ ।

(ध) ट्रेकिङ एजेन्सीले आफ्नो प्रयोजनका लागि तोकिएको उपशीर्षकमा पर्ने पाल, क्लाइम्बिङ रोप, क्लाइम्बिङमा मात्र प्रयोग हुने मालवस्तुहरू, क्याम्पिङ क्रोकरी, कटलरी, रुकस्याक, क्याम्पन र पिटन पहिलोपल्ट पैठारी गर्दा पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । साथै यस्ता एजेन्सीले सञ्चार उपकरण पैठारी गर्दा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ ।

(न) जलयात्राको व्यवसाय गर्ने र्‍याफ्टिङ एजेन्सीले आफ्नो व्यवसाय प्रयोजनका लागि तोकिएको उपशीर्षकमा तोकिएको संख्यामा पर्ने रबर र मोटरको डुङ्गा, हेलमेट, वाटर प्रुफ क्यामरा कन्टेनर पहिलोपल्ट पैठारी गर्दा पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(प) ग्रामीण क्षेत्रमा सेवा पुर्‍याउने दूरसञ्चार सेवा प्रदायक वा दूरसञ्चार सेवा स्थापना गरी सञ्चालन गर्ने निकायले एक्सचेन्ज स्थापना तथा नेटवर्क विस्तारका लागि

तोकिएको उपशीर्षकहरूमा पर्ने केबुल तथा ब्याट्री पैठारी गर्दा पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(फ) कुखुराको दाना उत्पादन गर्ने उद्योग वा ह्याचरी फर्महरूले पैठारी गर्ने कुखुराको दानामा प्रयोग हुने तोकिएको उपशीर्षकहरूमा हाडको धूलो र अवशेषहरू पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा कृषि सुधार शुल्क पूर्ण रूपमा छुट हुनेछ ।

(ब) नेपालमा जैविक मल उत्पादन गर्ने गरी दर्ता भएका उद्योगले तोकिएको उपशीर्षकमा पैठारी गर्ने निमखली र अण्डीखली पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा कृषि सुधार शुल्क पूर्ण रूपमा छुट हुनेछ ।

(भ) आर्थिक ऐन, २०७७ मा सहकारीलाई भन्सार महसुलमा छुटसम्बन्धी विशेष व्यवस्थाअनुसार सहकारी सम्बद्ध उद्योग व्यवसायलाई निम्नबमोजिमको भन्सार महसुलमा छुट प्रदान गरिएको छ :

(१) कृषि सहकारी संस्थाले पैठारी गर्ने कृषिजन्य उत्पादन सुरक्षित गर्न निर्माण गरिने शीत भण्डारका लागि आवश्यक पर्ने तोकिएका उपकरणहरू, कुखुरा पालनका लागि आवश्यक पर्ने विशेष प्रकारको प्लास्टिक सिट तथा अण्डा राख्ने क्रेट र च्याउको बीउ राख्ने वाल टेबलमा भन्सार महसुल एक प्रतिशत मात्र लाग्नेछ ।

(२) कृषि सहकारी संस्थाले आफ्नो प्रयोजनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा कृषिजन्य उत्पादन सुरक्षित गर्न निर्माण गरिने शीत भण्डारका लागि पैठारी गर्ने स्यान्डविच वाल तथा रूफ प्यानलहरूमा दस प्रतिशत भन्सार महसुल लाग्नेछ ।

(३) कृषि सहकारी संस्थाले आफ्नो प्रयोजनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा पैठारी गर्ने तोकिएको शीर्षकअन्तर्गत पर्ने एउटा ढुवानीको साधनमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ ।

(म) माथि उल्लेख भएका अतिरिक्त संघीय आर्थिक ऐनहरूमा व्यवस्था भएबमोजिम विभिन्न स्तरका उद्योगहरूलाई लागू हुने अन्य प्रकारका भन्सार महसुल छुट र सुविधा सहुलियत प्रदान गर्ने प्रावधानहरू राखिएका छन् ।

**द्रष्टव्यः** माथि उल्लेख भएअनुसारका भन्सार महसुल छुट र सुविधा सम्बद्ध विषयगत मन्त्रालय/विभाग/निकायको सिफारिसमा संघीय भन्सार विभाग र मातहतका कार्यालयहरूबाट प्राप्त गर्न सकिनेछ। सो प्रयोजनका लागि गाउँपालिकाको सिफारिस माग भएमा वस्तुस्थिति बुझी गाउँपालिकाले सिफारिस गर्नुपर्नेछ ।

### ३.८.१(ग) गाउँपालिकामा दर्ता भएका सहकारी उद्योग व्यवसायले संघीय सहकारी ऐनबमोजिम पाउने कर छुट, सुविधा तथा सहुलियत

प्रचलित अन्य कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय सहकारी, २०७४ को दफा ७८ अन्तर्गत सहकारी उद्योग व्यवसायलाई निम्नबमोजिमका कर छुट र सुविधा सहुलियत उपलब्ध गराइएका छन् :

(क) उद्योग व्यवसाय गर्नेलगायत कुनै पनि सहकारी संस्थाले अचल सम्पत्तिबाहेक कारोबारसम्बन्धी कुनै लिखत रजिस्ट्रेसन गर्नु गराउनुपर्ने छैन ।

(ख) उद्योग व्यवसाय गर्नेलगायत कुनै पनि सहकारी संस्थाले आफ्नो कार्यालय तथा सेवा केन्द्रको भवन निर्माणका लागि जग्गाजमिनलगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर वा रजिस्ट्रेसन दस्तुर लाग्ने छैन ।

(ग) उद्योग व्यवसाय गर्नेलगायत कुनै पनि सहकारी संस्थाले ऋण लगानी गर्दा वा जमानतबापत राखेको जग्गा दृष्टिबन्धक पारित गर्दा कुनै पनि शुल्क लाग्ने छैन ।

(घ) उद्योग व्यवसाय गर्नेलगायत कुनै पनि सहकारी संस्थाले सहकारी ऐनद्वारा तोकिएबमोजिम जगेडा कोषमा छुट्याइएको रकम, संरक्षित पुँजी कोष फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा जम्मा गरेको रकममा आयकर लाग्ने छैन ।

(ङ) उद्योग व्यवसाय गर्ने सहकारी संस्थाले आफ्नो प्रयोगका लागि आयात गर्ने मेसिनरी, औद्योगिक तथा कृषि यन्त्र, उपकरण, पार्टपुर्जा, कच्चा पदार्थ तथा ढुवानीका साधनहरूमा लाग्ने भन्सार महसुल वा मूल्य अभिवृद्धि कर नेपाल सरकारले छुट दिन सक्नेछ ।

(च) उद्योग व्यवसाय गर्ने सहकारी संस्थाले उत्पादन गरेको मालसामानमा लाग्ने अन्तःशुल्क वा मूल्य अभिवृद्धि कर नेपाल सरकारले पूरै वा आंशिक छुट दिन सक्नेछ ।

(छ) उद्योग व्यवसाय गर्ने सहकारी संस्थाले उत्पादन गरेको वस्तु निकासी गर्दा त्यस्तो वस्तुमा लाग्ने निकासी कर छुट र उद्योगलाई दिएसरह निकासी अनुदान दिन सक्नेछ ।

(ज) उद्योग व्यवसाय गर्ने सहकारी संस्थालाई माथि उल्लेख भएका छुटहरूका अतिरिक्त उद्योगले पाएसरहको र पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन वा विशेष उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने सहकारी संस्थालाई त्यस्तो उद्योग, व्यवसाय वा सेवाले पाएसरहको छुट, सुविधा र संरक्षणसमेत प्राप्त हुनेछ ।

(झ) विपन्न ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भूमिहीन कृषक, बेरोजगार, श्रमिक र दलित तथा अल्पसंख्यक जनजातिसमेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती साधारण सदस्यको श्रम वा सीपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले प्रचलित कानूनबमोजिम लाग्ने जुनसुकै कर पूरै वा आंशिक छुट दिन, बीउ पुँजी, लागत सहभागिता अनुदान, सहुलियतपूर्ण ऋणलगायतको विशेष वित्तीय सुविधा तथा प्राविधिक टेवा प्रदान गर्न सक्नेछ ।

(ञ) रुग्ण सार्वजनिक वा निजी उद्योग सहकारीकरण गरी श्रमिकहरूले आफ्नै स्वामित्वमा पुनः सञ्चालन गर्न चाहेमा नेपाल सरकारले उद्योगको प्रकृति हेरी मनासिव अनुपातमा बीउ पुँजी, अनुदान, ऋण वा सहुलियतपूर्ण ऋण कायम गरी स्वामित्व हस्तान्तरण गर्न वा निजी स्वामित्वको हस्तान्तरणमा कर छुट, जमानत वा उपयुक्त सहयोग गरी प्रोत्साहन गर्न सक्नेछ ।

(ट) नेपाल सरकारले विशिष्टकृत संघको ढाँचामा सञ्चालन हुने सहकारी औद्योगिक ग्राम, बजारस्थलसमेतका ठूला सहकारी व्यावसायिक आयोजनाहरूलाई सेयर सहभागिता, पूर्वाधार निर्माण जग्गा वा जग्गा प्राप्ति र मुआब्जाबापतको रकम भुक्तानी, उत्पादनमा लाग्ने अन्तःशुल्क वा मूल्य अभिवृद्धि कर पूरै वा आंशिक छुटलगायतका सुविधा दिन सक्नेछ ।

**द्रष्टव्य:** प्रचलित अन्य कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी ऐनमा उल्लेख गरिएका छुट तथा सहुलियत सोहीबमोजिम उपलब्ध हुनुपर्ने भनी किटानी उल्लेख गरिएको देखिन्छ । तर संघीय आर्थिक ऐनले नसमेटेका सहकारी कानूनमा उल्लेख गरिएका छुट तथा सहुलियत प्राप्त गर्नमा भने कठिनाइ पर्न सक्नेछ । साथै सहकारी कानूनमा उल्लेख गरिएका छुट तथा सहुलियत उपलब्ध गराउन गाउँपालिकाको सिफारिस माग भएमा वस्तुस्थिति बुझी गाउँपालिकाले सिफारिस गर्न सक्नेछ ।

### ३.८.१(घ) सहकारी उद्योग व्यवसाय सम्बद्ध गाउँपालिकाको छुट, सुविधा र सहुलियत

(१) गाउँपालिकाको आफ्नै सहकारी ऐन पारित भएको अवस्थामा संघीय तथा प्रदेश कानूनद्वारा उपलब्ध छुट, सुविधा र सहुलियतको अतिरिक्त उद्योग व्यवसाय गर्नेलगायत सबै सहकारी संस्थालाई थपछुट, सुविधा र सहुलियत प्रदान हुने सक्नेछ ।

(२) गाउँपालिकाद्वारा सहकारी विशेष थप छुट, सुविधा र सहुलियत प्रदान गरिने भएमा गाउँपालिकाको आर्थिक ऐनद्वारा तोकिएबमोजिम हुनेछ ।

### ३.८.१(ङ) गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायले संघीय कानूनबमोजिमका कर छुट, सुविधा तथा सहुलियत प्राप्तिको कार्यविधि

गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायले संघीय औद्योगिक व्यवसाय ऐन, २०७६, आर्थिक ऐन, २०७६, आर्थिक ऐन, २०७७, सहकारी ऐन, २०७४ मा उल्लेख भएबमोजिमका कर छुट, सुविधा तथा सहुलियत प्राप्तिका लागि निम्नबमोजिमका कार्यविधिहरू अँगाल्नुपर्नेछः

(१) उद्योग व्यवसायले संघीय कानूनबमोजिम पाउने आयकर छुटलगायत अन्य सुविधा तथा सहुलियत प्राप्तिका लागि उद्योग विभागमा रहेको एकल बिन्दु सेवा केन्द्रमा गाउँपालिकामार्फत उद्यमीले निवेदन दिनुपर्नेछ ।

(२) गाउँपालिकामा दर्ता भएका उद्योगको सम्बन्धमा माथि प्रकरण (१) मा उल्लेख भएबमोजिम आयकर छुटलगायत अन्य सुविधा तथा सहुलियत प्राप्तिका लागि निवेदन गाउँपालिकामार्फत प्राप्त भएपछि एकल बिन्दु सेवा केन्द्रले निर्णय गर्नेछ वा सम्बद्ध निकायलाई निर्णयको निमित सिफारिस गर्नेछ ।

(३) राजस्वसम्बन्धी कानूनहरूमा आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार महसुल छुट र सुविधा सहुलियतका लागि कसैको सिफारिस आवश्यक नपर्ने भएमा एकल बिन्दु सेवा केन्द्रले अन्तिम निर्णय गर्नेछ ।

(४) माथि उल्लेख गरिएका बुँदाहरूबाहेकका सम्बन्धमा कर छुटलगायत अन्य सुविधा तथा सहुलियत लागि विषयगत सम्बद्ध विषयगत मन्त्रालय/विभाग/निकायको

सिफारिसमा संघीय आन्तरिक राजस्व विभाग, भन्सार विभागबाट प्राप्त हुनेछ। यसका लागि गाउँपालिकाको सिफारिससमेत आवश्यक पर्न सक्नेछ।

(५) उद्योग व्यवसायहरूलाई विभिन्न संघीय कानूनहरू, औद्योगिक व्यवसाय ऐन, सहकारी ऐन, आर्थिक ऐन र राजस्वसम्बन्धी विषयगत ऐनहरूबमोजिमका आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार महसुल छुट र सुविधा सहुलियतका प्रावधानहरू राखिएका छन्। तर औद्योगिक व्यववसाय ऐन र सहकारी ऐनमा राखिएका कर छुट र सुविधा सहुलियतका कतिपय प्रावधानहरू आर्थिक ऐन र राजस्वसम्बन्धी विषयगत ऐनहरूमा नसमेटिएका कारण उद्योग व्यवसायहरू ती कर छुट र सुविधा सहुलियत पाउनमा कठिनाइ पर्न सक्ने सम्भावना रहेको छ।

### ३.८.२ गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायले प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिमका कर छुट, सुविधा तथा सहुलियत

संघीय कानूहरूमा भएका कर छुट, सुविधा तथा सहुलियतको अतिरिक्त गण्डकी प्रदेशको औद्योगिक व्यवसाय ऐन, २०७५ बमोजिम उद्योग व्यवसायलाई थप छुट, सुविधा तथा सहुलियत सम्बद्ध पूरक प्रावधानहरू राखिएका छन्। प्रदेश सरकारको औद्योगिक व्यवसाय ऐनद्वारा गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने उद्योग व्यवसायलाई दिइने छुट, सुविधा तथा सहुलियतको सन्दर्भमा निम्न बमोजिमका प्रावधानहरू उल्लेख गरिएका छन्:

(क) उद्योगलाई प्रदान गरिने थप छुट, सुविधा तथा सहुलियत प्रचलित संघीय कानूनमा व्यवस्था भएबमोजिम हुनेछ।

(ख) संघीय कानूनमा व्यवस्था भएबमोजिम उद्योग व्यवसायलाई उपलब्ध हुने सुविधा तथा सहुलियतको अतिरिक्त प्रदेश औद्योगिक व्यवसाय ऐनको परिधिभित्र रहेर संघीय वा प्रादेशिक औद्योगिक क्षेत्र वा स्थानीय तहअन्तर्गतका औद्योगिक ग्राममा स्थापना हुने उद्योगलाई प्रदेश सरकारले थप सुविधा तथा सहुलियत प्रदान गर्न सक्नेछ।

## ३.९ उद्योगहरूले विवरण पेस गर्नुपर्ने

(१) गाउँपालिकामा दर्ता भएका सबै उद्योगहरूले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र उद्योगको उत्पादन, कारोबार तथा वित्तीय स्थितिसम्बन्धी आँकडाहरूसहितको वार्षिक अद्यावधिक विवरण अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ।

(२) प्रकरण (१) मा उल्लेख भएबमोजिम गाउँपालिकामा दर्ता भएका उद्योगहरूले उपलब्ध गराउनुपर्ने अद्यावधिक विवरण विद्युतीय माध्यमबाट पनि पेस गर्न सक्नेछन्।

(३) माथि प्रकरण (१) मा उल्लेख भएअनुसारको वार्षिक विवरण छ महिनाभित्र नबुझाउने उद्योगलाई लिखित अनुरोध गरेमा गाउँपालिकाले एकपटकका लागि बढीमा एक महिनाको म्याद थप गर्न सक्नेछ।

(४) माथि प्रकरण (१) मा उल्लेख भएअनुसार म्याद थप माग नै नगरेको वा थप म्यादभित्र पनि वार्षिक विवरण पेस नगर्ने उद्योगलाई कालो सूचीमा राखी यस्ता उद्योगले पाउने सूविधा तथा सहुलियत तथा सहजीकरण सेवा निषेधित गरिनेछ ।

(५) संघ र प्रदेशमा दर्ता भएका उद्योगहरूले संघ र प्रदेशलाई पेस गर्ने वार्षिक विवरणको प्रति गाउँपालिकालाई पनि पेस गर्नुपर्नेछ ।

## ३.१० उद्योगहरूको अभिलेख व्यवस्थापन

(१) गाउँपालिकामा दर्ता भएका सबै उद्योगहरूको दर्ता, नवीकरण (प्राइभेट फर्म वा साझेदारी फर्म भएमा), नामसारी, नाम परिवर्तन, स्थानान्तरण, क्षमता वृद्धि, पुँजी वृद्धि, उद्देश्य थप वा परिवर्तनलगायतका विवरणहरू अद्यावधिक रूपमा देखिने गरी गाउँपालिकाले अभिलेख राख्नुपर्नेछ । यस प्रयोजनका लागि अनुसूची–६ प्रयोग गर्न सकिनेछ ।

(२) गाउँपालिकामा दर्ता भएका सबै उद्योगहरूको अभिलेख तथा व्यवसाय कर संकलनका लागि सफ्टवेयरको प्रयोग गर्न सकिनेछ ।

(३) व्यवसाय कर संकलन कार्यका लागि आवश्यकता हेरी घुम्ती शिविर सञ्चालन गर्न सकिनेछ ।

(४) संघ र प्रदेश स्तरका निकायहरूमा दर्ता भएका सबै उद्योगहरूको सम्बन्धमा पनि दर्ता गर्ने सम्बद्ध निकाय वा उद्योगबाट उपलब्ध विवरणको आधारमा गाउँपालिकाले पूरक अभिलेख राख्न सक्नेछ ।

(५) गाउँपालिकामा राखिने उद्योगहरूको अभिलेख वा कागजात सम्बन्धित उद्योगका अधिकृत व्यक्तिबाहेक अन्य कसैलाई उपलब्ध गराउनु हुँदैन ।

तर सरकारी काम वा अदालती प्रयोजनका लागि गाउँपालिकामा राखिने उद्योगहरूको अभिलेखसम्बन्धी विवरण लिखित रूपमा माग भएको अवस्थामा उपलब्ध गराउन बाधा पर्ने छैन ।

## परिच्छेद- ४
## व्यापार उद्यमसम्बन्धी विद्यमान प्रावधानहरू

### ४.१ व्यापार उद्यमको पृष्ठभूमि

उद्यम व्यवसायअन्तर्गत व्यापार व्यवसाय पनि एक महत्वपूर्ण क्षेत्र हो। कुनै वस्तु वा सेवाहरूको थोक वा खुद्रा बिक्री तथा आपूर्तिसम्बन्धी कारोबारलाई व्यापार उद्यम अर्थात् व्यवसाय भनिन्छ। साथै वस्तु र सेवाहरूको निर्यात तथा आयातसम्बन्धी कारोबारलाई पनि व्यापार उद्यम भनिन्छ। व्यापार व्यवसाय कानूनी रूपमा परिच्छेद–२ मा उल्लेख भएअनुसार प्राइभेट फर्म, साझेदारी फर्म, कम्पनी र सहकारीको रूपमा सञ्चालन हुन सक्नेछन्। व्यापार उद्यम अर्थात् व्यवसायको दर्ता, नवीकरण, प्रतिवेदन, नियमन र व्यवसाय सञ्चालन गर्दा उपलब्ध हुने सुविधा तथा सहुलियतलगायतका प्रावधानहरू सम्बन्धमा प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ (संशोधन २०७५), साझेदारी ऐन, २०२० (संशोधन २०७५), सहकारी ऐन, २०७४, कम्पनी ऐन, २०६३ (संशोधन २०७५), संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ र प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ का प्रावधानहरूलाई विचार गर्नुपर्नेछ। यसका साथै गाउँपालिकाको उद्यम व्यवसायअन्तर्गत व्यापार व्यवसायसम्बन्धी कार्यविधिहरूमा संघ र प्रदेशको कानूनी प्रावधानहरूको साथै आफ्नै कानून, नीति र योजनाहरूसमेतलाई ख्याल गर्नुपर्नेछ।

### ४.२ व्यापार उद्यमको किसिम

व्यापार उद्यमको प्रकृति, स्वामित्व र कारोबार परिमाणका आधारमा निम्नबमोजिम विभाजन गर्न सकिन्छ :

**व्यापार उद्यमको किसिम**
(क) थोक व्यापार
(ख) खुद्रा व्यापार
(ग) निर्यात व्यापार
(घ) आयात व्यापार

**(क) थोक व्यापार उद्यम**

विभिन्न मालसामानहरू आयातकर्ता वा उत्पादकसँग खरिद गरी खुद्रा विक्रेतालाई बिक्री गर्ने व्यवसायलाई थोक व्यापार उद्यम भनिन्छ। थोक व्यापारअन्तर्गत कारोबार गरिने सामानहरूमा खाद्यलगायतका उपभोग्य सामग्री, निर्माण तथा हार्डवेयर सामग्री, तयारी पोशाक लगायतका सबै प्रकारका सामग्रीहरू पर्दछन्।

**(ख) खुद्रा व्यापार उद्यम**

विभिन्न मालसामानहरू आयातकर्ता, उत्पादक वा थोक विक्रेतासँग खरिद गरी उपभोक्ताहरूलाई बिक्री गर्ने व्यवसायलाई खुद्रा व्यापार उद्यम भनिन्छ। खुद्रा व्यापार उद्यमअन्तर्गत कारोबार गरिने सामानहरूमा खाद्यलगायतका उपभोग्य सामग्री, निर्माण तथा हार्डवेयर सामग्री, तयारी पोसाकलगायतका खुद्रा व्यापार र घर जग्गा तथा स्थिर सम्पत्ति बेचबिखनलगायत व्यापारहरू पर्दछन्।

**(ग) निर्यात व्यापार उद्यम**

विभिन्न तयारी, अर्धप्रशोधित वा कच्चा मालसामानहरू मुलुकभित्रै खरिद गरेर वा आफैं उत्पादन गरेर निर्यात गर्ने कार्यलाई निर्यात व्यापार उद्यम भनिन्छ। यसरी

निर्यात गरिने सामानहरूमा खाद्यलगायतका उपभोग्य सामग्री, निर्माण तथा हार्डवेयर सामग्री, तयारी पोसाकलगायत सबै प्रकारका सामानहरू पर्दछन् ।

**(घ) आयात व्यापार उद्यम**

विभिन्न तयारी, अर्धप्रशोधित वा कच्चा मालसामानहरू विदेशी उत्पादक वा वितरक निर्यातकर्तासँग खरिद गरी आयात गर्ने कार्यलाई आयात व्यापार उद्यम भनिन्छ । यसरी आयात गरिने सामानहरूमा खाद्यलगायतका उपभोग्य सामग्री, निर्माण तथा हार्डवेयर सामग्री, तयारी पोसाकलगायतका सम्पूर्ण सामानहरू पर्दछन् ।

## ४.३ व्यापार उद्यमको वर्गीकरण

माथि उल्लेख भएबमोजिम व्यापार उद्यमका विभिन्न किसिमलाई पुँजी लगानीको आधारमा निम्नबमोजिम वर्गीकरण गर्न सकिनेछ । यो वर्गीकरणको सम्बन्धमा संघीय तथा प्रदेश कानूनमा उल्लेख नभएको हुँदा गाउँपालिकाले अनुमोदन गरी लागू गर्नुपर्नेछः

**व्यापार उद्यम वर्गीकरण**
(क) लघु उद्यम व्यापार
(ख) साना उद्यम व्यापार
(ग) मझौला उद्यम व्यापार
(घ) ठूला उद्यम व्यावसाय

**(क) लघु उद्यम व्यापार :** बढीमा बीस लाख रुपैयाँसम्म पुँजी लगानी गरेको र वार्षिक कारोबार एक करोड रुपैयाँभन्दा कमको कारोबार गर्ने व्यापार व्यवसायलाई लघु व्यापार उद्यम अर्थात् व्यवसायको रूपमा लिइनेछ ।

**(ख) साना उद्यम व्यापार :** बीस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म पुँजी लगानी गरेको र वार्षिक कारोबार दस करोडसम्मको कारोबार गर्ने व्यापार व्यवसायलाई साना उद्यम व्यापारको रूपमा लिइनेछ ।

**(ग) मझौला उद्यम व्यापार :** पचास लाख रुपैयाँभन्दा बढी पाँच करोडसम्म पुँजी लगानी गरेको र वार्षिक कारोबार पच्चीस करोडसम्मको कारोबार गर्ने व्यापार व्यवसायलाई मझौला उद्यम व्यापार व्यवसायको रूपमा लिइनेछ ।

**(घ) ठूला उद्यम व्यवसायः** पाँच करोड रुपैयाँभन्दा बढी पुँजी लगानी गरेको र वार्षिक कारोबार पच्चीस करोडभन्दा बढीको कारोबार गर्ने व्यापार व्यवसायलाई ठूला उद्यम व्यापार व्यवसायको रूपमा लिइनेछ ।

## ४.४ व्यापार उद्यमको दर्ता तथा नवीकरण

### ४.४.१ गाउँपालिकामा व्यापार उद्यम दर्ताका लागि सिफारिसका लागि सम्बन्धित वडासमक्ष निवेदन दिनुपर्ने

गाउँपालिकाभित्र उद्यम व्यापार सञ्चालन गर्न चाहनेले तोकिएबमोजिमका विवरण र कागजातसहित सिफारिसका लागि सम्बन्धित वडासमक्ष निवेदन दिनुपर्नेछ । यस प्रकारको निवेदन पेस गर्दा परिच्छेद–२ मा उल्लेख भएअनुसार उद्योग व्यवसायको कानूनी स्वरूप र माथि प्रकरण ४.२ मा उल्लेख भएअनुसार व्यापार उद्यमको वर्गीकरण खुलाइएको हुनुपर्दछ ।

### ४.४.२ व्यापार उद्यम दर्ताका लागि वडासमक्ष सिफारिसका लागि निवेदनसाथ पेस गर्नुपर्ने कागजातहरू

(१) गाउँपालिकाभित्र व्यापार उद्यम दर्ताका लागि वडासमक्ष सिफारिसका लागि निवेदन दिँदा अनुसूची–१ (ग) को ढाँचामा तोकिएबमोजिमका आवश्यक विवरण खुलाई निम्नबमोजिमका कागजातहरू वडाद्वारा तोकिएको सिफारिस दस्तुर दाखिला गरेको रसिद वा भौचरसहित पेस गर्नुपर्नेछ :

(क) निवेदक/निवेदकहरूको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) व्यापार उद्यममा गरिने पुँजी लगानी तथा विशेषता र व्यापार व्यवसायअन्तर्गत कारोबार हुने बस्तु वा सेवाको प्रकृतिको आधारमा खुलाइएको वर्गीकरण,

(ग) व्यवसायको कानूनी स्वरूप खुलाएको वर्गीकरण,

(घ) व्यापार व्यवसाय रहने स्थानको नक्सांकन सहितको विवरण,

(ङ) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भए सोको अख्तियारी पत्र,

(च) साझेदारीमा उद्यम व्यापार सञ्चालन गर्न चाहेको भए साझेदारबीचको सम्झौताको प्रमाणित प्रतिलिपि,

(छ) कम्पनीको रूपमा व्यापार व्यवसाय सञ्चालन गर्न चाहेको भए कम्पनी रजिस्ट्रारको कार्यालय वा अख्तियार प्राप्त अधिकारीबाट प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कम्पनीको प्रबन्धपत्र तथा नियमावली,

(ज) तोकिएबमोजिमका अन्य कागजातहरू ।

(२) व्यापार व्यवसाय दर्ता सिफारिसका लागि संलग्न कागजातहरू पर्याप्त भएकोमा वडामा निवेदन प्राप्त भएको दुई दिनभित्र वडाले सिफारिस गरिदिनुपर्दछ । कुनै कारणवश सिफारिस गर्न नसक्ने भएमा वडाले माथि तोकिएबमोजिमको म्यादभित्र लिखित कारण दिनुपर्नेछ ।

### ४.४.३ व्यापार उद्यम दर्ताका लागि गाउँपालिकामा वडाको सिफारिससहित प्राप्त निवेदनमाथिको कारबाही

गाउँपालिकामा व्यापार व्यवसाय दर्ताका लागि वडाको सिफारिससहित प्राप्त निवेदनमाथि निम्नबमोजिमको कारबाही गर्नुपर्दछ :

(क) निवेदन फाराममा माग गरिएका जानकारीहरू पर्याप्त भए नभएको जाँच गर्ने ।

(ख) संलग्न गरिएका कागजातहरू पर्याप्त भए नभएको जाँच गर्ने ।

(ग) व्यापार उद्यम दर्ताका लागि वडाबाट अनुकूल सिफारिस भए नभएको जाँच गर्ने ।

(घ) व्यापार व्यवसाय सञ्चालनलाई कम्पनीको रूपमा दर्ता गर्नका लागि कम्पनी रजिस्ट्रारको कार्यालय वा अख्तियार प्राप्त अधिकारीबाट प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र कम्पनीको प्रबन्धपत्र तथा नियमावली पेस भएको हुनुपर्ने ।

(ङ) व्यापार व्यवसाय सञ्चालनलाई प्राइभेट फर्म वा साझेदारीको रूपमा दर्ता गर्नका लागि निवेदन परेकोमा संघ वा प्रदेशबाट दिइएको अख्तियारीबमोजिम हुनेछ । यस्तो अख्तियारी नदिइएको अवस्थामा प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४

(संशोधन २०७५) र साझेदारी ऐन, २०२० (संशोधन २०७५) मा व्यवस्था भएबमोजिम संघ वा प्रदेशको सम्बद्ध निकायबाट दर्ता प्रमाणपत्र प्राप्त गर्नुपर्नेछ ।

(छ) गाउँपालिका स्तरमा व्यापार उद्यम दर्ताका लागि गाउँपालिकामा प्राप्त निवेदन र कागजातहरू ठीक भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को (ञ) ले दिएको अधिकारबमोजिम गाउँपालिकाले दर्ता गरी प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

(ज) माथि प्रकरण (छ) मा उल्लेख भएअनुसार गाउँपालिकाले व्यापार व्यवसायको रूपमा प्राइभेट फर्म वा साझेदारी फर्मको दर्ता गर्दा प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ (संशोधन २०७५) र साझेदारी ऐन, २०२० (संशोधन २०७५) मा उल्लेख गरिएका प्रावधानहरूसमेतलाई विचार गर्नुपर्नेछ ।

(झ) व्यापार व्यवसायलाई कम्पनीको रूपमा दर्ता गर्न कम्पनी रजिस्ट्रारको कार्यालयबाट प्रमाणपत्र प्राप्त गरेको हुनुपर्दछ ।

(ञ) गाउँपालिकामा व्यापार व्यवसाय दर्ता गर्न निवेदन पेस गर्दा तोकिएको दरखास्त दस्तुर वा शुल्क बुझाएको रसिद वा भौचरसमेत पेस गर्नुपर्नेछ ।

तर व्यापार व्यवसाय दर्ताका लागि गाउँपालिकाद्वारा दरखास्त शुल्कको रकम तोक्दा संघीय तथा प्रदेश कानूनमा उल्लेख गरिएका निम्नबमोजिमका सुविधा तथा सहुलियतलाई विचार गर्नुपर्नेछ :

(१) संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २६ बमोजिम लघु उद्यम दर्ता गर्दा कुनै दस्तुर वा शुल्क लाग्ने छैन ।

(२) संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २७ बमोजिम महिला उद्यमीको मात्र स्वामित्व रहने गरी फर्म दर्ता गर्दा लघु उद्यम दर्ता गर्दा लाग्ने दस्तुर वा शुल्कमा पैंतीस प्रतिशत छुट हुनेछ ।

(ट) सहकारीको संरचनाअन्तर्गत उद्यम व्यापार सञ्चालन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को (ख) ले दिएको अधिकारअन्तर्गत गाउँपालिकामा सहकारी संस्था दर्ता भएको अवस्थामा सोही आधारमा उद्यम व्यापार सञ्चालन गर्न सकिनेछ । सहकारीद्वारा उद्यम व्यापार सञ्चालन गर्नका लागि छुट्टै दर्ता गर्नुपर्ने छैन ।

(ठ) गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को प्रावधानबमोजिम सहकारी संस्थाहरूबीचको साझेदारी, सहकारी संस्था र सहकारी संघबीचको साझेदारी, सहकारी संघहरूबीचको साझेदारी, सहकारी संस्था र कम्पनीबीचको साझेदारी र सहकारी संस्था, सहकारी संघ, कम्पनी र विभिन्न तहका सरकारी निकायहरूबीचको साझेदारीमा गाउँपालिकाले आफ्नो क्षेत्राधिकारभित्र रही व्यवसाय दर्ता सक्नेछ ।

### ४.४.४ गाउँपालिकामा दर्ता हुने व्यापार उद्यमको प्रमाणपत्र दिनुपर्ने

गाउँपालिकामा दर्ता हुने उद्यम व्यवसायलाई देहायका विवरणसमेत खुलाई प्रमाणपत्र अनुसूची– २ को ढाँचामा प्रमाणपत्र दिनुपर्नेछ :

(क) दर्ता प्रमाणपत्र जारी भएको मिति,
(ख) व्यावसायिक कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,
(ग) उद्यम व्यवसाय सञ्चालन हुने स्थान, लगानी गरिने पुँजी र कारोबारको परिमाण,
(घ) उद्यम व्यवसायको स्वामित्व र कानूनी हैसियत ।

**द्रष्टव्य:**

(१) उद्यम व्यवसाय दर्ता प्रमाणपत्रको साथमा दिइने पत्रमा गाउँपालिकाको पत्रमा उद्यम व्यवसायले पालन गर्नुपर्ने सर्तहरू र उद्यमको व्यावसायिक प्रकृति अनुसार अन्य सर्तहरूसमेत उल्लेख गर्नुपर्नेछ ।

(२) उद्यम व्यवसाय दर्ता प्रमाणपत्रको साथमा दिइने पत्रको बोधार्थ संघको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, प्रदेशको उद्योग हेर्ने निकाय (जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय), उद्योग व्यवसायीहरूको स्थानीय तथा जिल्ला संघलाई समेत दिनुपर्नेछ ।

(३) गाउँपालिकामा उद्यम व्यवसाय दर्ताको निवेदन तथा स्वीकृतिसम्बन्धी कागजातहरू प्रमाणित गर्दा विद्युतीय हस्ताक्षरलाई मान्यता दिन सकिनेछ र यस्ता कागजातहरू विद्युतीय माध्यमबाट समेत आदान प्रदान गर्न सकिनेछ ।

(४) आर्थिक वर्षको समाप्तिपछि तीन महिनाभित्र तोकिएको दस्तुर दाखिला गरी व्यापार व्यवसायको नवीकरण गर्नुपर्नेछ । नवीकरणका लागि अनुसूची-३ को ढाँचामा निवेदन पेस गर्नुपर्नेछ । गाउँपालिकाबाट व्यापार व्यवसायको नवीकरण गरिँदा अनुसूची- २(क) को ढाँचामा प्रमाणपत्रको पछाडि उल्लेख गर्नुपर्नेछ ।

(५) व्यापार व्यवसायको नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण गर्नको निमित्त अनुसूची- ४ को ढाँचामा दरखास्त पेस गर्नुपर्नेछ । यस्तो निवेदन प्राप्त हुन आएकोमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा अनुसूची- ५ को ढाँचामा गाउँपालिकाले उद्यम व्यवसायको नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरणको स्वीकृति प्रदान गर्नुपर्नेछ ।

## ४.५ गाउँपालिकामा दर्ता नभई सञ्चालनमा रहेका व्यापार उद्यमलाई औपचारिक दायरामा ल्याउन पहल गर्नुपर्ने

गाउँपालिकाभित्र दर्ता नभई सञ्चालनमा रहेका उद्यम व्यवसायलाई औपचारिक दायरामा ल्याउन गाउँपालिकाले निम्नबमोजिमको पहल गर्नुपर्नेछ :

(क) गाउँपालिकाभित्र दर्ता नभई सञ्चालनमा रहेका उद्यम व्यवसायको लगत स्थानीय व्यावसायिक संघहरूसँगको सहकार्यमा अद्यावधिक गर्ने,

(ख) दर्ता नभई सञ्चालनमा रहेका उद्यम व्यवसायलाई औपचारिक दायरामा ल्याउन स्थानीय व्यवसाय संघहरूसँगको सहकार्यमा अभिमुखीकरण लगायत गाउँपालिकाको कार्यपालिकाबाट विशेष निर्णय गराई सुविधा तथा सहुलियत प्रदान गर्ने,

(ग) दर्ता नभई सञ्चालनमा रहेका उद्यम व्यवसायलाई औपचारिक दायरामा नआउने उद्यमीलाई गाउँपालिकाभित्रका सार्वजनिक निकायहरूद्वारा दिइने सेवा सुविधालाई निषेधित गर्ने ।

## ४.६ गाउँपालिकामा दर्ता भई सञ्चालन भएका व्यापार उद्यमले पाउने छुट, सुविधा तथा सहुलियत

गाउँपालिकाभित्र सञ्चालन हुने व्यापार उद्यम व्यवसायलाई संघीय र प्रदेश कानूनहरूमा भएका प्रावधानहरूबमोजिम विभिन्न छुट, सुविधा तथा सहुलियत प्राप्त हुनेछन् । यस सम्बन्धमा गाउँपालिकाले आफ्नै कानूनमा व्यवस्था गरी थप छुट, सुविधा तथा सहुलियत प्रदान गर्न सक्नेछ ।

(क) संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २६ (१) बमोजिम लघु उद्यम व्यवसाय दर्ता गर्दा कुनै दस्तुर वा शुल्क लाग्ने छैन । यसैगरी संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २६ (२) बमोजिम लघु उद्यम व्यवसायलाई शतप्रतिशत आयकर छुट हुनेछ ।

(ख) संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २७ बमोजिम महिला उद्यमीको मात्र स्वामित्व रहने गरी फर्म दर्ता गर्दा लघु उद्यम दर्ता गर्दा लाग्ने दस्तुर वा शुल्कमा पैंतीस प्रतिशत छुट हुनेछ ।

(ग) संघीय आर्थिक ऐन, २०७५ मा उल्लेख भएबमोजिम सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई सञ्चालन भएका कृषि वा वन पैदावारमा आधारित उद्यम व्यवसाय गर्ने सहकारी संस्था वा संघको मूनाफामा आयमा कर लाग्ने छैन यसैगरी सहकारी उद्यम व्यवसायले वितरण गरेको लाभांशमा समेत आयकर लाग्ने छैन ।

(घ) प्रचलित अन्य कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय सहकारी ऐन, २०७४ को दफा ७८ अन्तर्गत सहकारी उद्यम व्यवसायलाई निम्नबमोजिमका कर छुट र सुविधा सहुलियत उपलब्ध गराइएका छन् :

(१) व्यवसाय गर्ने कुनै पनि सहकारी संस्थाले अचल सम्पत्तिबाहेक कारोबारसम्बन्धी कुनै लिखत रजिस्ट्रेसन गर्नु गराउनुपर्ने छैन ।

(२) व्यवसाय गर्नेलगायत कुनै पनि सहकारी संस्थाले आफ्नो कार्यालय तथा सेवा केन्द्रको भवन निर्माणका लागि जग्गाजमिनलगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर वा रजिस्ट्रेसन दस्तुर लाग्ने छैन ।

(३) व्यवसाय गर्नेलगायत कुनै पनि सहकारी संस्थाले ऋण लगानी गर्दा वा जमानत वापत राखेको जग्गा दृष्टिबन्धक पारित गर्दा कुनै पनि शुल्क लाग्ने छैन ।

(४) व्यवसाय गर्ने सहकारी संस्थाले सहकारी ऐनद्वारा तोकिएबमोजिम जगेडा कोषमा छुट्याइएको रकम, संरक्षित पुँजी कोष फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा जम्मा गरेको रकममा आयकर लाग्ने छैन ।

(५) व्यवसाय गर्ने सहकारी संस्थालाई त्यस्तो व्यवसाय वा सेवाले पाएसरहको छुट, सुविधा र संरक्षणसमेत प्राप्त हुनेछ ।

**द्रष्टव्यः** प्रचलित अन्य कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी ऐनमा उल्लेख गरिएका छुट तथा सहुलियत सोहीबमोजिम उपलब्ध हुनुपर्ने भनी किटानी उल्लेख गरिएको देखिन्छ। तरः संघीय आर्थिक ऐनले नसमेटेका सहकारी कानूनमा उल्लेख गरिएका छुट तथा सहुलियत प्राप्त गर्नमा भने कठिनाइ पर्न सक्नेछ। साथै सहकारी कानूनमा उल्लेख गरिएका छुट तथा सहुलियत उपलब्ध गराउन गाउँपालिकाको सिफारिस माग भएमा वस्तुस्थिति बुझी गाउँपालिकाले सिफारिस गर्न सक्नेछ।

(ङ) प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १९ (१) बमोजिम लघु उद्यम दर्ता गर्दा कुनै दस्तुर वा शुल्क लाग्ने छैन।

## ४.७ सहकारी व्यापार व्यवसाय सम्बद्ध गाउँपालिकाको छुट, सुविधा र सहुलियत

(१) संघीय सहकारी ऐन, २०७६ को दफा ५७ बमोजिमको छुट, सुविधा र सहुलियत व्यापार व्यवसाय गर्नेलगायत सबै सहकारी संस्थालाई प्राप्त हुनेछ।

(२) गाउँपालिकाद्वारा सहकारी विशेष छुट, सुविधा र सहुलियत प्रदान गरिने भएमा गाउँपालिकाको आर्थिक ऐन र सहकारी ऐनद्वारा तोकिएबमोजिम हुनेछ।

## ४.८ व्यापार उद्यमले विवरण पेस गर्नुपर्ने

(१) गाउँपालिकामा दर्ता भएका सबै व्यापार उद्यमले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफ्नो कारोबार तथा वित्तीय स्थितिसम्बन्धी आँकडाहरूसहितको वार्षिक अद्यावधिक विवरण अनिवार्य रूपमा उपलब्ध गराउनुपर्नेछ।

(२) प्रकरण (१) मा उल्लेख भएबमोजिम गाउँपालिकामा दर्ता भएका व्यापार उद्यमले उपलब्ध गराउनुपर्ने अद्यावधिक विवरण विद्युतीय माध्यमबाट पनि पेस गर्न सक्नेछन्।

(३) माथि प्रकरण (१) मा उल्लेख भएअनुसारको वार्षिक विवरण छ महिनाभित्र नबुझाउने व्यापार उद्यमलाई लिखित अनुरोध गरेमा गाउँपालिकाले एकपटकका लागि बढीमा एक महिनाको म्याद थप गर्न सक्नेछ।

(४) माथि प्रकरण (१) मा उल्लेख भएअनुसार म्याद थप माग नै नगरेको वा थप म्यादभित्र पनि वार्षिक विवरण पेस नगर्ने व्यापार उद्यमलाई कालो सूचीमा राखी यस्ता उद्योगले पाउने सूविधा तथा सहुलियत तथा सहजीकरण सेवा निषेधित गरिनेछ।

(५) संघ र प्रदेशमा दर्ता भएका व्यापार उद्यमहरूले संघ र प्रदेशलाई पेस गर्ने वार्षिक विवरणको प्रति गाउँपालिकालाई पनि पेस गर्नुपर्नेछ।

## ४.९ व्यापार उद्यमको अभिलेख व्यवस्थापन

(१) गाउँपालिकामा दर्ता भएका सबै व्यापार उद्यमको दर्ता, नवीकरण (प्राइभेट फर्म वा साझेदारी फर्म भएमा), नामसारी, नाम परिवर्तन, स्थानान्तरण, क्षमता वृद्धि, पुँजी वृद्धि, उद्देश्य थप वा परिवर्तनलगायतका विवरणहरू अद्यावधिक रूपमा

देखिने गरी गाउँपालिकाले अभिलेख राख्नुपर्नेछ । यस प्रयोजनका लागि अनुसूची–१६ प्रयोग गर्नुपर्नेछ ।

(२) नगरपालिकामा दर्ता भएका सबै व्यापार उद्यमहरूको अभिलेख विद्युतीय रूपमा राख्न सकिनेछ ।

(३) संघ र प्रदेश स्तरका निकायहरूमा दर्ता भएका सबै व्यापार उद्यमहरूको सम्बन्धमा पनि दर्ता गर्ने सम्बद्ध निकाय वा उद्योगबाट उपलब्ध विवरणको आधारमा गाउँपालिकाले पूरक अभिलेख राख्न सक्नेछ ।

(४) गाउँपालिकामा राखिने व्यापार उद्यमहरूको अभिलेख वा कागजात सम्बन्धित अधिकृत व्यक्तिबाहेक अन्य कसैलाई उपलब्ध गराउनु हुँदैन ।

तर सरकारी काम वा अदालती प्रयोजनका लागि गाउँपालिकामा राखिने उद्योगहरूको अभिलेखसम्बन्धी विवरण लिखित रूपमा माग भएको अवस्थामा उपलब्ध गराउन बाधा पर्ने छैन ।

## ४.१० व्यापार उद्यमको अनुगमन तथा निरीक्षण गर्ने

(क) गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका व्यापार उद्यमको वस्तुस्थिति र तोकिएका सर्तहरूको पालना भए नभएको बारे बुझ्न गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा उद्यम व्यवसायसम्बन्धी अधिकृत आफैंले वा तोकिएको अधिकारीलाई अनुगमन तथा निरीक्षणमा खटाउन सक्नेछन् ।

(ख) प्रकरण (क) मा उल्लेख भएबमोजिम खटाइएको व्यक्तिले आफ्नो अनुगमन तथा निरीक्षण प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत वा उद्यम व्यवसायसम्बन्धी अधिकृतलाई पेस गर्नुपर्दछ ।

(ग) प्रकरण (ख) मा उल्लेख भएबमोजिम पेस भएको व्यापार उद्यमको अनुगमन तथा निरीक्षण प्रतिवेदनको आधारमा गाउँपालिकाद्वारा थप कुनै कारबाही गर्नुपर्ने देखिएमा प्रचलित कानून र कार्यविधिको परिधिभित्र रहेर गर्नुपर्दछ ।

(घ) व्यापार उद्यमको अनुगमन तथा निरीक्षणको दौरानमा व्यापार उद्यम सञ्चालनलाई सघाउ पुऱ्याउन गाउँपालिकाको तर्फबाट कुनै सहजीकरणको आवश्यक देखिएमा यथोचित पहल गरिदिनुपर्दछ ।

(ङ) संघ र प्रदेशमा दर्ता भई गाउँपालिकाभित्र स्थापना भएका व्यापार उद्यमको अनुगमन तथा निरीक्षणका लागि कार्य विवरणसहित संघ र प्रदेशको सम्बद्ध निकायबाट लेखी आएमा गाउँपालिकाले निरीक्षक खटाई प्रतिवेदन गर्न सक्नेछ ।

# परिच्छेद- ५
# स्थानीय तहमा उद्यम व्यवसाय दर्ता, नवीकरण, खारेजी तथा नियमनसम्बन्धी कार्यविधिहरूमा स्पष्टता

स्थानीय तहमा घरेलु तथा साना उद्योग र व्यापार व्यवसायको दर्ता, नवीकरण, खारेजी तथा नियमनसम्बन्धी कार्यविधिहरूको सम्बन्धमा संघीय, प्रदेश र स्थानीय कानून तथा कार्यविधिहरूमा विद्यमान केही द्विविधालाई स्पष्ट गर्न निम्नबमोजिमका बुँदाहरू प्रस्तुत गरिएका छन् :

## ५.१ उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमनसम्बन्धी प्रावधानहरू

(क) संघीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(५) को (घ) बमोजिम लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमनसम्बन्धी अधिकार स्थानीय तहलाई भएकोले गाउँपालिकाको ईलाकाभित्र कार्यक्षेत्र भएका उक्त उद्योगहरूको दर्तालगायतका कार्यहरू गाउँपालिकाबाट नै हुन सक्नेछ ।

(ख) संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४(२) मा अनुमति लिनुपर्ने बाहेकका उद्योगहरूको दर्ता नवीकरणलगायतका कार्यहरू प्रदेश सरकारबाट हुने भनी उल्लेख भएको छ ।

(ग) गण्डकी प्रदेशको औद्योगिक व्यवसाय ऐन, २०७५ मा निम्नबमोजिमका प्रावधानहरू उल्लेख गरिएका छन् :

(१) दफा ३(४) मा प्रदेश सरकारले संघ वा स्थानीय तहमा विधिवत् दर्ता भएका उद्योगहरूलाई दोहोरो दर्ता गर्नुपर्ने छैन ।

(२) दफा ५(४) मा उद्योग स्थापना गर्दा सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा गर्नुपर्नेछ ।

(३) दफा ३५ (१) मा स्थानीय तहको मातहतमा रहने औद्योगिक ग्राम भित्र स्थापना हुने उद्योगको दर्ता, नवीकरण तथा नियमनसम्बन्धी अधिकार सम्बन्धित स्थानीय तहलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(४) दफा ३५ (२) मा प्रदेश सरकारले स्थानीय तहका उद्योगसँग सम्बन्धित कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## ५.२ उद्यम व्यवसाय दर्ता, नियमनलगायतका कार्यहरूमा सहजीकरणका लागि प्रस्तावित सुझावहरू

(क) संघीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२० बमोजिम प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरामा यसै ऐनबमोजिम हुने भनी किटानसाथ उल्लेख भएबाट माथि संघीय तथा प्रदेश औद्योगिक व्यवसाय ऐनमा जे जस्तो उल्लेख भए तापनि गाउँपालिकाको

इलाकाभित्र सीमित रहने गरी लघु, घरेलु र साना उद्योग व्यवसायको दर्ता, नवीकरणलगायतका कार्यहरू गाउँपालिकाले नै गर्न सक्ने देखिन्छ ।

(ख) यसमा स्पष्टताका लागि गाउँपालिकाले लघु, घरेलु र साना उद्योगको दर्ता प्रमाणपत्र जारी गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(५) को (घ) बमोजिम भनी किटानीसाथ उल्लेख गरिँदा प्रस्ट हुनेछ ।

(ग) विद्यमान द्विविधा अन्त्य गर्नका लागि उद्योग वाणिज्य संघ, गोरखाले सम्बद्ध संघीय तथा प्रदेश निकायसँग पहल गर्नुपर्ने देखिन्छ ।

## ५.३ सहकारी संस्थाको स्वामित्व रहने गरी उद्योग व्यवसाय दर्ता सम्बन्धमा

(क) संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १७(५) मा उल्लेख भएबमोजिम प्रचलित कानूनबमोजिम दर्ता भएका सहकारी संस्थाले सो संस्थाको स्वामित्व रहने गरी उद्योग दर्ता गर्न सक्ने भनी उल्लेख गरिएको छ ।

(ख) सहकारी संस्थाको स्वामित्वमा उद्योग व्यवसाय सञ्चालन गर्न उद्योग व्यवसाय सम्बद्ध कानूनहरूको पालना हुने गरी उद्योग व्यवसायको हैसियत प्राप्त गर्न एवं अभिलेखीकरणका लागि सहकारी उद्योग व्यवसायको रूपमा थप दर्ता, नवीकरण लगायतका कार्यहरू आवश्यक पर्ने देखिन्छ ।

## ५.४ व्यापार व्यवसायको दर्ता, नवीकरण, खारेजी र नियमनसम्बन्धी प्रावधानहरू

(क) संघीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ञ) को ६ बमोजिम स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, नवीकरण, खारेजी र नियमनसम्बन्धी अधिकार स्थानीय तहलाई भएकोले गाउँपालिकाको इलाकाभित्र कार्यक्षेत्र भएका व्यापार व्यवसायको दर्तालगायतका कार्यहरू गाउँपालिकाबाट नै हुन सक्नेछ ।

(ख) यसमा स्पष्टताका लागि स्थानीय तहले व्यापार व्यवसायको दर्ता प्रमाणपत्र जारी गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ञ) को ६ बमोजिम भनी किटानीसाथ उल्लेख गरिँदा प्रस्ट हुनेछ ।

## ५.५ व्यापार व्यवसाय दर्ता, नियमन लगायतका कार्यहरूमा सहजीकरणका लागि प्रस्तावित सुझावहरू

(क) संघीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२० बमोजिम प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरामा यसै ऐनबमोजिम हुने भनी किटानसाथ उल्लेख भएबाट संघीय तथा प्रदेश औद्योगिक व्यवसाय ऐनमा जे जस्तो उल्लेख भए तापनि गाउँपालिकाको इलाकाभित्र सीमित रहने गरी व्यापार व्यवसायको दर्ता, नवीकरणलगायतका कार्यहरू गाउँपालिकाले नै गर्न सक्ने देखिन्छ ।

(ख) स्थानीय तहले लघु, घरेलु र साना उद्योगको दर्ता प्रमाणपत्र जारी गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ञ) को ६ बमोजिम भनी किटानी साथ उल्लेख गरिँदा प्रस्ट हुनेछ ।

(ग) यसमा स्पष्टताका लागि उद्योग वाणिज्य संघ, गोरखाले सम्बद्ध संघीय तथा प्रदेश निकायसँग पहल गर्नुपर्नेछ ।

## ५.६ उद्योग व्यवसाय दर्तालगायतका कार्यहरूका लागि अधिकार प्रत्यायोजन सम्बन्धमा

(क) संघीय तथा प्रदेश कानूनमा व्यवस्था भएबमोजिम संघीय तथा प्रदेश सरकारका अधिकारहरू सघ वा प्रदेश सरकारको सम्बद्ध निकायबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(५) को घ र दफा ११(ञ) को ६ बमोजिम गर्ने गरी स्थानीय तहलाई सम्बद्ध संघीय तथा प्रदेश निकायहरूबाट अख्तियारी प्रदान गरिनुपर्दछ ।

(ख) माथि (क) मा उल्लेख भएबमोजिम अख्तियारी प्रदान गर्ने प्रयोजनका लागि संघ तथा प्रदेशका प्रत्येक्ष सम्बद्ध निकायहरू निम्नबमोजिम छन् :

### ५.६.१ संघीय संरचना

(१) उद्योग मन्त्रालय

(२) वाणिज्य तथा आपूर्ति मन्त्रालय

(३) उद्योग विभाग

(४) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

(५) कम्पनी रजिस्ट्रारको कार्यालय

(६) सहकारी विभाग

### ५.६.२ प्रदेश संरचना

(१) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

(२) जिल्लास्तरीय घरेलु तथा साना उद्योग कार्यालयहरू

## अनुसूची- १
## उद्यम व्यवसाय दर्ताका लागि दिने निवेदनको ढाँचा

मिति :

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
………………… पालिका

महोदय,

गण्डकी प्रदेश, गोरखा जिल्ला, सिरानचोक गाउँपालिका वडा नं. …. मा ………………………………………… नामको उद्यम व्यवसाय स्थापना गर्ने चाहना भएको हुँदा देहायबमोजिमको विवरण र कागजातसहित उद्योग दर्ताका लागि तोकिएबमोजिमको दस्तुर बुभाएको बैंक भौचरसहित निवेदन गरेको छु/गरेका छौं । निवेदनमा उल्लेख भएको व्यहोरा साँचो छ । झूटा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

निवेदको पूरा नाम थर :
नागरिकताको प्रमाणपत्र नम्बर ………………. जारी मिति …………. जिल्ला …………
उद्यम व्यवसायको किसिम :
उद्यम व्यवसाय रहने ठेगाना : …………….. प्रदेश …………….. जिल्ला ……………..
गाउँपालिका/गाउँपालिका वडा नं. ………. बस्ती/टोल/मार्ग ……………….

**निवेदकको नाम :**
**विस्तृत ठेगाना :**
**सम्पर्क नम्बर :**
**टेलिफोन नम्बर :**
**मोबाइल नम्बर :**
**इमेल :**
**वेबसाइट :**

### संलग्न गर्नुपर्ने कागजात

१. निवेदकको नागरिकताको प्रमाणपत्र ।
२. अनुसूची- १(क), १(ख) र १(ग) बमोजिमको परियोजना प्रस्ताव ।
३. प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि (कम्पनीको हकमा मात्र) ।
४. साझेदारी कबुलियतनामा (साझेदारी फर्म भए) ।
५. अन्य निकायको सहमति (जस्तै- पर्यटन, स्वास्थ्य, औषधि, सञ्चार, वन, श्रम आदिसँग सम्बन्धित उद्योग भएमा) ।
६. वडाको सिफारिस ।
७. वातावरण मूल्यांकन र संघ/प्रदेशको पूर्वअनुमति आवश्यक पर्ने भएमा तत्सम्बन्धी कागजातहरू ।
८. अन्य आवश्यक कागजात ।

**द्रष्टव्य :** एक जनाभन्दा बढी निवेदक भए अन्य निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र निजहरूले उद्योग दर्ताका लागि निवेदकलाई दिएको अख्तियारीसमेत संलग्न राख्नुपर्ने ।

## अनुसूची- १(क)

## साना/मझौला/ठूला उद्योग व्यवसायका लागि परियोजना विवरण

१. उद्योग व्यवसायको नाम :

२. उद्योग व्यवसाय रहने स्थल : ..................... प्रदेश ....................... जिल्ला ..................... गाउँपालिका/गाउँपालिका वडा नम्बर : .....................

३. पत्राचार ठेगाना र फोन नं., इमेल ....................... सम्पर्क व्यक्तिको नाम :

४. उद्योगको हकमा विशेष आर्थिक क्षेत्र/औद्योगिक ग्राममा रहनेको नाम : ................

५. उद्योग व्यवसायको स्तर : लघु, घरेलु, साना/मझौला/ठूला

६. उद्यम व्यवसायको कानुनी रूप : निजी फर्म/साझेदारी फर्म/प्रा.लि. कम्पनी/पब्लिक लिमिटेड कम्पनी

७. उद्योगको विषयगत प्रकृतिका आधारमा वर्गीकरण : ऊर्जामूलक उद्योग उत्पादनमूलक उद्योग/कृषि तथा वन पैदावरमा आधारित उद्योग/खनिज उद्योग/निर्माण उद्योग/सेवामूलक उद्योग/पर्यटन उद्योग/सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग ।

८. उद्योगको हकमा निम्नबमोजिमको विवरण :

(क) उत्पादन हुने वस्तु वा सेवाको विवरण :

| सि. नं. | वस्तु वा सेवाको विवरण | उत्पादन क्षमता (परिमाणमा) | इकाइ | बिक्री मूल्य दर (रु. ...) | कुल बिक्री मूल्य (रु. ...) |
|---|---|---|---|---|---|

(ख) परियोजना लागत वा लगानीको स्रोत :

(ग) स्थिर पुँजी विवरण :

(घ) चालु पुँजीको विवरण :

(ङ) मेसिनको विवरण :

(च) उद्योगले प्रयोग गर्ने आवश्यक कच्चा पदार्थको विवरण :

(छ) जनशक्ति विवरण :

(ज) उद्योग सञ्चालनबाट प्रभावित हुन सक्ने वातावरणीय पक्षहरू :

(झ) मासिक तथा वार्षिक कारोबार हुन सक्ने प्रक्षेपित रकम रु.:

## अनुसूची- १(ख)
## लघु उद्यम तथा घरेलु उद्योगसम्बन्धी विवरण

१. उद्योगको नाम : ........................................

२. उद्योगको किसिम : लघु/घरेलु

३. उद्योग रहने स्थल : ............ प्रदेश .............. जिल्ला ................. गाउँपालिका/गाउँपालिका वडा नं. ...... बस्ती/टोल/मार्ग....

४. उद्योगको कानुनी रूप : निजी फर्म/साझेदारी फर्म/प्रा.लि. कम्पनी/पब्लिक लिमिटेड कम्पनी

६. उद्योगको विषयगत वर्गीकरण : ऊर्जामूलक उद्योग उत्पादनमूलक उद्योग/कृषि तथा वन पैदावरमा आधारित उद्योग/खनिज उद्योग/निर्माण उद्योग/सेवामूलक उद्योग/पर्यटन उद्योग/सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग

७. उत्पादन हुने वस्तु/सेवा :

८. वार्षिक उत्पादन क्षमता :

९. अनुमानित लगानी (क) स्थिर पुँजी (रु.) (ख) चालु पुँजी (रु.)

१०. उद्योग सञ्चालनका लागि आवश्यक पर्ने विद्युत् शक्तिको जडित क्षमता :

११. उद्योग सञ्चालनका लागि आवश्यक जनशक्ति :

## अनुसूची- १(ग)
## व्यापार व्यवसायसम्बन्धी विवरण

१. व्यापार व्यवसायको प्रस्तावित नाम : ........................................

२. व्यापार व्यवसायको किसिम : लघु/साना/मझौला/ठूला

३. व्यापार व्यवसाय रहने स्थल : ............... प्रदेश ................ जिल्ला ................... गाउँपालिका/गाउँपालिका वडा नं. ...... बस्ती/टोल/मार्ग....

४. व्यापार व्यवसायको कानुनी रूप : निजी फर्म/साझेदारी फर्म/प्रा.लि. कम्पनी/पब्लिक लिमिटेड कम्पनी

५. व्यापार व्यवसायको विषयगत वर्गीकरण :

७. व्यापार व्यवसायको वस्तु/सेवाहरू :

८. व्यापार व्यवसायको वार्षिक करोबार क्षमता :

९. अनुमानित लगानी (क) स्थिर पुँजी (रु.) (ख) चालु पुँजी (रु.)

१०. व्यापार व्यवसाय सञ्चालनका लागि आवश्यक जनशक्ति :

## अनुसूची- २
## उद्यम व्यवसाय दर्ता प्रमाणपत्रको ढाँचा

**............... पालिका**
**गोरखा जिल्ला, गण्डकी प्रदेश**

दर्ता प्रमाणपत्र .नं

**प्रमाणपत्र**

निम्न लेखिएको विवरण भएको.................... उद्यम व्यवसायलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा........ ले दिएको अधिकार प्रयोग गरी २०..... साल ...... गते ..... रोज ..... मा यो प्रमाणपत्र दिइएको छ।

**विवरण**
उद्यम व्यवसायको प्रोप्राइटर/साझेदार/संस्थापक सेयरवालाको नाम र ठेगाना :
उद्यम व्यवसायको किसिम :
उद्यम व्यवसायको कानुनी स्वरूप :
कुल पुँजी लगानी : रु.
उद्देश्य :
मिति :

**प्रमुख प्रशासकीय अधिकृत**

**अनुसूची- २(क)**

**नवीकरणसम्बन्धी विवरण**

मिति : २०...... देखि २० ...... सम्म

| नवीकरण गर्ने कार्यालय | नवीकरण दस्तुर भौ.नं. र मिति | नवीकरण बहाल रहने मिति | दस्तखत, मिति र कार्यालयको छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची- ३
## उद्यम व्यवसाय नवीकरण गर्नको निमित्त दिने दरखास्तको ढाँचा

मितिः ....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
सिरानचोक गाउँपालिका

महोदय,

यस संस्थाले ...................................................... उद्यम व्यवसाय चलाउन त्यस गाउँपालिकाबाट दर्ता नं. .............. को प्रमाणपत्र प्राप्त गरी सञ्चालनमा रहेकाले नवीकरणका निमित्त तोकिएबमोजिमको दस्तुर बुभाएको भौचरसहित दरखास्त पेस गरेका छौं । सो प्रमाणपत्र नवीकरण गरिदिन अनुरोध गर्दछौं ।

निवेदक

**अनुसूची- ४**

**उद्यम व्यवसायको नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण गर्नको निमित्त दिने दरखास्तको ढाँचा**

मितिः ...................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
सिरानचोक गाउँपालिका

महोदय,

यस उद्यम व्यवसायको निम्नबमोजिम नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण आवश्यक भएकाले सोको स्वीकृतिको निमित्त तोकिएबमोजिमको दस्तुर बुझाएको भौचरसहित दरखास्त पेस गरेका छौं । सोबमोजिम नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरणको स्वीकृति प्रदान गरिदिन अनुरोध गर्दछौं ।

उद्यम व्यवसायको :
नाम :
उद्देश्य :
पुँजी परिवर्तन :
स्थानान्तरणसम्बन्धी विवरण :

निवेदक

**अनुसूची- ५**

**<u>उद्यम व्यवसायको नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरण स्वीकृतिको ढाँचा</u>**

श्री..................

.......................

त्यस उद्यम व्यवसायको निवेदनबमोजिम नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरणका लागि निम्नअनुसार गर्ने गरी स्वीकृति प्रदान गरिएको छ ।

(क) उद्यम व्यवसायको साविकको नाम, उद्देश्य, पुँजी, स्थानान्तरणसम्बन्धी विवरण :

(ख) स्वीकृति प्रदान गरिएको उद्यम व्यवसायको निम्नबमोजिम नाम, उद्देश्य, पुँजी परिवर्तन, स्थानान्तरणसम्बन्धी विवरण :

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची- ६

## उद्यम व्यवसायको अभिलेख ढाँचा

| क्र. सं. | उद्यम व्यवसायको नाम | उद्यम व्यवसायको ठेगाना | दर्ता नं. | दर्ता मिति | उद्यम व्यवसायको कानुनी स्वरूप | उद्यम व्यवसायको विषयगत किसिम | उद्यम व्यवसायमा स्वामित्व मुख्य व्यक्तिको नाम | कुल पुँजी (रु. हजारमा) | नवीकरण मिति | उद्यम व्यवसायलाई कुनै सुविधा सहुलियतका लागि सिफारिस गरिएको भए सोको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## अनुसूची- ७
## घरेलु उद्योग

१. हात वा खुट्टाले चलाउने र अर्धस्वचालित तान (ह्यान्ड लुम, पेडल लुम, सेमी–अटोमेटिक लुम), कपडा बेर्ने (र्‍यापिङ), परम्परागत प्रविधिबाट गरिने रंगाइ, छपाइ, सिलाइ (तयारी पोसाकबाहेक) र बुनाइ,
२. ऊन र रेशममा आधारित हाते बुनाइका राडी, पाखी, गलैंचा, पस्मिना, पोसाक, हाते कागज र सोमा आधारित वस्तु,
३. परम्परागत कलामा आधारित वस्तु,
४. परम्परागत मूर्तिकला,
५. तामा, पित्तल, ढलौट, काँस र जर्मन सिल्भरजस्ता धातुबाट हस्तनिर्मित भाँडावर्तन तथा हस्तकलाका सामान,
६. फलामबाट बनेका हस्तनिर्मित भाँडावर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालोजस्ता परम्परागत औजारहरू,
७. सुन वा चाँदीबाट हस्तनिर्मित गरगहना, वस्तु, भाँडावर्तनहरू (बहुमूल्य, अर्धबहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत),
८. स्वदेशमा उपलब्ध किमति, अर्धकिमति तथा साधारण पत्थर कटाइ उद्योग, ग्रामीण ट्यानिङ/छालाबाट हस्तनिर्मित वस्तुहरू,
९. जुट, सवाई घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग,
१०. पत्थरकला (ढुंगा कुँदेर बनाइएका सामानहरू),
११. पौभा, थांका चित्र र अन्य परम्परागत चित्रकला,
१२. मुकुन्डो (मास्क) तथा परम्परागत संस्कृति दर्शउने पुतली र खेलौना,
१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्साउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,
१४. काठ, हाड तथा सिङ, माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरू, सेरामिक्स तथा माटाका भाँडाकुँडा,
१५. हातले छाप्ने इँटा उद्योग ।

## अनुसूची- ८
## ऊर्जामूलक उद्योग

१. जलस्रोत, वायु, सौर्य शक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्यास, बायोमास वा अन्य स्रोतहरूबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो ऊर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन/उपकरण निर्माण गर्ने उद्योग,

२. विद्युत् प्रसारण लाइन,

३. विद्युत् वितरण प्रणाली,

४. बायो ग्यासमा आधारित ऊर्जा,

५. चिनी उद्योगको सहउत्पादनका रूपमा उत्पादन हुने विद्युतीय ऊर्जा,

६. ऊर्जाको सम्भाव्यता अध्ययन गर्ने ।

## अनुसूची- ९
## कृषि तथा वन पैदावारमा आधारित उद्योग

१. फलफूल खेती वा फलफूल प्रशोधन,
२. खाद्यवस्तुको उत्पादन र प्रशोधन तथा भण्डारण,
३. पशुपालन, पक्षीपालन (अस्ट्रिचसमेत), पशुपक्षी प्रजनन, चल्ला काड्ने व्यवसाय र मासु उत्पादन तथा प्रशोधन,
४. दूध उत्पादन तथा दुग्ध पदार्थ प्रशोधन उद्योग (दूधजन्य परिकार उत्पादनसमेत),
५. मत्स्यपालन, माछा भुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ,
६. कृषि उपज प्रमुख कच्चा पदार्थ हुने पशुपक्षीको दाना उत्पादन उद्योग,
७. रेशम खेती तथा रेशम प्रशोधन,
८. चिया बगान, चिया प्रशोधन,
९. कफी खेती, कफी प्रशोधन,
१०. जडीबुटी खेती, जडीबुटी प्रशोधन,
११. तरकारी बीउबिजन उत्पादन,
१२. तरकारी खेती, तरकारी प्रशोधन,
१३. हरित गृह (ग्रिन हाउस) स्थापना र सञ्चालन,
१४. मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),
१५. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउबिजन उत्पादनसमेत),
१६. नर्सरी व्यवसाय, वनस्पति उद्यान स्थापना, संरक्षण तथा व्यवस्थापन, वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चरसमेत),
१७. रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन,
१८. शीत भण्डार, कृषि बजार सञ्चालन तथा व्यवस्थापन,
१९. सामुदायिक, कबुलियती, साझेदारी, निजी वन तथा कृषि वनको स्थापना र व्यवस्थापन, अन्य गैरकाष्ठजन्य वन पैदावार,
२०. नगदे बालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः उखु, कपास, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन, मसला बाली, दलहन आदि तथा तिनको बीउ उत्पादन),
२१. बेत, बाँस खेती, बेत बाँस तथा अन्य प्राकृतिक रेशाजन्य उत्पादनहरू,
२२. बीउबिजन प्रशोधन,
२३. स:मिल, फर्निचरलगायतका काष्ठ उद्योग,
२४. पार्केटिङ, सिजनिङ, ट्रिटमेन्ट प्लान्ट, प्लाइउड, कम्पोजिट, बोर्डजस्ता काष्ठजन्य उद्योग,
२५. कागज, रेजिनलगायत अन्य गैरकाष्ठजन्य वन पैदावरमा आधारित उद्योग,
२६. च्याउ, नयाँ प्रविधिद्वारा बिरुवा उत्पादन गर्ने उद्योग (टिस्युकल्चर), एग्रोफरेस्ट,
२७. कपास खेती, कपास र कपासको बीउ उत्पादन तथा प्रशोधन गर्ने ।

## अनुसूची- १०
## पूर्वाधार उद्योग

१. सडक, पुल, सुरुङ,
२. रोपवे, रेलवे, ट्राम, ट्रलिबस, मोनोरेल र स्लाइडिङकार,
३. हवाई धावन मार्ग/विमानस्थल,
४. औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स,
५. सभा सम्मेलन केन्द्र,
६. खानेपानी आपूर्ति तथा वितरण,
७. सिँचाइ पूर्वाधार,
८. खेलकुद गृह, रङ्गशाला,
९. सवारी पार्किङ स्थल, पार्किङ गृह,
१०. निर्यात प्रशोधन क्षेत्र,
११. विशेष आर्थिक क्षेत्र,
१२. कार्गो कम्प्लेक्स,
१३. प्रदूषित पानी प्रशोधन उद्योग (वेस्ट वटर ट्रिटमेन्ट प्लान्ट),
१४. टेलिफोन टावर, अप्टिकल फाइबर नेटवर्क, भू-उपग्रह, भू-उपग्रह प्रसारण केन्द्र,
१५. घर तथा आवास भवन,
१६. फिल्म सिटी निर्माण, फिल्म स्टुडियो निर्माण,
१७. व्यापारिक कम्प्लेक्स,
१८. निजी वेयर हाउस,
१९. इन्धन तथा ग्यास आपूर्तिको पाइप लाइन जडानको पूर्वाधारको निर्माण, व्यवस्था तथा सञ्चालन,
२०. ऊर्जा घर तथा ऊर्जा प्रसारण लाइनको पूर्वाधार निर्माण व्यवस्था तथा सञ्चालन ।

## अनुसूची- ११
## पर्यटन उद्योग

१. पर्यटक आवास, मोटेल, होटेल, रिजोर्ट, बार तथा रेस्टुराँ,

२. ट्राभल एजेन्सी, टुर अप्रेटर, हिलिङ सेन्टर, क्यासिनो, मसाज, स्पा,

३. साहसिक पर्यटनः ट्रेकिङ, स्किइङ, पाराग्लाइडिङ, बाटर र्‍याफ्टिङ, हट एयर ब्यालुनिङ, क्यानोनिङ, प्यारासेलिङ, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ, हिमाल आरोहण, जिपफ्लायर, अल्ट्रालाइट, स्काइवाकिङ, स्काइडाइभिङ र यस्तै प्रकारका अन्य साहसिक खेल,

४. केबुलकारको निर्माण गरी सञ्चालन गर्ने उद्योग,

५. गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ, पदयात्रा, साइक्लिङ,

६. ग्रामीण पर्यटन, होम स्टे तथा पर्यावरणीय पर्यटन, कृषि पर्यटन,

७. सांस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकुद पर्यटन,

८. मनोरञ्जन पार्क, बाटर पार्क,

९. वन्यजन्तु आरक्ष,

१०. संग्रहालय ।

## अनुसूची- १२
## सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग

### खण्ड (क)

**सूचना प्रविधि उद्योग**

(१) टेक्नोलोजी पार्क,
(२) आई.टी. पार्क,
(३) बायोटेक पार्क,
(४) सफ्टवेयर विकास,
(५) कम्प्युटर तथा सोसँग सम्बन्धित सेवाहरू,
(६) तथ्याङ्क प्रशोधन,
(७) साइबर क्याफे,
(८) डिजिटल म्यापिङ,
(९) बिजिनेस प्रोसेस आउटसोर्सिङ (बी.पी.ओ.), नलेज प्रोसेस आउटसोर्सिङ (के.पी.ओ.)
(१०) डाटा सेन्टर, डाटा माइनिङ, क्लाउड कम्प्युटिङ,
(११) डिजिटल सिग्नेचर सर्टिफाइङ एजेन्सी,
(१२) वेब पोर्टल, वेब डिजाइन सेवा, वेब होस्टिङ, अनलाइन वर्गीकृत विज्ञापन सेवा ।

### खण्ड (ख)

**सञ्चार प्रविधिमा आधारित उद्योग**

(१) इन्टरनेट सर्भिस प्रोभाइडर (आई.एस.पी.),
(२) टेलिफोन, मोबाइल फोन, मोबाइल स्याटलाइट फोन अपरेटर सेवा,
(३) टेलिपोर्ट सेवा,
(४) भू-उपग्रह (स्याटलाइट) स्थापना एवं सञ्चालन, भू-उपग्रह प्रसारण केन्द्र स्थापना, भिस्याट सेवा,
(५) ब्रोडब्यान्ड पूर्वाधार, टेलिकम टावर, अप्टिकल नेटवर्क, स्याटलाइट नेटवर्क,
(६) सामाजिक सञ्जाल, अनलाइन म्यासेज, भिडियो कल, कन्फरेन्स ।

### खण्ड (ग)

**प्रसारण प्रविधिमा आधारित उद्योग**

(१) एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा,
(२) डिजिटल भू-सतही टेलिभिजन, स्याटलाइट टेलिभिजन, केबुल टेलिभिजन,
(३) आई.पी. टेलिभिजन, अनलाइन सेवा,
(४) डिजिटल केबुल टेलिभिजन, नेटवर्क, डाइरेक्ट-टु-होम (डी.टी.एच.) स्याटलाइट सेवा, एम.एम.डी.एस नेटवर्क, डिजिटल टेलिभिजन (डी.टी.टीभी) नेटवर्क,
(५) रेकर्डिङ स्टुडियो, प्रसारण स्टुडियो,
(६) छापा सञ्चार (प्रिन्ट मिडिया) उद्योग, श्रव्य-दृश्य (अडियो भिजुअल) सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,
(७) चलचित्र वा वृत्तचित्र उत्पादन ।

## अनुसूची- १३
## सेवामूलक उद्योग

१. यान्त्रिक कार्यशाला (वर्कसप),
२. छापाखाना तथा छपाइसम्बन्धी सेवा,
३. पेसागत अनुसन्धान तथा विकास, व्यवस्थापन, इन्जिनियरिङ तथा डिजाइन, कानुनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरू,
४. जिनिङ तथा बेलिङ व्यवसाय,
५. प्रदर्शनी सेवा,
६. सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,
७. निर्माण व्यवसाय,
८. सार्वजनिक यातायात व्यवसाय,
९. फोटोग्राफी,
१०. अस्पताल,
११. नर्सिङ होम, क्लिनिक, पोलिक्लिनिक, पुनःस्थापना गृह सञ्चालन, फिजियोथेरापी क्लिनिक, आयुर्वेद तथा अन्य वैकल्पिक अस्पताल,
१२. शारीरिक व्यायाम, योग-ध्यान तथा अभ्यास केन्द्र सञ्चालन,
१३. शिक्षण एवं प्रशिक्षण संस्था,
१४. पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा,
१५. प्रयोगशाला,
१६. हवाई यातायात सेवा,
१७. खेलकुद सेवा, स्वीमिङ पुल,
१८. शीत भण्डार सञ्चालन,
१९. हाउस वायरिङ इलेक्ट्रिकल फिटिङ र मर्मत,
२०. फोहोरमैला संकलन तथा सरसफाइ, फोहोरमैला पुनः प्रशोधन,
२१. घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,
२२. निर्माणसम्बन्धी भारी उपकरण (हेभी इक्विपमेन्ट) भाडा, मर्मत तथा सञ्चालन,
२३. पशु चिकित्सा सेवा,
२४. ब्याट्री रिचार्जिङ,
२५. स्वास्थ्य परीक्षण (एक्स-रे, सिटी स्क्यान, एम.आर.आई, अल्ट्रासाउन्डजस्ता सेवाहरू) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,
२६. निर्माण भइसकेका पूर्वाधारहरूको सञ्चालन गर्ने (जस्तैः सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, इन्धन तथा इन्धनजन्य ग्यास आपूर्तिसम्बन्धी पाइप लाइन, गोदामघर तथा भण्डारण, विमानस्थल, बसपार्क, रङ्गशाला, स्पोर्ट्स कम्प्लेक्स, रोपवे, सडक, सिँचाइ, विद्युत् प्रसारण, विद्युत् गृह, रेलवे सेवा, कार्गो कम्प्लेक्स, इनल्यान्ड क्लियरेन्स डिपो (आई.सी.डी.) जस्ता सेवा सञ्चालन गर्ने) व्यवसायहरू,
२७. खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ गर्ने कार्य,

२८. कपडा तथा धागो रंगाइ, साइजिङ र कपडा छपाइ (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनका लागि गरेकोमा बाहेक),
२९. ढुवानी तथा कार्गो व्यवसाय वा सेवा,
३०. भन्सार एजेन्ट सेवा,
३१. प्याकेजिङ, रिफिलिङ सेवा (एल.पी.जी. ग्यास रिफिलिङ र सवारी ग्यास रिफिलिङ गर्ने स्टेसनसमेत),
३२. कुरियर सेवा,
३३. ड्राइक्लिनिङ व्यवसाय,
३४. ब्युटी पार्लर,
३५. आन्तरिक सजावट (इन्टेरियर डेकोरेसन),
३६. सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,
३७. प्रकाशन सेवा,
३८. विज्ञापन सेवा,
३९. विज्ञापन सामग्री तयार गर्ने सेवा,
४०. आम सञ्चार सेवा,
४१. टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलिफिल्म उत्पादन तथा प्रसारण,
४२. माटो परीक्षण (स्वाइल टेस्टिङ) सेवा,
४३. पानी प्रशोधन, ढुवानी तथा वितरण सेवा,
४४. स्वास्थ्य (हेल्थ) क्लव,
४५. प्राणीशास्त्रसम्बन्धी (जुलोजिकल), भूशास्त्रसम्बन्धी (जियोलोजिकल), जीव प्रविधि (बायोटेक) सम्बन्धी बगैंचा (पार्क) सञ्चालन,
४६. व्यवसाय संवर्द्धन सेवा (बिजिनेस इन्क्युवेसन सर्भिस),
४७. व्यापारिक परिसर (ट्रेडिङ बिजिनेस कम्प्लेक्स) सञ्चालन,
४८. वैदेशिक रोजगार सेवा,
४९. सिनेमा हल (मल्टिप्लेक्ससमेत),
५०. थिएटर (मल्टिप्लेक्ससमेत),
५१. सिलाइ बुनाइ (बुटिकसमेत),
५२. विद्युत् सर्वेक्षण,
५३. खनिज अध्ययन तथा अनुसन्धान,
५४. अनुसन्धान तथा विकास सेवा,
५५. सरसफाइ सेवा,
५६. थोक तथा खुद्रा व्यवसाय सेवा,
५७. विद्युतीय व्यापार (ई-कमर्श), विद्युतीय माध्यम (अनलाइल वा सफ्टवेयर वा एप्स वा यस्तै अन्य प्रकारको माध्यम) को प्रयोग गरी सर्वसाधारणलाई सेवा उपलब्ध गराउने उद्योग व्यवसाय,
५८. मेसिनरी उपकरण भाडामा उपलब्ध गराउने (लिजिङ) सेवा,

५९. प्रशोधन वा प्रक्रिया नगण्य रूपमा हुने कट टु लेन्थ सिट, फोटो फिल्म स्लिटिङ, फोटो, पेपर स्लिटिङ, टिस्यु पेपर स्लिटिङ, बल बियरिङ एसेम्बली तथा वल्क रूपमा तयारी सामान आयात गरी रिप्याकिङ गर्ने जस्ता सेवा व्यवसायहरू,

६०. कपडा तथा यार्न डाइङ, यार्न साइजिङ र कपडामा प्रिन्टिङ गर्ने व्यवसाय (कपडा बुन्ने उद्योगले आफ्नै प्रयोजनका लागि गरेकोमा बाहेक),

६१. व्यावसायिक रूपमा गरिने पशु चिकित्सा सेवा,

६२. सर्भिस अपार्टमेन्ट,

६३. फुड कोर्ट, क्याटरिङ, घुम्ती खाद्य स्टल,

६४. उपकरण मर्मत तथा जडान, रेडी मिक्स कंक्रिट, निर्यात गृह, प्रविधि तथा आविष्कार केन्द्र, सुविधायुक्त कार्यालयस्थल प्रदान गर्ने सेवा

६५. बैंक तथा वित्तीय सेवा

**अनुसूची- १४**

**अनुमति लिनुपर्ने उद्योगहरू**

१. हातहतियार, गोलीगट्ठा, बारुद वा विस्फोटक पदार्थ उत्पादन गर्ने उद्योग,
२. सुरक्षात्मक छपाइ (सेक्युरिटी प्रिन्टिङ), मुद्रा तथा सिक्का उत्पादन गर्ने उद्योग,
३. चुरोट, बिँडी, खैनी, सिँगार तथा सुर्तीजन्य पदार्थ मुख्य कच्चा पदार्थ हुने वस्तु एवं विद्युतीय चुरोट उत्पादन गर्ने उद्योग,
४. माइक्रोब्रुअरी, बियर, मदिरा वा मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योग,
५. ढुंगा, गिट्टी, बालुवा उत्खनन, प्रशोधन गर्ने उद्योग,
६. रेडियो सञ्चारसम्बन्धी उपकरण उत्पादन गर्ने उद्योग,
७. बहुमूल्य खनिज तथा पेट्रोलियम पदार्थ उत्खननजस्ता उद्योग,
८. लिक्विफाइड पेट्रोलियम ग्यास (एल.पी.जी.) रिफिलिङ गर्ने उद्योग,
९. ड्रोन उत्पादन वा ड्रोनको माध्यमबाट सेवा प्रवाह गर्ने सबै प्रकारका उद्योग,
१०. प्रचलित कानुनबमोजिम अनुमति लिनुपर्ने अन्य उद्योग ।

## अनुसूची- १५
## राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग

१. घरेलु उद्योग,
२. ऊर्जामूलक उद्योग,
३. कृषि तथा वन पैदावारमा आधारित उद्योग,
४. पूर्वाधार उद्योग,
५. निर्यातमूलक उद्योग,
६. पूर्वाधारसहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यावरणीय पर्यटन, गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ, पदयात्रा पर्यटन, ऱ्याफ्टिङ, सभा सम्मेलन पर्यटन, खेलकुद पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन, वन्यजन्तु आरक्ष,
७. खानी तथा खनिजजन्य उद्योग, पेट्रोलियम तथा प्राकृतिक ग्यास तथा इन्धन अन्वेषण तथा उत्पादन,
८. स्वदेशी चुनढुंगा प्रयोग गरी क्लिंकर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, लेदो रेशा (पल्प) तथा कागज, चिनी, रासायनिक मल (मिश्रणबाहेक), प्रांगारिक मल, जुत्ता चप्पल, धागो उत्पादनसम्बन्धी, पशुपालन, माछा पालन, कुखुरा पालन र मौरी पालन सम्बन्धी, पुष्प खेती (फ्लोरिकल्चर), स्वदेशी कच्चा पदार्थमा आधारित रबरको प्रारम्भिक प्रशोधन र रबरजन्य वस्तुको उत्पादन, धूलो दूध, औषधि उत्पादन, फोहोरमैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन बचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदूषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपाङ्गहरूले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषियन्त्र उपकरण तथा औद्योगिक मेसिनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवारी साधनहरू उत्पादन गर्ने उद्योग, सर्पदंशको औषधि बनाउने उद्योग, आँखाको कृतिम लेन्स उत्पादन गर्ने उद्योग,
९. काठमाडौं उपत्यका, महागाउँपालिका क्षेत्र र तराई क्षेत्रका उपमहागाउँपालिका क्षेत्रबाहिर स्थापना हुने अस्पताल, नर्सिङ होम, पशु अस्पताल एवं चिकित्सालय, स्वास्थ्य परीक्षण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र शिक्षण एवं प्रशिक्षण संस्थाहरू,
१०. सूचना प्रविधि उद्योग,
११. निजी क्षेत्रबाट निर्माण र सञ्चालन हुने औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र उद्योग ग्राममा स्थापना भएका उद्योग,
१२. नेपाल सरकारले आवश्यक मापदण्ड बनाइ उच्च मूल्य र न्यून तौल/आयतन (हाइ प्राइस लो वेट/भोल्युम) भएको पहिचान गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका वस्तु उत्पादन गर्ने उद्योग,
१३. नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय एकीकृत व्यापार रणनीति (एन.टी.आई.एस.) ले निर्धारण गरेका वस्तु वा सेवाको उत्पादन गर्ने उद्योग,
१४. चलचित्र निर्माण ।

# अनुसूची- १६
## व्यापार व्यवसायको अभिलेख ढाँचा

| क्र. सं. | व्यापार व्यवसायको नाम | व्यापार व्यवसायको ठेगाना | दर्ता नं. | दर्ता मिति | व्यापार व्यवसायको कानुनी स्वरूप | व्यापार व्यवसायको विषयगत किसिम | व्यापार व्यवसायमा स्वामित्व मुख्य व्यक्तिको नाम | कुल पुँजी (रु. हजारमा) | नवीकरण मिति | व्यापार व्यवसायलाई कुनै सुविधा सहुलियतका लागि सिफारिस गरिएको भए सोको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |